पाणिनी गाउँपालिका, अर्घाखाँचीद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्ड ५) अर्घाखाँची, असार २४ गते, २०७८ (संख्या ७

भाग-२

पाणिनी गाउँपालिका, अर्घाखाँची

पाणिनी गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/०३/२३

प्रस्तावना:

पाणिनी गाउँपालिकाको सञ्चालन गरिने नवीकरणीय ऊर्जा कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन लगायत समग्र योजनाको चरणको व्यवस्थापनलाई, कुशल, प्रभावकारी,सहज, दक्षतापूर्ण,नियमित रसेवाग्राहीमैत्री तुल्याउन वाञ्छनीय भएकोले पालिकाको नवीकरणीय ऊर्जा नीति, २०७६ को नीति १६ ले दिएको अधिकारक्षेत्रभित्र रही पाणिनी गाउँपालिकाको

कार्यपालिकाले यो पाणिनी गाउँपालिकाको नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बनाई लागू गरेको छ ।

परिच्छेद १
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यस कार्यविधिको नामपालिकाको नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ रहेकोछ ।

(२)यो कार्यविधि.पाणिनी गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऊर्जा नीति" भन्नाले पालिकाको नवीकरणीय ऊर्जा नीति २०७६लाई सम्झनु पर्छ ।

(ख) "अनुदान" भन्नाले नवीकरणीय ऊर्जाका प्रविधि जडान गर्न, विकास गर्न वा परिप्रयोगका लागि पालिकाले नवीकरणीय ऊर्जा नीति, २०७६ बमोजिम घरधुरी, समुदाय वा संस्थालाई उपलब्ध गराउने अनुदान रकम सम्झनु पर्छ ।

(ग) "बैंक वा वित्तीय संस्था" भन्नाले बैंक वा वित्तीय संस्था ऐन,२०७३ अनुसार नेपाल राष्ट्र बैंकबाट लाइसेन्स प्राप्त गरी बैंकिंग कारोबार गर्न स्वीकृत प्राप्त गरेको बैंक वा वित्तीय संस्था ुसम्झनु पर्छ ।

(घ) "जलविद्युत, ऊर्जा र पूर्वाधार शाखा वा एकाई"भन्नाले पालिकाअन्तर्गत रहेको जलविद्युत्, ऊर्जा र पूर्वाधार हेर्ने शाखा वा एकाई सम्झनु पर्छ ।

(ङ) "पूर्वाधार विकास शाखा" भन्नाले पालिकाअन्तर्गत पूर्वाधार हेर्ने शाखा वा महाशाखा सम्झनु पर्छ ।

(च) "सामुदायिक संस्था"भन्नाले समुदायमा भएका घरधुरीहरूको नवीकरणीय ऊर्जा क्षेत्रसँग सम्बन्धित साझा उद्देश्य प्राप्तिका लागि समान स्वामित्व तथा पहुँचका आधारमा गठित सामुदायिक संस्था सम्झनु पर्छ ।

(छ) "सार्वजनिक संस्थाहरू" भन्नाले नवीकरणीय ऊर्जा क्षेत्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्धित परस्पर लाभ एवं फाइदाका लागि समान पहुँचको आधारमा गठित संस्था सम्झनु पर्छ र सो शब्दले सरकारी तथा सामुदायिक विद्यालय, गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति, सरकारी तथा सामुदायिक अस्पताल, प्रहरी तथा सैनिक ब्यारेक, स्वास्थ्य चौकी, धार्मिक स्थल, साँस्कृतिक तथा पुरातात्विक संघसंस्था र गुठी (ट्रष्ट) समेतलाई जनाउँछ ।

(ज) "व्यवसायिक संस्था" भन्नाले नाफा कमाउने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना गरिएका व्यावसायिकसंस्था सम्झनु पर्छ ।

(झ) "निजी क्षेत्र"भन्नाले नवीकरणीय ऊर्जाको सेवा वा वस्तु प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम कम्पनीको रुपमा स्थापित निजी क्षेत्रसम्झनु पर्छ ।

(ञ) "पालिका" भन्नाले यो नीति पारित गरी लागू गर्ने गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ ।

(ट) "उपभोक्ता समिति"भन्नाले नवीकरणीय ऊर्जा आयोजनाको स्थापना एवं सञ्चालनको लागि सामुदायिक संस्थाहरुका प्रतिनिधि सदस्यहरु मिलेर परस्पर लाभ एवं फाइदाको आधारमा गठन गरी सम्बन्धित निकायमा दर्ता भएका उपभोक्ता समिति सम्झनु पर्छ ।

(ठ) "उत्पादनशील ऊर्जा प्रयोग"भन्नाले आय, उत्पादकत्व, सेवा वा वस्तुको गुणस्तर तथा संख्या बढाउन सहयोग पुऱ्याउने नवीकरणीय ऊर्जाको परिप्रयोगसँग सम्बन्धित उत्पादनशील ऊर्जा प्रयोग सम्झनु पर्छ ।

(ड) "कम्पनी"भन्नाले सेवा तथा वस्तु प्रदान गर्नका लागि पालिकाले तोकेका आवश्यक सबै मापदण्ड तथा योग्यता पूरा गरेको

मान्यता प्राप्त निजी कम्पनी सम्झनु पर्छ र सो शब्दले शुल्क लिई उपभोक्ताहरूलाई ऊर्जा सेवा प्रदान गर्ने तथा ऊर्जा प्रणालीहरूको जडान र सुपरीवेक्षणको लागि तोकिएका निजी कम्पनीसमेतलाई जनाउँछ ।

(ढ) "कार्यविधि" भन्नाले पालिकाको नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ सम्झनुपर्छ ।

(ण) "आयोजना विकासकर्ता"भन्नाले कानून बमोजिम नवीकरणीय ऊर्जाका आयोजनामा आर्थिक लगानी गर्न इच्छुक निजी कम्पनी वा सामुदायिक संस्था वा सरकारी निकाय सम्झनु पर्छ ।

(त) "स्वतन्त्र परामर्शदाता" भन्नाले नवीकरणीय ऊर्जा सम्बन्धी कुनै निश्चित कार्य गर्नका लागि पालिकाले सेवा करार सम्झौता गरी लिएको संस्था वा व्यक्ति सम्झनु पर्छ ।

(द) "जडित क्षमता र उत्पादन क्षमता"भन्नाले आयोजनाको निर्माण सम्पन्न भई सकेपछि विद्युत् शक्ति र घरधुरी परीक्षण उत्पादनको आधारमा यकिन हुने विद्युत् जडित क्षमता (किलोवाट) र उत्पादन क्षमता (किलोवाट)सम्झनु पर्छ ।

(ध) "घरयासी प्रणाली"भन्नाले घरेलु सोलार ड्रायर र कुकर, घरेलु बायोग्यास, फलामे कोठा तताउने र खाना पकाउने चुलो, फलामे रकेट चुलो, ग्यसिफायर चुलो, सौर्य विद्युत् प्रणाली, साना सौर्य विद्युत् प्रणाली, धार्मिक स्थलहरूको लागि सौर्य ऊर्जा प्रणाली, घरेलु सौर्य फोटोभोल्टिक पानी तान्ने प्रणाली (खानेपानी र सिँचाइ प्रयोजनका लागि) र सुधारिएको पानी घट्ट (पिस्नको लागि) र सुधारिएको पानी घट्ट (कृषि कार्यको लागि) लगायतका घरेलु प्रयोजनमा प्रयोग हुने नवीकरणीय ऊर्जा सम्बन्धी घरायसी प्रणाली सम्झनु पर्छ ।

(न) "व्यावसायिक प्रणालीहरू" भन्नाले व्यावसायिक प्रयोजनको लागि प्रयोग भएका नवीकरणीय ऊर्जा सम्बन्धी व्यवसायिक प्रणालीहरू सम्झनु पर्छ ।

(प) "साना प्रसारण लाइन"भन्नाले लघु तथा साना जलविद्युत्, सौर्य ऊर्जा वा वायु ऊर्जा, जैविक ऊर्जामार्फत उत्पादन भएका विद्युत् आपूर्ति गर्ने गरी स्थानीय विद्युत् मागलाई सम्बोधन गर्ने विद्युत् आपूर्ति सञ्चालन संरचना सम्बन्धी साना प्रसारण लाइन सम्झनु पर्छ ।

(फ) "विकास साझेदार"भन्नाले नवीकरणीय ऊर्जा कार्यक्रमहरू तथा परियोजनाहरू निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका विभिन्न चरणमा सघाउने वैदेशिक दातृ निकायहरू सम्झनु पर्छ ।

(व) "खरीद ऐन तथा नियमावली"भन्नाले सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ सम्झनुपर्छ । यस शब्दले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ बमोजिमको पालिकाको सार्वजनिक खरीद नियमावली समेत सम्झनुपर्छ ।

(भ) "स्थानीय प्रसारण लाइन" भन्नाले स्थानीय तथा क्षेत्रीय विद्युत् माग सम्बोधन गर्नको लागि आपूर्ति गर्न लघु तथा साना जलविद्युत्, आयोजनाहरूको दुई वा सोभन्दा बढी साना प्रसारण लाइनहरूको अन्तर सम्बन्धित विद्युत् आपूर्ति सञ्चालन प्रणाली सम्बन्धी स्थानीय प्रसारण लाइन सम्झनु पर्छ ।

परिच्छेद २
नवीकरणीय ऊर्जा सम्बन्धी सहभागितामूलक योजना तर्जुमा

३. नवीकरणीय ऊर्जाको वार्षिक योजना तर्जुमा गरी लागू गर्ने : (१) पालिकाले आफ्नो वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सोको अभिन्न अंगको रुपमा नवीकरणीय ऊर्जा सम्बन्धी नीति, योजना तथा कार्यक्रम निर्धारण गरी लागू गर्नेछ ।

(२) नवीकरणीय ऊर्जा शाखा वा इकाइको प्राबिधिक सहयोगमा पालिकाको योजना चक्रसँग सम्बन्धित योजना तर्जुमा, योजना



कार्यान्वयन तथा मूल्यांक सम्बधी देहायको चक्रमा उल्लेखित चरणहरु र सोसँग सम्बन्धित अन्य उपचरणहरु अवलम्बन गरिनेछ ।

(३) पालिकाले नवीकरणीय ऊर्जा विकास तथा प्रबर्द्धन सम्बन्धी वार्षिक योजना तर्जुमा चरणमा जिम्मेवारी निकाय तथा पदाधिकारी क्रमागत रुपमा विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ ।

(४) बार्षिक योजना तर्जुमा (एबिललष्लन० का प्रमुख क्रमागत कार्य तथा जिम्मेवार निकाय देहाय बमोजिम हुनेछ :

क्र.सं	क्रमागत क्रियाकलाप	जिम्मेवार निकाय
१.	वस्तुगत विवरण तयारी र अध्यावधिक गर्ने	सम्बन्धित शाखा र एकाइ
२.	संघीय र प्रदेश सरकारबाट निर्देशिका सहित वित्तीय हस्तान्तरणको खाका प्राप्ति (संयोजन एवं् पहल भएको)	सम्बन्धित शाखा र एकाइ
३.	आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने स्रोतको अनुमान	सम्बन्धित शाखा र एकाइको प्राबिधिक सहयोगमा

क्र.सं	क्रमागत क्रियाकलाप	जिम्मेवार निकाय
		स्रोतको अनुमान तथा बजेट सीमा निर्धारण समिति
४.	बस्ती र टोलस्तरबाट योजना छनौट	वडा कार्यालय
५.	वडास्तरीय योजना प्राथमिकीकरण	वडा समिति, सम्बन्धित शाखा वा इकाइबाट प्राबिधिक सहयोग तथा सहजीकरण
६.	बजेट तथा कार्यक्रमको तयारी	सम्बन्धित शाखा वा इकाइको प्राबिधिक सहयोग तथा सहजीकरणमा बजेट तथा कार्यक्रम तर्जुमा समिति
७	पालिकाको बैठकबाट बजेट तथा कार्यक्रम पारित गर्ने	कार्यपालिका बैठक
८.	पालिकाको सभाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृती	सभा बैठक
९.	नवीकरणीय ऊर्जा सम्बन्धी प्रदेश सरकार र नेपाल सरकार वा निकायका योजनामा समावेश गर्न माग वा सिफारिश गर्ने योजनाको वर्गीकरण गरी प्रदेश र नेपाल सरकारमा पठाउने	कार्यपालिकाको निर्णय बमोजिम

(५) उपदफा (४) बमोजिम नवीकरणीय ऊर्जा सम्बन्धी वस्तुगत विवरण तयारी तथा अद्यावधिक गर्दा सोको माग तथा सम्बन्धित

आधारभूत अवस्था तथा सोसम्बन्धी देहायका तथ्यांक विवरणको आधारभूत अवस्थाको लेखाजोखा गरिनेछ :

(क) विभिन्न जातजाति, लिंग तथा वर्गको आधारमा खण्डीकृत तथ्यांकसहितका घरेलु प्रणालीबाट विद्युतीकरण गर्नुपर्ने घरेलु सौर्य प्रणाली, सुधारिएको चुलो वा वायोग्याँस प्रणाली जडान गर्नुपर्ने घरधुरीको संख्या,

(ख) पालिकाबाट सहयोग गरिने नवीकरणीय ऊर्जा प्रवर्द्धनसम्बन्धी कार्यक्रमको स्थानीय तथ्यांक प्रणाली (जातजाति, लिंग तथा वर्गको आधारमा खण्डीकृत तथ्यांक सहितको),

(ग) पालिकाको तथ्यांक (जातजाति, लिंग, तथा वर्गको आधारमा खण्डीकृत तथ्यांकसहितको) वा राष्ट्रिय आर्थिक सर्वेक्षण प्रतिवेदन बमोजिम,

(घ) पालिकाले स्थानीय तहमा घरधुरी अनुसार ऊर्जा मागको मानचित्र तयार गरी ऊर्जा योजना वा कार्यक्रम बनाउने र सोही अनुसार ती घरधुरीमा विद्युत र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको लक्ष्य निर्धारण गर्ने ।

(६) पालिकाले नवीकरणीय ऊर्जाको विकास तथा प्रबर्द्धन सम्बन्धी वार्षिक योजना कार्यान्वयन चरणमा देहायको तालिका बमोजिमका क्रियाकलाप सञ्चालन गर्नेछ र त्यस्तो क्रियाकलाप सम्पादन गर्न देहाय बमोजिमका निकायहरु जिम्मेवार हुनेछन :

क्र.सं	क्रमागत क्रियाकलाप	जिम्मेवार निकाय
१.	संचित कोषमा बजेट निकासा,	कार्यपालिकाबाट बजेट प्रस्तुत तथा सभाबाट पारित भए बमोजिम प्रमुख प्रशासकीय अधिकृत
२.	सम्बन्धित बजेट शीर्षक र उपशीर्षक, खर्च शीर्षकमा रकम दाखिला गर्ने,	लेखा शाखा
३.	वार्षिक कार्यक्रम कार्यान्वयनको विस्तृत कार्ययोजना तयार गर्ने,	पालिकाको सम्बन्धित शाखा
४.	प्राविधिक मूल्यांकन तथा	पूर्वाधार महाशाखा र शाखा

क्र.सं	क्रमागत क्रियाकलाप	जिम्मेवार निकाय
	पुनरावलोकन गर्न प्रविधिगत रुपमा तोकिए अनुसार वा आवश्यकता अनुसार प्राविधिक समूह र समितिहरुको गठन गर्ने,	
५	सम्भाव्यता अध्ययन, विश्लेषण, प्राविधिक मूल्यांकन र स्वकृती गर्ने (अघिल्लो आ.व.मा नै सम्भाव्यता अध्ययन सम्पन्न नभएको अवस्थामा)	पालिकाको सम्बन्धित शाखा
६.	प्राविधिक मापदण्डहरु सुनिश्चित गर्ने,	प्राविधिक समूह र समितिमार्फत सम्बन्धित शाखा
७.	सार्वजनिक खरीद ऐन अनुरुप प्रविधि आपूर्तिकर्ता र जडानकर्ता तोक्ने,	पालिकाको सम्बन्धित शाखा
८.	उपभोक्ता समिति गठन र आपूर्तिकर्ता र जडानकर्तासँग सम्झौता गर्ने,	पालिकाको सम्बन्धित शाखा
९.	सम्झौता बमोजिम आपूर्तिकर्ता र जडानकर्तालाई अनुदानको किस्ता रकम निकासा वा प्रदान,	पालिकाको सम्बन्धित शाखा
१०.	स्वीकृत प्राविधिक मापदण्ड र प्रक्रियाअनुसार नावीकरणीय ऊर्जा प्रविधिको जडान,	उपभोक्ता समिति र आपूर्तिकर्ता र जडानकर्ता
११.	स्थलगत अनुगमन, प्रगति समीक्षा र प्रतिवेदन	पालिकाको सम्बन्धित शाखा
१२	आयोजना सम्पन्न भएको प्रमाणीकरण गर्ने ।	पालिकाको सम्बन्धित शाखा

(७) नवीकरणीय ऊर्जा आयोजनाको मूल्यांकन गर्दा समेट्नुपर्ने सम्भावित क्षेत्र र सोको सम्पादनका लागि जिम्मेवार निकाय देहाय बमोजिम हुनेछः

मूल्यांकनका सम्भावित क्षेत्र	जिम्मेवार निकाय
आर्थिक, सामाजिक र वातावरणीय पक्षमा योजनाले पारेको सकारात्मक र नकारात्मक प्रभावबारे अध्ययन, मूल्यांकन, प्रतिवेदन	जनताको आर्थिक, सामाजिक र वातावरणीय पक्षमा योजनाले पारेको सकारात्मक र नकारात्मक प्रभावबारे अध्ययन
सम्पन्न योजनाको सान्दर्भिकता, कार्यान्वयन प्रक्रिया, प्रभावकारिता, लागतको उपयोगिता आदिबारे अध्ययन, मूल्यांकन प्रतिवेदन	तेस्रो पक्ष (विज्ञ) को सहयोगमा सम्बन्धित शाखाबाट
प्रयोग गरिएको प्रविधिको उपयुक्तता, कार्य क्षमता, दिगोपना आदिबारे अध्ययन, अनुसन्धान र मूल्यांकन प्रतिवेदन	तेस्रो पक्ष (विज्ञ) को सहयोगमा सम्बन्धित शाखाबाट

४. **अनुदानमा प्राथमिकता दिनुपर्नेः**नवीकरणीय ऊर्जाको विकास, प्रबर्द्धन तथा सोसम्बन्धी अनुदान परिचालन गर्दा एकल महिला, महिला घरमूली भएको घर, पछाडि परेका वर्ग तथा समुदाय र गरीब परिवारलाई प्राथमिकता दिइनेछ ।

५. **नवीकरणीय ऊर्जा अनुदान कार्यक्रमको कार्यान्वयन र परिचालनः**(१) पालिकाले आफ्नो भौगालिक क्षेत्रभित्र नवीकरणीय ऊर्जाको उत्पादन र विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सामान्यतः उपभोक्ताहरुको समावेशी सहभागिता र संलग्नतामा सञ्चालन गर्नेछ ।

(२)पालिकाले नवीकरणीय उर्जा कार्यक्रम सञ्चालन गर्दा ऊर्जा उत्पादन गर्न सम्बन्धित उपभोक्तालाई लक्षित वर्गको आर्थिक सामाजिक विपन्नता र प्राथमिकीकरणको आधारमा स्वीकृत आर्थिक अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) पालिकाले कार्यक्रम परिचालन गर्दा पालिकामा उपलब्ध वा सम्भाव्य ऊर्जा स्रोत, उत्पादन लागत, प्रविधिको गुणस्तरलगायतको अध्ययन गरेर मात्र कार्यक्रम सञ्चालन गर्नेछ ।

(४)पालिका आफैँले बस्तु वा सेवा खरीदगरी नवीकरणीय ऊर्जा विकास गर्दा खरीद गरिने वस्तु वा सेवाको मापदण्ड, गुणस्तर तथा खरीद प्रकृया नेपाल सरकारको सार्वजनिक खरीद ऐन, नियमावली तथा स्थानीय तहको खरीद नियमावली लागू भएकोमा सोबमोजिम समेतका आधारमा हुनेछ ।

(५) नवीकरणीय ऊर्जा योजनाको सम्भाव्यता अध्ययनको लागि पालिकाले आवश्यक बजेट छुट्टयाई कार्यान्वयन गर्नेछ । छुट्टयाइएको रकम खर्च नहुने देखिएमा प्रविधि जडानको लागि वा ऊर्जा प्रयोगका क्षेत्रमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

(६)पालिकाले अनुदान वा प्राविधिक सहयोग उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्दा यसै कार्यविधि अनुसार गरिनेछ ।

६. **अनुगमन र मूल्यांकन संयन्त्रः** कार्यविधि अन्तर्गत सञ्चालन हुने नवीकरणीय ऊर्जा सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्यांकनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) नवीकरणीय ऊर्जा प्रणालीहरूको नियमित अनुगमन र मूल्याङ्कन जलविद्यत्, ऊर्जा र पूर्वाधार विकास शाखा र एकाईमार्फत पालिका आफैंले वा तेश्रो पक्षीय परामर्शदाताबाट स्थलगतरुपमा गराउन सक्नेछ ।

(ख) पालिकाले वा पालिकाको सहयोगमा निर्मित वा जडित नवीकरणीय ऊर्जासम्बन्धी अनुगमनको खाका, अनुगमन योजना, लैससास सहितको नतिजा मापन प्रणाली, प्रगति अनुगमन

प्रणालीका साथै आवश्यक विधि, प्रक्रिया, फाराम आदि तयार गरी लागू गर्न सक्नेछ ।

(ग) नवीकरणीय ऊर्जाको निश्चित आयोजनाको कार्य सञ्चालन गर्न आवश्यकताको आधारमा पालिकाद्वारा नवीकरणीय ऊर्जा उपसमिति गठन गर्न सक्नेछ ।

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा दुवैको आर्थिक सहयोगमा निर्माण हुने नवीकरणीय ऊर्जाका ठूला योजनाहरुको अनुगमन र मूल्याङ्कन, प्राविधिक प्रमाणीकरण, प्रतिवेदन आदि कार्य तोकिएको संयन्त्र र प्रक्रिया बमोजिम हुनेछ ।

(ङ) अनुगमन तथा मूल्यांकन मार्फत प्राप्त लैंगिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्त सहितका विशिष्ट सिकाइहरुको समीक्षा गर्ने, आत्मसात गर्ने, प्रकाशन गर्ने तथा नवीकरणीय ऊर्जाको क्षेत्रलाई क्रमशः व्यवस्थित र परिमार्जित गर्दै लगिनेछ ।

(च) स्थानीयस्तरको तथ्यांक र सूचना संकलन गर्ने, कम्पुटरकृत गर्ने, रिपोरटिंग गर्ने स्थानीय, प्रदेश र नेपाल सरकारस्तरीय तथ्यांक र सूचनाहरुको आदानप्रदान गर्ने, सूचनालाई सार्वजनिकीकरण गर्नको लागि पालिकाले एकीकृत तथा सर्वमान्य अनुगममन, मूल्यांकन तथा सिकाइ प्रणाली (:भि ँचकभधयचप) र व्यवस्थापकीय सूचना प्रणाली (:क्ष्क) समेतको अवलम्बन गरिनेछ ।

परिच्छेद३
अनुदान परिचालनको सैद्धान्तिक आधार र प्रक्रिया

७. उपभोक्ता संरक्षण गर्नु पालिकाको कर्तव्य हुने : (१) नवीकरणीय ऊर्जाका उपभोक्ताको हित संरक्षण गर्नु पालिकाको कर्तव्य हुनेछ ।

(२) ऊर्जा उपभोक्ताको हित संरक्षणका लागि पालिकाले देहाय बमोजिम गुणस्तर तथा मापदण्ड एव् प्रक्रियाहरु सुनिश्चित गर्नुपर्नेछ :

(क) पालिकाको प्राविधिक तथा आर्थिक सहयोगमा जडान वा निर्माण हुने सम्पूर्ण नवीकरणीय ऊर्जा प्रविधिहरू, उपकरण, निर्माण कार्य र उपलब्ध सेवाहरू राष्ट्रिय गुणस्तर तथा मापदण्ड बमोजिम हुनु पर्नेछ । सोसम्बन्धी विवरणहरू प्रष्ट रुपमा सम्बन्धित बोलपत्र कागजातमा उल्लेख गर्नु पर्नेछ ।

(ख) नवीकरणीय ऊर्जा उपभोक्ताको हक हित संरक्षणका लागि लक्षित शिक्षा र सचेतना अभियानहरु सञ्चालन गनु पर्नेछ ।

(ग) पालिकाबाट उपभोक्तालाई नवीकरणीय ऊर्जाका फाइदा, उचित प्रयोग विधि, लागत अनुमान, सञ्चालन विधि, मर्मत जडान तथा बिक्री पछिका सेवा समेतका बिषयमा अभिमुखीकरण तालिम समेत प्रदान गर्नु पर्नेछ ।

८. अनुदान प्राप्त गर्न योग्य उपभोक्ता हुनुपर्नेः(१) घरायसी नवीकरणीय ऊर्जा प्रणालीको लागि अनुदान प्राप्त गर्न उपभोक्ता अनिवार्य रुपमा नेपाली नागरिक भई योग्य भएको हुनु पर्नेछ ।

(२)नवीकरणीय ऊर्जा जडान हुने सोही घरका लागि सोही क्षमता वा बढीको उर्जा प्रणालीको लागि अनुदान लिइसकेको हुनु हुँदैन ।

९. विभिन्न तरिकाबाट अनुदान परिचालन गर्न सकिनेः (१)विभिन्न भौगोलिक क्षेत्रको माग तथा आपूर्तिमा आधारित भई प्रतिस्पर्धीकम्पनीमार्फत वामान्यता प्राप्त कम्पनीमार्फत वा संस्थागत र सामुदायिक प्रणालीका माध्यममध्येदेहायका कुनै एक तरिका अवलम्बन गरी नवीकरणीय ऊर्जा सम्बन्धी अनुदान परिचालन गरिनेछ :

(२) प्रतिस्पर्धी कम्पनीमार्फत परिचालनहुने अनुदान प्रक्रिया देहाय बमोजिम हुनेछः

(क)पालिकाले कुनै निश्चित भौगोलिक क्षेत्रको नवीकरणीय ऊर्जा प्रविधिको मागका आधारमा लागत संकलन गरी विभिन्न प्रविधि प्रवर्द्धनका लागि विपरीत घटाघटको सिद्धान्तका आधारमा बोलपत्र आह्वान गर्नेछ ।

(ख) माग भएबमोजिम वोलपत्र पेश गर्न इच्छुकयोग्य कम्पनीहरूले वोलपत्र पेश गर्नु पर्नेछ ।

(ग) प्रस्तावित बोलपत्रमा उल्लेखित प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कनका आधारमा निश्चित क्षेत्रमा विभिन्न प्रविधिहरुको प्रबर्द्धनका लागि कार्य गर्न सक्ने योग्य कम्पनी छनौटगरिनेछ ।

(घ) प्रस्ताव पेश गर्ने कम्पनीले पेश गर्ने बोलपत्र फाराममा नवीकरणीय ऊर्जाको लागि पालिकाले तोकेको लक्ष्य अनुरूपको विद्युत् सेवा तथा खाना पकाउने कार्यका लागि स्वच्छ ऊर्जामार्फत समाधानका विभिन्न उपायहरुसमेत उल्लेख गरी पेश गर्नु पर्नेछ ।

(ङ) पालिकाबाट माग भएबमोजिम बोलपत्रका सम्पूर्ण मापदण्ड तथा योग्यता पूरा गर्ने र कम मूल्य कबोल गर्ने कम्पनीलाई त्यस क्षेत्रमा तोकिएको कार्य गर्न छनौटगरिनेछ ।

(च) छनौट भएका कम्पनीले मागको सिर्जना, बजारीकरण र स्वच्छ ऊर्जा प्रणालीको बिक्री तथा मर्मतसम्भारका लागि आफैँ जिम्मेवार हुनुपर्नेछ ।

(छ) छनौट भएका कम्पनीबाहेक अन्य कम्पनीहरुले सोही क्षेत्रमा विभिन्न नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रबर्द्धनका लागि कार्य गर्न सक्नेछन् ।

तर पालिकाबाट प्रवाह गरिने अनुदानका लागि योग्य हुन सक्ने छैनन् ।

(ज) सार्वजनिक–निजी साझेदारी वा निजी क्षेत्रलाई अनुदान उपलब्ध गराउँदा समेत सोही प्रक्रियाबाट अनुदान उपलब्ध गराइने छ ।

स्पष्टीकरणः यस कार्यविधिको प्रयोजनका लागि "प्रतिस्पर्धी कम्पनी"भन्नाले सार्वजनिक खरीद ऐन तथा नियमावाली वा घटाघटबाट खरीद विधिमार्फत ऊर्जा प्रणालीको जडान तथा सञ्चालन गर्नको लागि छनौट प्रक्रियामा संलग्न भएका निजी कम्पनीहरु मध्येको प्रतिष्पर्धी कम्पनी सम्झनुपर्छ ।

(३)मान्यता प्राप्त कम्पनीमार्फत हुने अनुदान प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) पालिकाले प्रतिस्पर्धात्मक प्रक्रियाबाट आपूर्ति वा जडानकर्ता कम्पनी छनौट तथा मूल्यांकन गरी वार्षिक रूपमा मूल्यांकनमा सफल भएका सम्बन्धित कम्पनीहरुलाई मान्यता प्रदान गरी सोको सूची तयार गर्नेछ ।

(ख)मान्यता प्राप्त सूचीकृत कम्पनीमार्फत उपलब्ध हुने प्रविधिहरूमध्येबाट उत्तम प्रविधिको छनौट सम्बन्धित घरधुरीले गर्नु पर्नेछ ।

(ग) पालिकाबाट उपभोक्ता र लक्षित वर्गलाई व्यवहार परिवर्तनका लागि सञ्चार शिक्षा, ऊर्जाको प्रविधिको अनुदान, कानूनी प्रक्रिया, प्रावधान, तथा लैंगिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी अभिमुखीकरण, सचेतना शिक्षा र जनचेतना अभिवृद्धि गर्ने कार्यमार्फत सम्बन्धित उत्तम प्रविधिको छनौट गर्न घरधुरीलाई सक्षम बनाइनेछ ।

(घ) सूचीकृत कम्पनीमार्फत वस्तु तथा सेवाको खरीद गर्न वा नगर्न घरधुरी स्वतन्त्र हुनेछन् ।

(ङ) घरधुरीले मान्यता प्राप्त कम्पनीहरूमध्ये उपयुक्त कम्पनी छनौट गरी घरायासी नवीकरणीय ऊर्जा प्रविधिहरुको आपूर्ति र जडान र बिक्रीपश्चातको सेवाको लागि सम्झौता गर्नु पर्नेछ ।

(च) घरायसी प्रणालीका विस्तृत विवरण तथा प्रकृयाहरु सम्बन्धित परिच्छेद र खण्डहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

स्पष्टीकरणः यस कार्यविधिको प्रयोजनका लागि "मान्यता प्राप्त कम्पनी" भन्नाले पालिकाले विभिन्न सूचकहरुको आधारमा निश्चित अवधिको लागि नवीकरणीय उर्जाका प्रविधिहरु जडान गर्न, उत्पादन गर्न र वितरण गर्न छनौट गरिएका मान्यता प्राप्त कम्पनी सम्झनु पर्छ ।

(४) संस्थागत र सामुदायिक प्रणालीअन्तर्गत हुने अनुदान प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) सामुदायिक र संस्थागत नवीकरणीय ऊर्जा प्रणालीको आपूर्ति, जडान तथा निर्माण कार्यको लागि प्रचलित खरीद ऐन तथा नियमावली बमोजिम कम्पनीको छनौट प्रक्रिया अगाडि बढाइनेछ । तर कुनै विकास साझेदारको सहयोगमा सञ्चालित आयोजनामा भने नेपाल सरकार र सम्बन्धित विकास साझेदारबीच भएको सम्झौतामा उल्लेखित खीरद विधि वा प्रक्रिया वमोजिम हुनेछ ।

(ख) सामुदायिक र संस्थागत नवीकरणीय ऊर्जा आयोजनाहरूको निश्चित प्रक्रिया पूरा गरी खुल्ला रुपमा बोलपत्र आह्वान गरिनेछ र सोको आधारमा आपूर्ति तथा जडानकर्ता कम्पनीको छनौट गरिनेछ ।

(ग) नवीकरणीय ऊर्जा आयोजनाको वित्तीय स्रोतको सुनिश्चिततापश्चात् सम्बन्धित आयोजना कार्यान्वयनको प्रक्रिया अगाडि बढाइनेछ र उक्त प्रक्रियाका लागि पालिकाले संस्था वा समुदायसँग खरीद पक्रिृयामा आवश्यकता अनुसारको समन्वय गर्नेछ

(घ) खरीद सम्झौतामा उल्लेख भए बमोजिम आपूर्ति तथा जडानकर्ता कम्पनीलाई विभिन्न किस्तामा तोकिएको अनुदान रकम भुक्तानी गर्ने व्यवस्था गरिनेछ ।

(ङ) वस्तु तथा परामर्श सेवाको खरीद कार्य सम्पन्न गर्दा प्रचलित खरीद ऐन तथा नियमावली अनुसार भुक्तानी हुने व्यवस्था गरिनेछ

(च) संस्थागत र सामुदायिक प्रणालीको विस्तृत विवरण तथा प्रक्रियासम्बन्धित परिच्छेद र खण्डहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

स्पष्टीकरणः यस कार्यविधिको प्रयोजनका लागि संस्थागत प्रणाली र सामुदायिक प्रणालीभन्नाले देहाय बमोजिम सम्झनुपर्छः

(क)"संस्थागत प्रणाली"भन्नाले मध्यम र ठूला खालका सौर्य ड्रायरहरू, संस्थागत सोलार कुकर, संस्थागत सौर्य विद्युत् प्रणाली, संस्थागत वायोग्यास, नगरपालिकाको स्वामित्व र आंशिक लगानीमा बनेका नगर फोहोरबाट चल्ने बायोग्यास, संस्थागत फलामे खाना पकाउने चुलो, संस्थागत फलामे ग्यासिफायर चुलो, तापिय

ग्यासिफायर प्रणाली र व्यावसायिक वायोग्यास समेतका नवीकरणीय ऊर्जा प्रणाली सम्बन्धी संस्थागत प्रणाली सम्झनु पर्छ ।

(ख) "सामुदायिक प्रणाली"भन्नाले साना तथा मझौला ग्रीडमा आधारित सौर्य फोटोभोल्टिक, वायु ऊर्जा प्रणालीहरू, सौर्य–वायु मिश्रित प्रणाली, पिको र लघु र साना जलविद्युत् (नयाँ), पिको र लघु र साना जलविद्युत् (पूर्नस्थापित), सौर्य खानेपानी प्रणाली, सौर्य सिँचाइको प्रणाली, सुधारिएको पानी घट्ट (विद्युतीकरणको लागि), सामुदायिक बायोग्याँस, बायोग्यासमा आधारित सामुदायिक विद्युतीकरण प्रणाली र सामुदायिक सोलार कुकर, सामुदायिक जैविक विद्युतीकरण प्रणाली (ग्यासिफायर प्रणाली) समेतका नवीकरणीय ऊर्जा प्रणाली सम्बन्धी सामुदायिक प्रणाली सम्झनुपर्छ ।

परिच्छेद ४
उत्तम प्रविधिको छनौट तथा गुणस्तर परीक्षण

१०. उपलब्ध उत्तम प्रविधिको छनौट : (१) नवीकरणीय ऊर्जाका विभिन्न प्रविधिहरुमध्ये तुलनात्मकरुपमा पालिकाका लागि उपयुक्तउत्तम प्रविधिको छनौट गरिनेछ । यसका लागि नवीकरणीय ऊर्जा सम्बन्धी उपयुक्त उत्तम प्रविधिको सिद्धान्त र उपयुक्तता विश्लेषण विधिको अनुसरण गरी उत्तम ठहरिएको नवीकरणीय ऊर्जा प्रविधि छनौट गरिनेछ ।

(२) नवीकरणीय ऊर्जा प्रविधिको उपयुक्तता तय गर्दा सरलीकृत मूल्याङ्कनको माध्यमबाट अन्य उपलब्ध नवीकरणीय ऊर्जा प्रविधिहरूको उपलब्धता र लागतसँग तुलना गरी सो प्रविधिको मूल्याङ्कन गरिनेछ ।

(३) समुदाय र संस्था र घरधुरीको प्राविधिक र आर्थिक पक्षको प्रमाणीकरण गर्ने तथा जडान गरिने प्रणालीहरूको कार्यान्वयन तथा अनुगमन गर्ने कार्य उपलब्ध उत्तम प्रविधिको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा गरिनेछ ।

(४) सम्भाव्यता अध्ययनमा उपलब्ध उत्तम प्रविधिका आर्थिक पक्षको अध्ययनका साथै जोखिम तथा अन्य अनुमान (ब्ककगउतष्यल) गरिएका पक्षहरू समेत समावेश हुनुपर्नेछ ।

(५) घरायसी प्रविधिहरूका लागि उपलब्ध उत्तम प्रविधि छनौट गर्न पालिकाले उपभोक्ता र लक्षित वर्गलाई व्यवहार परिवर्तनका लागि सञ्चार ऊर्जाको प्रविधिको अनुदान, कानूनी प्रक्रिया, प्रावधान, लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) लगायतका बिषयमा सचेतना र जनचेतना, जनजागरण र प्रविधि सम्बन्धी ज्ञान प्रवर्द्धक कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

(६) पालिकाले उपलब्ध उत्तम प्रविधि छनौटका लागि सही निर्णय लिन सक्ने अवस्थामा सामुदायिक र संस्थागत प्रणालीहरूको लागि

लाभान्वित हुने समुदाय वा संस्थाहरु रहे नरहेको कुरा उपभोक्ता शिक्षा र जनचेतना मार्फत सुनिश्चित गर्नेछ ।

(७)सम्भाव्यता अध्ययन प्रतिवेदनबाट छनौट गरिएको निश्चित प्रविधि कुनै निश्चित संस्था, समुदाय वा भौगोलिक क्षेत्रको लागि उपलब्ध उत्तम प्रविधि हो वा होइन भन्ने बिषयमा पालिकाबाट यकिन गरिनेछ ।

(८) उपलब्ध उत्तम प्रविधिको प्रबर्द्धन वा विकास गर्दा प्रतिस्पर्धात्मक प्रणाली अपनाई खरीद ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

तर यो कार्यविधि स्वीकृती हुनुभन्दा पहिले नै शुरु भै हाल सञ्चालनको विभिन्न चरणमा रहेका सामुदायिक तथा संस्थागत आयोजनाहरुलाई सोही प्रबिधि र चरणबाट अगाडि बढाउन कुनै बाधा पर्नेछैन ।

११. नवीकरणीय ऊर्जा प्रणालीको गुणस्तर परीक्षण : (१) नवीकरणीय ऊर्जा प्रणालीको सर्वोत्कृष्टता परीक्षणको लागि प्राविधिक र प्रविधिको आपूर्तिकर्ताको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) प्राविधिक गुणस्तरको निर्धारण देहाय बमोजिम हुनेछ

(क) पालिकाबाट अनुदानमा उपलब्ध गराइने नवीकरणीय ऊर्जा प्रणालीमध्ये नवीकरणीय ऊर्जा परीक्षण केन्द्रमा परीक्षण सुविधा भएका प्रणालीहरूको हकमा नवीकरणीय ऊर्जा परीक्षण केन्द्रबाट वा राष्ट्रिय मापदण्ड वा अन्य सान्दर्भिक मापदण्ड अनुसार परीक्षण तथा प्रमाणित भएको हुनु पर्नेछ ।

(ख) अन्तरराष्ट्रियस्तरका प्राविधिक गुणस्तर प्रमाणपत्र प्राप्त गरेको प्रमाणपत्रको प्रमाणीकरण नवीकरणीय ऊर्जा परीक्षण केन्द्र वा परीक्षण केन्द्रबाट परीक्षण गर्ने सुविधा नभएको प्रविधिको हकमा पालिकाबाट तोकेको आधिकारिक निकायबाट गरिनेछ ।

(३) प्रणालीको आपूर्ति तथा जडानको लागि तथा घरेलु ऊर्जा प्रणाली वा प्रविधिहरुको आपूर्ति, उत्पादन, वितरण र जडान वा बिक्री पछिको सेवा प्रदान गर्ने प्रविधि आपूर्तिकर्ता वा कम्पनी छनौट

गर्दा त्यस्तो कम्पनी गुणस्तरयुक्त भएको सुनिश्चित गरेर मात्र गरिनेछ ।

(४) कम्पनीहरूले आपूर्ति गर्ने सामान वा निर्माण वा जडान गर्ने कार्यको गुणस्तर सुनिश्चित गर्न पालिकाले देहाय बमोजिमका सूचकहरूको आधारमा मान्यता प्राप्त गुणस्तरयुक्त कम्पनी छनौट गर्नेछः

(क) बाह्य पहुँच सञ्जालको अवस्था

(ख) मानव स्रोतको उपलब्धता, पर्याप्तता

(ग) कारोबार रकमको विश्वसनीयता र वित्तीय क्षमता

(घ) सम्बन्धित क्षेत्रमा कम्तीमा तीन बर्षे काम गरेको अनुभव भएको

(ङ) समग्र गुणस्तर नियन्त्रण पद्दति कायम भएको

(च) कम्पनीको प्रबन्ध पत्रमा सम्बन्धित क्षेत्रमा कार्य गर्ने उद्देश्य उल्लेख भएको ।

(५) घरेलु ऊर्जा प्रविधिहरूको लागि पालिकाबाट उपदफा (४) मा उल्लेखित सूचकहरूको आधारमा निश्चित समयको लागि सम्बन्धित प्रविधिका क्षेत्रमा मान्यता प्राप्त कम्पनी छनौट गरिनेछ ।

(६) पालिकाबाट मान्यता प्राप्त कम्पनीमार्फत पेश हुन आएका अनुदान सम्बन्धी आवेदन फाराम पालिकाले सम्बन्धित व्यावसायिक संगठन वा तोकेको स्वतन्त्र परामर्शदाताबाट प्रारम्भिक परीक्षण गराउन सक्नेछ ।

१२. सामुदायिक र संस्थागत प्रणालीको आपूर्ति तथा जडान : (१) समुदाय वा संस्थागतरुपमा उत्तम प्रविधिको लागि जडान वा आपूर्तिकर्ता छनौट गर्दा निम्नानुसार गरिनेछ :

(क) सामुदायिक र संस्थागत प्रणालीको लागि वस्तु, सेवा तथा परामर्श सेवाहरूको प्राप्तिको लागि खरीद ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार प्रतिस्पर्धात्मक प्रक्रिया अबलम्बन गरी गरिनेछ ।

(ख) आपूर्तिकर्ता कम्पनीको योग्यता र अन्य मापदण्ड सम्बन्धित ऐन तथा नियममा उल्लेख भए अनुसार हुनेछ ।

(२) खरीदको प्रकृति, लागत अनुमान, बोलपत्र आवेदकको उपलब्धता, प्रविधिको उपलब्धता आदिको आधारमा मापदण्ड फरक पनि हुन सक्नेछ ।

परिच्छेद ५
घरायसी ऊर्जा प्रविधिको आधार मूल्य निर्धारण र खरीद

१३. घरायसी ऊर्जा प्रविधिको आधार मूल्य निर्धारण : (१) पालिकाले नवीकरणीय ऊर्जा नीति अनुसार घरायसी ऊर्जा प्रविधिको आधार मूल्य निर्धारण गर्दा देहायका आधार लिइनेछ :

(क) पालिकाले अघिल्ला बषमा सोही प्रकृतिका प्रणाली उपलब्ध गराउँदा लागेको वास्तविक लागत रकम,

(ख) स्थानीय तह वा प्रदेशस्तरमा रहेको प्रचलित मूल्य दर,

(ग) उद्योग वाणिज्य महासंघले उपलब्ध गराएको दररेट वा सम्बन्धित व्यवसायिक संगठनहरुले समय समयमा प्रकाशित गरेको अधिकतम मूल्यदर,

(घ) अन्य सरकारी निकायले समेत प्रणाली खरीद तथा जडान गर्दै आएको भए त्यस्ता निकायले खरीद गरी लिएको दर,

(ङ) अन्तर्राष्ट्रिय बजारमा प्रचलित मूल्य दर ।

(२) विपरीत घटाघट (च्भखभचकभ ब्गअतष्यल) विधिबाट खरीद प्रक्रियादेहाय बमोजिम हुनेछ :

(क) उल्टो लिलामी वा विपरीत घटाघटको सिद्धान्त लागू गर्नका लागि पालिकाबाट निश्चित परिमाणमा ऊर्जा प्रणाली आपूर्ति गर्न सक्ने मूल्यमा प्रतिस्पर्धी कम्पनीहरूबाट बोलपत्र आव्हान गरेर,

(ख) पालिकाबाट मागको मूल्याङ्कन गरे अनुसार वा वार्षिक लक्ष्य अनुसार परिमाण निर्धारण गरेर,

(३) आपूर्तिकर्ता कम्पनीहरूले प्रणालीको आपूर्ति तथा जडानमा लाग्ने खर्च र उक्त प्रणालीको प्रचलित अनुदान दर वा कूल खर्चको आधारमा बोलपत्र बुझाउनु पर्नेछ ।

(४) प्रणालीको कूल खर्च अधिकतम अनुदान रकमभन्दा कम भएमा कम रकमको आधारमा प्रक्रिया अगाडि बढाइनेछ ।

तर अनुदान रकमको हकमा भने अनुदान नीतिमा उल्लेख भएको अधिकतम् प्रतिशतभन्दा बढी हुनेछैन ।

(५) विपरीत घटाघट विधिबाट हुने खरीद प्रक्रियाको लागि बोलपत्र माग गर्दा प्रयोग हुने बोलपत्र कागजातमा देहाय बमोजिमका प्रावधानहरू उल्लेख गरिएको हुनु पर्नेछ :

(क) तोकिएको भौगोलिक क्षेत्र,

(ख) न्यूनतम कार्य क्षमताको मापदण्ड,

(ग) भौतिक लक्ष्य,

(घ) समय सीमा तथा कार्य प्रगतिका चरणहरु,

(ङ) लगानीका अवसरहरूको जानकारी,

(च) प्रति इकाइ बोलपत्र रकमको तल्लो र माथिल्लो सीमा,

(छ) मूल्याङ्कन मापदण्ड ।

(६) घटाघटबाट खरीद विधिको लागि अवलम्बन गरिने प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क)पालिकाले स्वयं वा परामर्शदातामार्फत् आधारभूत अवस्थाको अध्ययन (द्यबकभष्लिभ क्तगमथ) सम्पन्न गरी अध्ययन प्रतिवेदन (द्यबकभष्लिभ क्तगमथ च्भउयचत) तयार गर्नेछ ।

(ख) आधारभूत अवस्थाको अध्ययन प्रतिवेदनको आधारमा पालिकाले विपरीत घटाघट विधिबाट खरीद प्रक्रियाका लागि विशेष क्षेत्रहरूको पहिचान गर्नेछ ।

(ग) बोलपत्र तयारी र बोलपत्र आह्वान गर्दा खरीद ऐन तथा नियमावलीमा तोकिए अनुसारको प्रावधान पालना गर्नु पर्नेछ ।

(घ) पालिकाबाट प्रतिष्पर्धात्मक बोलपत्र प्रक्रियाबाट छनौट भएका बोलपत्रदातासँग खरीद सम्झौता गरिनेछ ।

(ङ) इच्छुक बोलपत्र दाताबाट प्रति घरधूरी न्यूनतम मूल्यमा निश्चित क्षेत्र लक्षित गरी बोलपत्र प्रस्ताव गर्न सकिनेछ ।

(च) पालिकाले मूल्याङ्कनका आधारमा छनौट भएको कम्पनीसँग सम्झौता गर्नेछ ।

(छ) कार्य प्रगतिका आधारमा सम्बन्धित कम्पनीलाई अनुदान भुक्तानी गरिनेछ ।

(ज) अनुदान रकमभन्दा प्रति घरधुरी प्रणालीको लागत खर्च कम भएमा प्रति एकाई प्रणालीको लागत खर्चका दरले बोलपत्रदाता

कम्पनीलाई अनुदान भुक्तानी गरिनेछ र लागत खर्च बढी भएमा तोकिएको अनुदान उपलब्ध गराइनेछ ।

(झ) समयमा तोकिएको कार्य सम्पन्न गर्न पालिकाको स्थानीय नवीकरणनीय उर्जा नीति २०७६ तथा यो कार्यविधि र प्रचलित कानूनको अधिनमा रही सबैभन्दा प्रभावकारी उपायहरु अवलम्बन गरी लक्ष्य पूरा गरिनेछ ।

परिच्छेद ६
संस्थागत संरचना, समिति, उपसमिति सम्बन्धी व्यवस्था

१४.प्राविधिक कार्य समूह र उपसमितिको गठन :(१) पालिकाको नवीकरणीय ऊर्जा नीतिको अधिनमा रही साना र मझौला खालका योजनाको प्राबिधिक मूल्यांकन एवं पुनरावलोकन गर्नका लागि पूर्वाधार विकास समिति अन्तर्गत नवीकरणीय ऊर्जा क्षेत्र हेर्न कार्यपालिका सदस्यको अध्यक्षतामा सम्भव भएसम्म समावेशी प्रतिनिधित्व हुनेगरिगाउँ/नगरपालिकाका सदस्यहरु मध्येबाट एक जना सदस्य र प्राविधिक शाखा/एकाई प्रमुख वा प्रतिनिधि एक जना गरि कूलतीन सदस्यीय प्राविधिक कार्य समूह वा उप-समिति गठन गरिनेछ ।

(२) आवश्यकता अनुसार वित्तीय साझेदार संथाको प्रतिनिधि, सरोकारवाला संस्थाको प्रतिनिधि, स्वतन्त्र ऊर्जा विज्ञ, उपयुक्त प्राविधिक श्रोत व्यक्ति, प्रदेश सरकारको प्रतिनिधिलाई समेत बैठकमा आमन्त्रित सदस्यको रुपमा समावेश गर्न सकिनेछ ।

(३)स्थानीय तहमा सम्बन्धित बिषयको इन्जिनीयरको अभाव भएमा आपसी सहमति गरी छिमेकी स्थानीय तहमा कार्यरत इन्जिनीयरको सेवा लिन सकिनेछ ।

(४) प्राविधिक कार्य समूह र उपसमितिको अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिमहुनेछ ।

(५) प्राविधिक कार्य समूह रउपसमितिको सचिवालय पालिकाले तोकेको जलविद्युत्, ऊर्जा र पूर्वाधार विकास हेर्ने शाखामा रहनेछ ।

१५. प्राविधिक कार्य समूह र उपसमितिको काम, कर्तव्य र अधिकारः (१)प्राविधिक कार्य समूह र उपसमितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्राविधिक दिग्दर्शन, निर्देशिका र मापदण्डहरुको अध्ययन गरी स्वीकृतीको लागि पालिकामा सिफारिस गर्ने,

(ख) योजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको प्राविधिक, आर्थिक, सामाजिक पक्षको मूल्यांकन तथा विश्लेषण गरी स्वीकृतीको लागि पालिकामा सिफारिस गर्ने,

(ग) योजना सञ्चालनको क्रममा गरिने प्राविधिक परीक्षण, गुणस्तर नियन्त्रण एवं मूल्यांकनको प्रतिवेदनलाई स्वीकृतीको लागि पालिकामा सिफीरस गर्ने,

(घ) योजना सम्पन भएपश्चात स्थलगतरुपमा भौतिक प्रगतिको परीक्षण एवं प्रमाणीकरण गर्ने ।

१६. जलविद्युत्, ऊर्जा र पूर्वाधार शाखा वा एकाइको काम, कर्तव्य र जिम्मेवारीः (१) पालिकाकोनवीकरणीय ऊर्जा नीति र कार्यविधिलाई उचित स्रोत साधनको व्यवस्था र संयन्त्र बनाई कार्यान्वयनगर्नु गराउनु पर्नेछ ।

(२) पालिका क्षेत्रमा नवीकरणीय ऊर्जाको मागको सिर्जना गर्ने साथै माग र आपूर्तिको लेखाजोखा गरी आवधिक विकास लक्ष्य निर्धारण गर्नु पर्नेछ ।

(३) पालिका तहको बस्तुगत विवरण अध्यावधिक गर्दा नवीकरणीय ऊर्जासम्बन्धी विवरण समेत अध्यावधिक गर्नु पर्नेछ ।

(४) पालिकाको समग्र ऊर्जा उपलब्धता र आवश्यकताको विश्लेषण गरी ऊर्जा योजना तयार गर्नु पर्नेछ ।

(५) नवीकरणीय ऊर्जाका वार्षिक कार्यक्रमहरु तयार गर्दा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७६ को अबलम्बन गराउन सहजीकरण गर्ने र त्यसको लागि देहायका कार्यहरु गर्नु पर्नेछ :

(क) आगामी आ.व.मा पूर्वाधार बिषयगत क्षेत्रको लागि स्रोतको अनुमान गर्दा नवीकरणीय ऊर्जाको लागि प्राप्त हुने श्रोतको खाका तयार गर्नु पर्नेछ ।

(ख) पालिकाले बिषयगत बजेट सीमा, मार्गदर्शन र प्राथमिकताका आधारहरु स्वीकृत गरी वडा तहमा पठाउँदा लक्षित वर्ग समुदायलाई प्रत्यक्ष लाभ पुग्ने आधारमा योजनाको प्राथमिकीकरण गरी नवीकरणीय ऊर्जाको क्षेत्रलाई समावेश गरिएको सुनिश्चित गर्नु पर्नेछ ।

(ग) वडामार्फत गरिने बस्तीस्तरको योजना छनौट तथा छलफल कार्यमा लक्षित वर्ग समुदायलाई प्रत्यक्ष लाभ पुग्ने आधारमा योजनाको प्राथमिकीकरण गरी नवीकरणीय ऊर्जाको क्षेत्र समेटिने गरी मोडालिटी तयार भएको सुनिश्चित गर्नु पर्नेछ ।

(घ) सबै बस्तीहरुबाट वडा समितिमा पेश हुने सूचीमा लक्षित वर्ग समुदायलाई प्रत्यक्ष लाभ पुग्ने आधारमा योजनाको प्राथमिकीकरण गरी नवीकरणीय ऊर्जाको कार्यक्रमहरु माग बमोजिम समावेश भएको सुनिश्चित गर्नु पर्नेछ ।

(ङ) वडा समितिले बस्ती स्तरबाट माग भएका योजनाहरुलाई लक्षित वर्ग समुदायलाई प्रत्यक्ष लाभ पुग्ने आधारमा योजनाको प्राथमिकीकरण र सूचीकृत गरी पालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाएको सूचीमा नवीकरणीय ऊर्जाका योजना दुरुस्त भएको सुनिश्चित गर्नु पर्नेछ ।

(च) योजना तर्जुमा सम्बन्धी बिषयगत कार्य समूहमा नवीकरणीय ऊर्जाका कार्यक्रमबारे छलफल गरी दोहोरोपना हटाउने र प्राथमिकीकरण गर्ने कार्य भएको सुनिश्चित गर्नु पर्नेछ ।

(६) पूर्वाधार विकास शाखाले दिएको योजना तर्जुमा सम्बन्धी अन्य जिम्मेवारी पुरा गर्नु पर्नेछ ।

(७) नवीकरणीय ऊर्जा प्रविधिको गुणस्तर निर्धारण र समय सापेक्ष आधार मूल्य निर्धारणको व्यवस्था मिलाउनेछ ।

(८) नवीकरणीय ऊर्जा अनुदानको सैद्धान्तिक आधार तय गर्ने, सेवाप्रदायक संस्थाको छनौट गर्ने, अनुदान प्राप्तिको लागि

निवेदकहरुको योग्यताको मापदण्ड र शर्तहरु निर्धारण गर्ने, अनुदान प्राप्त गर्ने विधि तय गर्ने, प्रविधिगत प्रति एकाई अनुदानको रकम निश्चित गर्ने, अनुदान स्वीकृती गर्ने र भुक्तानी दिने व्यवस्था मिलाउनेछ ।

(९) आयोजानाको पहिचान, सम्भाव्यता अध्ययन (आर्थिक, सामाजिक, प्राविधिक र भौगोलोक), उपभोक्ता र सामुदायिक समिति गठन र परिचालन गर्ने गराउने व्यवस्था मिलाउनेछ ।

(१०) प्रचलित कानून बमोजिम आयोजनाको खरीद प्रक्रिया सुनिश्चित गर्ने साथै आयोजना स्वीकृतीको लागि प्रक्रिया सम्पन्न गर्नेछ ।

(११) नवीकरणीय ऊर्जाका योजना सञ्चालनको क्रममा प्राविधिक परीक्षण, योजना सम्पन भएपश्चात स्थलगत भौतिक प्रमाणीकरण, आयोजनाको सम्पन्नताको प्रमाणीकरण साथै जडित प्रविधिहरुको नियमित मर्मत सम्भार र रेखदेख गर्ने गराउने व्यवस्था मिलाउनेछ ।

(१२) नवीकरणीय ऊर्जा विकासको लागि जग्गा प्राप्ति तथा भौतिक साधनको व्यवस्था गर्ने, गुनासोको व्यवस्थापन गर्ने, विवाद समाधान गर्ने साथै उपभोक्ताको हकहीत संरक्षणको व्यवस्था मिलाउनेछ ।

(१३) यस क्षेत्रसँग सम्बन्धित सरकारी, गैरसरकारी, सामुदायिक, व्यावसायिक, संस्थागत सरोकारवालासँग आवश्यक समन्वय र सम्पर्क स्थापित गर्नु पर्नेछ ।

(१४) पूर्वाधार विकास शाखाले तोकेको अन्य कार्य गर्नु गराउनु पर्नेछ ।

परिच्छेद७
नवीकरणीय ऊर्जा कार्यक्रम सञ्चालन सम्बन्धी विशेष व्यवस्था

१७. नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त कम्पनीहरुमार्फत सेवा लिन सकिने:पालिकामा सूचीकृत हुन योग्य कम्पनी छनौट गर्ने उपयुक्त संयन्त्र तयार नभएसम्म वा नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त कम्पनीहरुमार्फत घरायसी, व्यावसायिक, सामुदायिक र संस्थागत नवीकरणीय ऊर्जा प्रणाली एवं प्रविधिहरुको आपूर्ति, उत्पादन, वितरण र जडान वा बिक्रीपछिको सेवा लिन सकिनेछ ।

१८. सम्झौता बमोजिम हुने: दातृ निकाय वा विकास साझेदार संथाको सहयोगमा सञ्चालनमा रहेका नवीकरणीय ऊर्जासम्बन्धी योजना र कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यक समन्वय गरी स्वीकृत कार्यक्रम दस्तावेज (एचयवभअत म्यअगभलत) एवं कार्ययोजना (ध्यचप एबिल), नेपाल सरकार, बैकल्पिक ऊर्जा प्रबवर्द्धन केन्द्रसँग भएका सम्झौता (ब्नचभझभलत) वा सहमतिपत्र (:झयचबलमग या ग्लमभचकतबलमष्लन) वाब्ष्मभ :झयष्चभ अनुसार कार्यान्वयनमा निरन्तरता दिइनेछ ।

१९. **नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरी गर्ने :** (१) निर्माण र जडान कार्य शुरु भएका तर सम्पन्न नभएका आयोजनाहरु नेपाल सरकारबाट स्वीकृती प्राप्त कार्यविधि अनुसार कार्यान्वयन गरिनेछ ।
(२) नेपाल सरकार वा प्रदेश सरकारद्वारा उपलब्ध गराइएको सशर्त अनुदानको रकम परिचालन गर्दा तोकिएको अनुदानको दर र शर्तहरुको अधिनमा रही कार्यक्रम कार्यान्वयन गरिनेछ ।
(३)पालिकाको नवीकरणीय ऊर्जा सम्बन्धी आफ्नै स्वीकृत प्राविधिक मापदण्ड नबनेसम्म नेपाल सरकार र प्रदेश सरकारले स्वीकृत

गरेका प्राविधिक मापदण्ड,कार्यविधि र दिग्दर्शन (मेनुएल्स) लाई अनुशरण गरिनेछ ।

(४) नेपाल सरकारबाट अनुदान प्राप्त प्रविधिमा पालिकाले पहिचान गरेका एकल महिला, गरीब, अति विपन्न, दलित तथा लोपोन्मुख समुदायलाई कम्तिमा १० प्रतिशत लागत सहभागिता हुने गरी थप अनुदान दिन सकिनेछ ।

(५) दश प्रतिशत लागत सहभागिता पनि जुटाउन नसक्ने अवस्था देखिएमा विशेष लक्षित कार्यक्रममार्फत पूर्ण अनुदान दिने व्यवस्था मिलाउन सकिनेछ ।

(६) नेपाल सरकारवाट प्राप्त सशर्त अनुदानको लागि तोकिएको नवीकरणीय ऊर्जाको प्रविधि कारणवश कार्यान्वयनका लागि सम्भाव्य नदेखिएमा वा पालिकाको प्राथमिकतामा नपरेको खण्डमा पालिकाको निर्णय अनुसार अन्य नवीकरणीय ऊर्जाका प्रविधि निर्माण वा जडान सम्बन्धी शीर्षकमा रकमान्तर गरी खर्च गर्न सकिनेछ ।

(७) पालिकाले कार्यान्वयन गरेका नवीकरणीय ऊर्जा प्रविधिका योजनाहरु सम्बन्धी उपभोक्तास्तरको विस्तृत विवरण केन्द्रीय अभिलेखमा प्रविष्ट गर्नका लागि अनिवार्य रुपमा नेपाल सरकार वा प्रदेश सरकारले माग गरे बमोजिमको ढाँचामा पठाइनेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित योजनासम्बन्धी लाभग्राही वा उपभोक्तास्तरको विवरण पालिकाले संघीय र प्रदेश सरकारलाई अनिवार्यरुपमा उपलब्ध गराउनु पर्नेछ ।

(९)नेपाल सरकार वा प्रदेश सरकारले उपलब्ध गराउने अनुदान प्राप्तिका लागि आवश्यक पर्ने सिफारीसहरु पालिकाबाट समयमा नै उपलब्ध गराइनेछ ।

परिच्छेद ८

नवीकरणीय ऊर्जा सम्बन्धी विभिन्न प्रविधिगत कार्यक्रमको सञ्चालन व्यवस्थापन तथा अनुदान परिचालन कार्यविधि

क. सुधारिएको पानीघट्टबाट विद्युतीकरण र पिको र लघु र साना जलविद्युत् आयोजना सम्बन्धमा :

यस कार्यविधिको प्रयोजनका लागि "पिको जलविद्युत् आयोजना"भन्नाले दश किलोवाटसम्म जडित क्षमता भएको जलविद्युत् प्रणाली सम्बन्धी पिको जलविद्युत आयोजना सम्झनुपर्छ ।

२०.अनुदानको लागि योग्य हुने :राष्ट्रिय प्रसारण लाइन नपुगेका वा घरेलु, सौर्य विद्युत प्रणाली बाहेक अन्य माध्यमबाट विद्युतीकरण नभएका समुदायकासाथै बोलपत्र प्रक्रिया पूरा गरेका तर बैकल्पिक उर्जा पबर्द्धन समितिबाट अन्तिम अनुदान स्वीकृती नपाएका आयोजनाहरू समेत स्थानीय नवीकरणीय ऊर्जा नीति, २०७६ तथा कार्यविधि अनुरूप पानीघट्टबाट विद्युतीकरण र पिको र लघु र साना जलविद्युत् आयोजना सम्बन्धी अनुदानको लागि योग्य हुनेछन् ।

२१. अनुदानका लागि योग्य हुन आयोजना पहिचान तथा सम्भाव्यता अध्ययनभएको हुनुपर्नेः(१) आयोजनाको पहिचान तथा आयोजनाको पूर्व सम्भाव्यता अध्ययन भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुर्व सम्भाव्यता अध्ययन कार्य आवश्यकता अनुसार पालिका स्वयम्, उपभोक्ता समिति, संघीय तथा प्रादेशिक सरकार, निजि क्षेत्र र अन्य सरोकारवाला मार्फत गराउन सकिनेछ ।

(३)आयोजनाको सम्भाव्यता अध्ययनका लागिपूर्व सम्भाव्यता अध्ययन (प्रारम्भिक सर्भेक्षण) सम्पन्न भएपछि पालिकाले खरीद ऐन तथा नियमावली वा सम्बन्धित दातृ निकायको खरीद निर्देशिका बमोजिम परामर्श सेवा छनौट गर्नेछ ।

(४) आयोजनाको प्रारम्भिक वातावरणीय अध्ययन लगायतका विस्तृत सम्भाव्यता अध्ययनका लागि प्रतिस्पर्धात्मक वोलपत्र प्रक्रियाबाट गरिनेछ । अध्ययन वापतको लागत आवश्यकता अनुसार पालिकाबाट वा योजना विकासकर्ता वा दुबै निकायद्वारा संयुक्त रुपमा गर्ने गरी सहमतिको आधारमा ब्यहोरिनेछ ।

तर निर्माणकर्ता स्वयंले विस्तृत सम्भाव्यता अध्ययन गरेको भएमा विस्तृत सम्भाव्यता अध्ययन बापतको लागत निर्माणकर्ता स्वयंले ब्यहोर्नु पर्नेछ ।

(५)१,००० (एक हजार) किलोवाट सम्मको क्षमताका आयोजनाहरुको विद्युत् उत्पादन र प्रसारण र वितरण सर्वेक्षण अनुमति पत्र दिने व्यवस्था पालिकाको ऊर्जा नीति, २०७६ बमोजिम गरिनेछ ।

२२. अनुदान प्राप्त गर्न निवेदन दिने : (१) पिको जलविद्युत् र सुधारिएको पानी घट्ट विद्युतीकरण आयोजनाको लागि अनुदान प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु संलग्न राखी निवेदन दिनु पर्नेछः

(क) आयोजना निर्माणकर्ताको दर्ता प्रमाणपत्र,

(ख) आयोजना निर्माणकर्ताको स्थायी लेखा नम्बर,

(ग) सम्बन्धित जिल्ला जलस्रोत समिति वा तोकिएको अधिकारीबाट प्राप्त पानीको अग्राधिकार प्रमाणपत्र ।

(२) उपदफा (१) मा उल्लेखित कागजपत्रका अतिरिक्त लघु तथा साना जलविद्युत् आयोजना सम्बन्धी अनुदान प्राप्त गर्नको लागि एक सय किलोवाटभन्दा बढीका आयोजनाको हकमा विद्युत् विकास विभाग वा तोकिएको अधिकारीबाट सर्वेक्षण स्वीकृतीपत्र समेत लिई पेश गर्नु पर्नेछ।

२३. दण्ड जरिवानाः(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिकारक्षेत्र बमोजिम सुधारिएको पानीघट्टबाट विद्युतीकरण र पिको र लघु र

साना जलविद्युत् आयोजना सञ्चालन तथा व्यवस्थापनको सम्बन्धमा देहाय बमोजिमदण्ड जरिवाना हुनेछ :

(क) खरीदऐन तथा नियमावली वा विकास साझेदारको खरीदसम्बन्धी नीति एवं् निर्देशिकाबमोजिम सम्झौता भएको मितिले तोकिएको समयावधिभित्र विस्तृत अध्ययन प्रतिवेदन पेश नभएमा प्रतिहप्ता आर्थिक सहयोग रकमको एक प्रतिशतको दरले बढीमा १० प्रतिशतसम्म जरिवाना गरिनेछ ।

(ख) कम्पनी तथा सर्वेक्षण कम्पनीले संयुक्त रुपमा स्थलगत निरीक्षण वा प्रमाणीकरण गर्दा आयोजनाको क्षमता वा परिमाणमा १० प्रतिशतभन्दा बढी फरक पर्न गएमा उक्त आयोजना परामर्शदाता कम्पनीले आफ्नै लागतमा पुनः विस्तृत सर्वेक्षण गर्नुपर्नेछ ।

(ग) परमर्शदाता कम्पनीले पूनः विस्तृत सम्भाव्यता अध्ययन नगरेमा पालिकाबाट कालो सूचीमा राखिनेछ ।

(२) विस्तृत सम्भाव्यता अध्ययन गर्ने कम्पनी र जडानकर्ताबीच कुनै विवाद उत्पन्न भएमा पालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(३)दण्ड जरिवाना सम्बन्धी अन्य व्यवस्था खरीदऐन तथा नियमावली र पालिकाले यस कार्यविधिमा समय समयमा परिमार्जन गरी तोके बमोजिम हुनेछ ।

२४. स्थलगत निरीक्षण प्रमाणीकरण सम्बन्धी व्यवस्थाः पालिकाबाट माग भएबमोजिमको बोलपत्र पेश गर्न चाहने कम्पनीले वोलपत्र पेश गर्नुअघि स्थलगत निरीक्षण तथा प्रमाणीकरण गर्नु पर्नेछ ।

२५. आयोजना कार्यान्वयनको चरणमा अनुदान परिचालन सम्बन्धी व्यवस्थाः (१)पिको जलविद्युत् आयोजना तथा सुधारिएको पानी घट्टबाट विद्युतीकरणको लागि अनुदान परिचालन देहाय बमोजिम हुनेछ :

(क) निर्माणकर्ताले आयोजनाको लागि बोलपत्र पेश गर्नुअघि शतप्रतिशत लागतको स्रोतको प्रत्याभूति दिनु पर्नेछ । सोको अतिरिक्त १० प्रतिशत नगद रकम निर्माणकर्ताको बैंक खातामा जम्मा भएको हुनु पर्नेछ । उक्त रकम अन्य प्रयोजनका लागि खर्च गर्न सकिने छैन ।

(ख) आयोजनाको खरीदप्रक्रिया खरीदऐन तथा नियमावली बमोजिम पालिकाबाटगरिनेछ ।

(ग) आयोजना सम्पन्न भई शत प्रतिशत घरधुरीसम्म विद्युत्कोसर्भिस केवल जडानको सुनिश्चितता भएपछि जडानकर्ता कम्पनी, आयोजना निर्माणकर्ता र पालिकाका प्रतिनिधिहरूको उपस्थितिमा विद्युत् उत्पादन परीक्षण तथा हस्तान्तरण गरिनेछ ।

(घ) पालिकाबाट जडित आयोजनाको परीक्षण तथा हस्तान्तरण भएको एक बर्षभित्र आकस्मिक रुपमा विद्युत् शक्ति उत्पादन तथा प्रयोगकर्ता घरधुरी प्रमाणीकरण गरिनेछ ।

(ङ) आयोजना परीक्षण र हस्तान्तरण गरेको मितिले एक बर्षपछि नब्बे दिनभित्र जडानकर्ता कम्पनीले निर्माणकर्ता र पालिकाका प्रतिनिधिको रोहवरमा एक बर्षे प्रत्याभूति जाँच गर्नु पर्नेछ ।

(च) मनासिब कारणले उपस्थित हुन नसकेको अवस्थामा बाहेक अन्य अवस्थामा जडानकर्ता कम्पनीबाट माग भए पछि एक बर्षे प्रत्याभूति जाँच गर्नको लागि पालिकाका प्रतिनिधिहरु अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ ।

(२)साना तथा लघु जलविद्युत् आयोजनाको अनुदान परिचालनको सुनिश्चितता देहाय बमोजिम हुनेछः:

(क) निर्माणकर्ताले आयोजनाको ठेक्का प्रक्रियामा जानुअघि शत प्रतिशत लागतको स्रोतको प्रत्याभूति गर्नु पर्नेछ । यसका अतिरिक्त १० प्रतिशत नगद रकम निर्माणकर्ताको बैंक खातामा जम्मा भएको हुनु पर्नेछ । यस्तो रकम अन्य प्रयोजनका लागि खर्च गर्न सकिने छैन ।

(ख) खरीदप्रक्रिया तथा भुक्तानी खरीदऐन तथा नियमावली अनुसार गर्नुपर्नेछ । अन्य लागतको रकम सरकारी अनुदान,

पालिकाको अनुदान,अन्य निकाय वा कार्यक्रमबाट सहयोग, ऋण र व्यक्तिगत सहयोग जुटाउन सकिनेछ ।

(ग) आयोजना निर्माणकर्ता र जडान कम्पनीले प्रत्येक चार महिनामा कार्य प्रगति प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेछ ।

(३) आयोजनाको ठेक्का प्रतिस्पर्धा एकल प्याकेज वा दुई प्याकेजमा गर्न सकिनेछ । सकेसम्म एकल प्याकेजको कार्यलाई बढी प्राथमिकतामा राखिनेछ । दुई प्याकेजको कामलाई उत्पादन र प्रसारण र वितरण गरी छुट्याउन सकिनेछ । यस्तो अवस्थामा पालिकाले प्रत्येक प्याकेजको अनुदानका लागि छुट्टाछुट्टै स्वीकृत दिनु पर्नेछ ।

तर पहिलो स्वीकृत प्याकेज अनिवार्य रुपमा उत्पादन प्याकेज हुनुपर्नेछ ।

स्पष्टीकरणः यस प्रयोजनको लागि एकल प्याकेज भन्नाले आयोजनासँग सम्बन्धित सबै कार्य एकै पटकमा गर्न आव्हान भएको ठेक्का प्रक्रिया र दुई प्याकेज भन्नाले आयोजनासँग सम्बन्धित सबै कार्य पटक पटक वा दुई भागमा खण्डित गरी गर्न आव्हान भएको ठेक्का प्रक्रियासम्झनु पर्छ ।

(४) निजी निर्माणकर्ताको हकमा भने निर्माणकर्ता र ठेकेदारबीचको सहमतिमा गर्न सकिनेछ । मालसामान र कार्यको सम्पूर्ण प्राविधिक आधारभूत कुरा र स्पेसिफिकेशन पालिकाले तोकेको मापदण्ड तथा निर्देशिका अनुसार हुनुपर्नेछ ।

(५)आयोजनाको ठेक्का प्रतिस्पर्धा गर्दा एकल प्याकेज सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) जडानकर्ता कम्पनी वा ठेकेदारले आयोजना सम्पन्न भइसकेपछि विद्युत् ऊर्जा उत्पादन परीक्षण गर्नु पर्नेछ ।

(ख) विद्युत् ऊर्जा उत्पादन परीक्षण गर्दा कम्तीमा ७५ प्रतिशत घरहरूसम्म विद्युत् (सर्भिस केवल) जडानको सुनिश्चितता गर्नुपर्नेछ ।

(ग) विद्युत् ऊर्जा उत्पादन परीक्षण र घरधुरी प्रमाणीकरण कार्य पालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(घ) आयोजना परीक्षण र हस्तान्तरण गरेको मितिले एक बर्षपछिको ९० दिनभित्र जडानकर्ता कम्पनीले निर्माणकर्ता र पालिकाका प्रतिनिधिको रोहवरमा एक बर्षे प्रत्याभूति जाँच गर्नु पर्नेछ ।

(ङ) जडानकर्ता कम्पनीबाट माग भइसकेपछि कुनै कारणवस पालिकाका प्रतिनिधिको उपस्थिति नभएमा पनि सो कार्य सम्पन्न गर्न बाधा पुग्नेछैन ।

(६)आयोजनाको ठेक्का प्रतिस्पर्धा गर्दा दुई प्याकेज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) उत्पादनतर्फको कार्य सकिएपछि पालिकाको निर्देशिका अनुरुप विद्युत् ऊर्जा उत्पादन परीक्षण गर्नु पर्नेछ ।

(ख) वितरण र प्रसारणको कार्य सकिएपछि जडानकर्ता कम्पनी वा ठेकेदारले पालिकाको निर्देशिकाअनुरुप विद्युत् उत्पादन तथा घरधुरी प्रमाणीकरण गर्नुपर्नेछ ।

२६.अनुदान रकम भुक्तानीः (१) पिको जलविद्युत् आयोजना तथा सुधारिएको पानीघट्टबाट विद्युतीकरणको आयोजनाको हकमा पालिकाबाट जडानकर्तालाई निर्माणकर्ता र जडानकर्ताबीच भएको सम्झौता र खरीदऐन तथा नियमावलीअनुसार अनुदान रकम भुक्तानी गरिनेछ ।

(२) जडानकर्ताले पालिकाले उपलब्ध गराएबमोजिमको अनुदान निवेदन फाराम भरी अनुदानको दाबी गर्नुपर्नेछ र पिको जलविद्युत् आयोजना तथा सुधारिएको पानी घट्टबाट विद्युतीकरणको आयोजनाको हकमाकार्य प्रगति चरण बमोजिमको किस्ता भुक्तानी कार्य तालिका देहायअनुसार हुनेछः

किस्ता	कार्य प्रगतिका चरण
प्रथम	जलविद्युत्, ऊर्जा र सडक बत्ती शाखा वा एकाइले स्वयं वा गठित जलविद्युत् सम्बन्धी बिषयगत प्राविधिक कार्य समूह र समितिबाट पुनरावलोकन र मूल्याङ्कन गरी अनुदानका लागि सिफारिस गर्नेछ । यस्तो सिफारिसको आधारमा पालिकाले ७० प्रतिशतसम्म प्रथम किस्ता अनुदान रकम निकासा गर्नेछ ।
दोस्रो	सफलतापूर्वक जडान, परीक्षण तथा आयोजना हस्तान्तरण भएपछि २० प्रतिशत अनुदान रकम निकासा गरिनेछ ।
अन्तिम	एक बर्षे प्रत्याभूति जाँच र विद्युत् उत्पादन परीक्षण तथा घरधुरी प्रमाणीकरण कार्य सम्पन्न भएपछि पालिकाले बाँकी १० प्रतिशत रकम भुक्तानी गर्नेछ ।

(३) लघु तथा साना जलविद्युत् आयोजना सम्बन्धीसामग्री खरीदवापतको रकम तथा अग्रिम परिचालन वापतको पेश्की भुक्तानी गर्दा निर्माणकर्ता र जडानकर्ताबीच भएको सम्झौताबमोजिमदेहाय बमोजिमको कार्य प्रगति चरण र किस्तामाभुक्तानी रकमउपलब्ध गराइनेछ ।

विवरण	किस्ता	कार्य प्रगतिका चरण
अग्रिम परिचालन वापतको पेश्की	२० प्रतिशतसम्म	सम्झौता पश्चात बैंक प्रत्याभूतिको आधारमा

प्रथम किस्ता	७५ प्रतिशतसम्म	कार्यस्थलमा उपकरण हस्तान्तरण र हस्तान्तरण फारामको स्वीकृतीको आधारमा
दोस्रो किस्ता	९० प्रतिशतसम्म	विद्युत् ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको स्वीकृती पश्चात
अन्तिम किस्ता	बाँकी १० प्रतिशत	विद्युत् उत्पादन परीक्षण तथा घरधुरी प्रमाणीकरण प्रतिवेदनको स्वीकृती पश्चात

(४)लघु तथा साना जलविद्युत् आयोजना सम्बन्धी कामको छनौट तथा खरीद गर्दा निर्माणकर्ता तथा जडानकर्ताबीच भएको सम्झौता बमोजिम देहायको कार्य प्रगति चरण र भुक्तानी विवरण बमोजिमको भुक्तानी किस्ता उपलब्ध गराइनेछ। ।

विवरण	**किस्ता**	**कार्य प्रगतिका चरण**
अग्रिम परिचालनबापतको पेश्की	२० प्रतिशतसम्म	सम्झौता पश्चात बैंक प्रत्याभूतिको आधारमा
प्रथम किस्ता	५० प्रतिशतसम्म	कार्य स्थलमा निरीक्षण गर्दा कम्तीमा ५०

		प्रतिशत निर्माण कार्य सम्पन्न तथा ५० प्रतिशत उपकरणको हस्तान्तरण भएको स्वीकृती पश्चात ।
दोस्रो किस्ता	८० प्रतिशतसम्म	कम्तीमा ८० प्रतिशत निर्माण कार्य सम्पन्न तथा शत प्रतिशत उपकरणको हस्तान्तरण भएको स्वीकृती पश्चात ।
तेस्रो किस्ता	९० प्रतिशतसम्म	शत् प्रतिशत निर्माण कार्य तथा उपकरण हस्तान्तरण

		सम्पन्न भै हस्तान्तरण प्रतिवेदन स्वीकृती पश्चात ।
अन्तिम किस्ता	बाँकी १० प्रतिशत	विद्युत् ऊर्जा उत्पादन परीक्षण तथा घरधुरी प्रमाणीकरण प्रतिवेदनको स्वीकृती पश्चात ।

(५) जडानकर्ताले पालिकाले उपलब्ध गराए बमोजिमको अनुदान निवेदन फाराम भरी भुक्तानी रकम दाबी गर्नु पर्नेछ ।

२७. अनुदान परिचालन सम्बन्धी अन्य व्यवस्था : अनुदान परिचालन सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) आयोजनाको स्वामित्व जुनसुकै व्यक्ति वा संस्थाकामा भएता पनि खरीदकार्य निर्माणकर्ता स्वयंले गर्नु पर्नेछ ।

(ख) आयोजनाको ऊर्जा बिक्रीको व्यावसायिक योजना तथा आयोजनाको एकाई लागत मूल्य बिषयगत प्राविधिक कार्य समूहरसमितिबाट स्वीकृत गर्नु पर्नेछ ।

(ग) अनुदानको रकम भुक्तानी खपत भएको विद्युत् युनिटको आधारमा पाँच बर्षेसम्म अर्धवार्षिक रुपमा दिइनेछ ।

(घ) बिक्री विद्युत् युनिट (किलोवाट घण्टा) प्रमाणीकरणपछि मात्र अनुदान प्राप्तिको लागि योग्य हुनेछ ।

(ङ) आयोजनाको परीक्षण तथा हस्तान्तरण पालिकाले निर्धारण गरेको मापदण्डबमोजिम हुनेछ ।

(च) पालिकाबाट ऊर्जा बिक्री प्रमाणित भएपछि अनुदान स्वीकृतीका लागि सिफारिस गरिनेछ ।

(छ) ऊर्जा खपतमा आधारित अनुदान ऊर्जा खपत सूचकको ५० प्रतिशतसम्म उपलब्ध गराइनेछ ।

(ज)आयोजनाको निर्माणसँग सम्बन्धित ठेकेदार छनौट, निर्माणमा प्रयोग हुने सामग्रीको गुणस्तर सुनिश्चितता सम्बन्धी सम्पूर्ण कार्यहरुको पूर्ण जिम्मेवारी आयोजना विकासकर्ता स्वयंले लिनु पर्नेछ ।

(झ) आयोजना विकासकर्ताको अनुरोधमा आवश्यकताअनुसार पालिकाले आयोजनाको निर्माण अवधिभर प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्न सक्नेछ ।

२८. उत्पादनमूलक कामका लागि आयोजनाको उत्पादन क्षमतामा थप अनुदान परिचालन :(१) उत्पादनमूलक कामका लागि साना तथा लघु जलविद्युत् आयोजनाको उत्पादन क्षमतामा थप अनुदान परिचालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम थप अनुदान परिचालन गर्दा चालू पुरानो तथा नयाँ योजनामा देहाय बमोजिम मापदण्ड पुरा गरेको वा योग्य भएको हुनुपर्नेछः

(क) पुरानो आयोजना भएउत्पादनमूलक कार्यको लागि क्षमता थप गर्ने आयोजनाका साथै देहायको शर्त पुरा भएको भएमाउत्पादन अनुदानको लागि योग्य हुनेछ ।

(अ) क्षमता अभिवृद्धि कम्तीमा जडित क्षमताको एक तिहाइ हुनुपर्नेछ

(आ) उत्पादनमूलक कार्यको लागि प्रयोग गरेको हुनुपर्नेछ ।

(इ) आयोजनमा थप घरधुरीलाई वितरण सेवामा जोडिन्छ भने सोही अनुरुपको वितरणका लागि पनि थप अनुदान प्राप्त हुनेछ ।

(ई) पुराना आयोजनाले व्यापारिक योजनासहित विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेछ ।

(उ) व्यापारिक योजनाको लागत निर्माणकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।

(ख) नयाँ आयोजनाभए देहायको शर्त पुरा भएको भएमा उत्पादन अनुदानको लागि योग्य हुनेछ ।

(अ) निर्माणकर्ताले मागसहितको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन र तयार गरिएको व्यापारिक योजना पालिकामा बुझाउनु पर्नेछ ।

(आ) विस्तृत सम्भाव्यता अध्ययन गरी पालिकामा पेश गर्नुपर्नेछ ।

(इ) पेश हुन आएको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र व्यापारिक योजना प्राविधिक पुनरावलोकन समितिबाट स्वीकृत गरी अनुदान स्वीकृतीको लागि कोषमा सिफारिस गर्नेछ ।

(३) खण्ड (क) र (ख) बमोजिमका आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनमा उपलब्ध हुने सहयोग यस खण्डको सम्बन्धित दफामा उल्लेख भए बमोजिम हुनेछ ।

(४) खण्ड (क) र (ख) सँग सम्बन्धित अन्य प्रक्रिया यस खण्डमा उल्लेख भए अनुसार हुनेछ ।

२९. लक्षित समुदायलाई थप अनुदान : विद्युत् शक्ति उत्पादन पीरक्षणपश्चात लक्षित समुदायलाई अनुदान नीतिबमोजिम थप अनुदान दिन सकिनेछ र यस्ता लक्षित समुदाय तथा घरधुरीहरु ऊर्जा उत्पादन प्रमाणीकरण गर्ने समयमा प्रमाणित गर्नु पर्नेछ ।

३०. निर्माण कार्य सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत् आयोजनाहरूलाई थप अनुदान : (१)पालिकाको नवीकरणीय ऊर्जा नीति२०७६ अनुसार प्राविधिक तथा आर्थिक कारणले सम्पन्न हुन नसकेका आयोजनाहरूलाई थप अनुदान परिचालनको लागि देहायबमोजिमको योग्यता र शर्तहरुका आधारमा देहायको प्रक्रिया अपनाइ थप अनुदान प्रदान गर्न सकिनेछ :

(क) आर्थिक स्रोत जुटाउन नसकी तथा प्राविधिक कारणले पालिकाको नवीकरणीय ऊर्जा नीतितथा कार्यक्रम सञ्चालन तथा

व्यवस्थापन कार्यविधि २०७६ स्वीकृत भएको मितिसम्म सम्पन्न हुन नसकेका आयोजना हुनुपर्ने ।

(ख) ऊर्जा उत्पादन परीक्षण कार्य सम्पन्न नभएका आयोजनाहरू हुनु पर्नेछ ।

(ग) प्राकृतिक प्रकोपले क्षति गरेका आयोजनाहरू हुनु पर्नेछ ।

स्पष्टीकरणः"लघु जलविद्युत् आयोजना"भन्नाले दश किलोवाटदेखि एक सय किलोवाटसम्म जडित क्षमता भएको लघु जलविद्युत् आयोजना सम्झनु पर्छ ।

(२) यस दफा बमोजिम थप अनुदान प्रदान गर्दाउपभोक्ता समितिले गरेको कामको लागत पुनरावलोकन गर्न सकिनेछ ।

तर जडानकर्ता वा ठेकेदार कम्पनीलाई पहिल्यै ठेक्का दिइसकेका काममा भने पुनरावलोकनहुनेछैन ।

३१. खरीदर आवश्यक कागजात :खरीदप्रक्रिया र सोसँग सम्बन्धित आवश्यक कागजसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) निवेदकले पालिकामा औपचारिक निवेदन दिनु पर्नेछ ।

(ख) सम्पन्न भएको कामको मूल्याङ्कन र बाँकी कामको लागत अनुमान जलविद्युत्सम्बन्धीबिषयगत प्राविधिक कार्य समूहरसमितिबाटपालिकाले गर्नेछ।

(ग) मूल्याङ्कनकर्ताले त्यस्ता आयोजनाको सार्वजनिक लेखापरीक्षण भएको सुनिश्चितता गर्नुपर्नेछ ।

३२.अनुदान रकम निकासा तथा भुक्तानीः(१) आयोजनाकोअनुदान रकम निकासा तथा भुक्तानी देहाय तालिकामा उल्लिखित कार्य प्रगति चरण र किस्ता बमोजिम हुनेछः

विवरण	किस्ता	कार्य प्रगतिका चरण
प्रथम किस्ता	५० प्रतिशतसम्म	जलविद्युत्, ऊर्जा र सडक बत्ती शाखा वा एकाइले स्वयं वा गठित जलविद्युत्सम्बन्धी बिषयगत प्राविधिक कार्य समूह

		र समितिबाट पुनरावलोकन र मूल्याङ्कन गरी अनुदानका लागि सिफारीसको आधारमा ।
दोस्रो किस्ता	बाँकी ५० प्रतिशत	ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण कार्य सम्पन्न र जल विद्युत्सम्बन्धी बिषयगत प्राविधिक कार्य समूह र समितिबाट सिफारीस भएपछि ।

(२) उपदफा (१) बमोजिम भुक्तानी गर्दा पालिकाले ढुवानी सुनिश्चित गरेको खण्डमास्वीकृत थप अनुदान रकमबाट ढुवानी खर्च घटाइनेछ ।

३३. सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत् आयोजनाहरूको व्यवस्थापनः (१)पालिकाले आर्थिक र प्राविधिक कारणले अनुदान स्वीकृत भएको मितिले तीन बर्षसम्म सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत् आयोजनाहरुको सम्पन्न हुन नसक्नुका कारण पहिचान गरी सोको व्यवस्थापन गर्ने उपयुक्त उपाय अवलम्वन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्पन्न हुन नसकेका पुराना लघु जलविद्युत् आयोजनाहरुको सम्पन्न हुन नसक्नुका कारणको पहिचान र सोको व्यवस्थापन देहाय बमोजिम गर्नुपर्नेछः

क्र सं	सम्पन्न हुन नसक्नुको कारण	व्यवस्थापन गर्ने उपाय
१	ऊर्जा उत्पादन प्रमाणीकरण गरिएको तर पूरा नभएको	पालिकाले ऊर्जा उत्पादन प्रमाणीकरण प्रतिवेदनबमोजिम उत्पादित विद्युत्को क्षमताको आधारमा अनुदानको भुक्तानी गर्ने,

२	ऊर्जा उत्पादन परीक्षण तथा प्रमाणीकरण भैसकेका आयोजनाहरूको प्राकृतिक प्रकोपबाट क्षति भएको	पालिकाले ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण वा प्रमाणीकरण प्रतिवेदनको आधार मानी उत्पादित विद्युत् क्षमताको आधारमा अनुदान भुक्तानी गर्ने,
३	जडानकर्ता वा ठेकेदार पक्षबाट काम सम्पन्न भै राष्ट्रिय प्रसारण लाइन पुगेको कारण रोकावट आएकोमा	पालिकाबाट राष्ट्रिय प्रसारण लाइनमा जडान गर्न सहयोग गर्ने, सो कार्य गर्न नसकेको अवस्थामा पालिकाको छनौटमा प्रमाणीकरण समूह परिचालन गराई प्राप्त प्रतिवेदनको आधारमा सम्पन्न कामको मूल्यांकन गरी अनुदान फरफारक गर्ने,
४	सबै उपकरण जडान तथा परीक्षण गरिएको तर उपभोक्ता र निमार्णकर्ताको लापरवाहीको कारणले कम बहाबका कारण पूर्ण उत्पादन नभएको	निमार्णकर्ताको लापरवाहीले गर्दा कम बहाब भएको पाइएमा देहाय बमोजिम आयोजनाको अनुदान फरफरक गर्नु पर्नेछ, पालिकाले सम्बन्धित उपभोक्ता समिति निमार्णकर्ता र ठेकेदार, पालिकाका प्रतिनिधि र प्राविधिक सम्मिलित टोलीमार्फत कम बहाबको कारण बुझि सो को प्रमाणीकरण गर्नेछ र इलेक्ट्रो मेकानिकल उपकरणहरूको कार्य क्षमता तथा गुणस्तर, विद्युत् उत्पादन तथा घरधुरी जडानको अवस्था बुझ्नु पर्नेछ । पालिकाको मापदण्ड बमोजिमको दक्षता तथा गुणस्तर भएको पाइएमा

		अनुदान नीतिको अधिनमा रही अनुदान रकम भुक्तानी गर्नु पर्नेछ ।
५	निर्माण संरचना र पानीको बहाब डिजाइन अनुसार नै भएको तर उपकरणमा समस्या उत्पन्न भएको (पेनस्टकको गलत नाप, टरवाइन, जेनेरेटर, टेलरेश वा कम्पनीको कमसल काम भएको) परियोजनाको फरफारक सम्पन्न नभएको,	यस अन्तर्गतका आयोजनाहरूको फरफारक देहायबमोजिम हुनेछ : पालिकाले सबन्धित उपभोक्ता समिति निमार्णकर्ता र ठेकेदार, पालिकाका बिषयगत प्राविधिक कार्य समूह र समितिबाट ऊर्जा आपूर्ति कमी हुनुको कारण परीक्षण तथा प्रमाणित गर्ने, टोलीबाट इलेक्ट्रो मेकानिकल उपकरणहरूको कार्य क्षमता तथा गुणस्तर, विद्युत् उत्पादन तथा घरधुरी जडानको प्रमाणीकरण गरी अनुदान नीतिको अधिनमा रही अनुदान रकम भुक्तानी गर्ने,
६	निर्माणकर्ताले उपकरणहरू कम्पनीबाट नलिएको वा केही वा पुरा	स्वतन्त्र रुपले आयोजनाको अध्ययन गर्ने । पुनःप्रयोगमा आउन सक्ने र नसक्ने सामानहरूलाई छुट्याई संख्याङ्कन र

	उपकरणहरू निर्माणस्थलमा पहिल्यै पुगेको तर उपभोक्ता समितिले आयोजना निर्माणको सुनिश्चितता गर्न नसकेको वा त्याग गरेको आयोजना निम्नअनुसार फरफारक हुनेछ	मूल्याङ्कन गर्ने । अनुदान नीतिको अधिनमा रही संख्याङ्कन र मूल्याङ्कनको आधारमा पुनः प्रयोग हुन नसक्ने मालसामानहरुको लागि रकम उपलब्ध गराइनेछ ।
७	निमार्णकर्ता र उपभोक्ता र जडानकर्ता बीच सम्झौता भएपनि उपभोक्ताको गरिबीको कारण आयोजनाको आर्थिक कारोबार पूर्ण रुपमा सम्पन्न नभएको	कार्यविधिको अधिनमा रही अनुदान रकम प्रदान गरिनेछ । बाँकी रहेको वास्तविक रकम पत्ता लगाउन आयोजनाको लेखा परीक्षण (प्राविधिक र आर्थिक) र सार्वजनिक लेखा परीक्षण गरिनेछ ।
८	दैबी प्रकोप जस्तैः भूकम्प, बाढी पहिरो आदिबाट निर्माणाधीन अवस्थामै पूर्ण वा आंशिक क्षतिग्रस्त आयोजनाहरु	स्वतन्त्र रुपले आयोजनाको अध्ययन गरी वास्तविक क्षति पत्ता लगाउन आयोजनाको मूल्याङ्कन गरिनेछ । कार्यविधिको अधिनमा रही मूल्याङ्कन गरी अनुसारको वास्तविक क्षतिको रकम उपलब्ध गराइनेछ ।

३४. पिको जलविद्युत् र सुधारिएको पानी घट्टबाट विद्युतीकरण आयोजनाको विद्युत् जडित घरधुरीको शक्ति उत्पादन तथा प्रमाणीकरणः(१)पिको जलविद्युत् र सुधारिएको पानी घट्टबाट विद्युतीकरण आयोजनाका हकमा ऊर्जा उत्पादन कबुल गरेको

क्षमतामा १० प्रतिशतमा घटबढ नहुने गरी उत्पादन गरेको हुनु पर्नेछ ।

(२) उत्पादित ऊर्जा तथा घरधुरी संख्याको प्रमाणीकरण पालिकाको लघु, साना जलविद्युत् आयोजनाको ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण निर्देशिकाअनुरुप गरिनेछ ।

तर सो निर्देशिकानबनेसम्म नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित नीतिको अनुशरण गरिनेछ ।

(३) जडित क्षमता स्वीकृत भएको उत्पादन क्षमताभन्दा कम भएको खण्डमा अन्तिम अनुदान एकाइ दरमा निर्धारण गरिनेछ । बाँकी रहेको अनुदान रकम घटाइएको अनुदान रकमबाट काटेर बाँकी किस्तामा दिइनेछ ।

३५. साना तथा लघु जलविद्युत आयोजनासम्बन्धी विद्युत् जडित घरधुरीको शक्ति उत्पादन तथा प्रमाणीकरण (१) २०किलोवाटसम्मका आयोजनामा ऊर्जा उत्पादन स्वीकृत विद्युत् क्षमतामा १० प्रतिशत घटबढमा कम नहुने गरी उत्पादन हुनु पर्नेछ ।

(२) २० देखि १००किलोवाटसम्मका आयोजनाका लागि पाँच प्रतिशत र सय किलोवाट माथिका आयोजनाका लागि तीन प्रतिशत घटबढमा कम नहुने गरी उत्पादन गरेको हुनु पर्नेछ ।

(३) उत्पादित ऊर्जा तथा घरधुरी संख्याको प्रमाणीकरण पालिकाकोसाना तथा लघु जलविद्युत् आयोजनाको ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरण निर्देशिकाअनुरुप गरिनेछ ।

तर सो निर्देशिकानबने सम्म नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निर्देशिकाको अनुशरण गरिनेछ ।

स्पष्टीकरणः "साना जलविद्युत् आयोजना"भन्नाले एकसय किलोवाटदेखि एक हजार किलोवाटसम्म जडित क्षमता भएको जलविद्युत् प्रणाली सम्बन्धी साना जलविद्युत् आयोजना सम्झनु पर्छ ।

३६. प्रत्याभूति अवधि : (१) जडानकर्तारठेकेदार पक्षबाट मेकानिकल तथा इलेक्ट्रिकल उपकरणहरूमा एक बर्षे प्रत्याभूति दिनु पर्नेछ ।

(२) जडानकर्तारठेकेदारले दिएको प्रत्याभूति समयको अवधिमा कम्तीमा एक पटक नियमित जाँच गर्नु पर्नेछ र आयोजना निर्माणकर्तालाई सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सुधारको लागि सुझाव दिनुपर्नेछ ।

३७. सञ्चालन तथा मर्मत अवधि : (१) ठेकेदाररजडानकर्ता वा आपूर्तिकर्ताले आयोजनासँग सम्बन्धित व्यक्तिहरू (व्यवस्थापक, सञ्चालक, इलेक्टिसियन वा अन्य) लाई काममा प्रशिक्षण दिई सञ्चालन तथा मर्मत गर्न सक्षम संयन्त्र निर्माण गर्नु पर्नेछ ।

(२)ठेकेदारले कम्तिमा एक बषसम्मआयोजना सञ्चालन तथा मर्मतको लागि चाहिने सम्पूर्ण व्यक्ति, उपकरण तथा सामग्रीहरू प्रदान गर्नु पर्नेछ ।

(३) माथि उपदफा बमोजिमको शर्त सम्बन्धी प्रावधान सम्झौतापत्रमा नै उल्लेख गर्नु पर्नेछ ।

(४)सञ्चालन र मर्मत अवधिपछि निर्माणकर्ताले बाह्य सोतबाट ऊर्जा सेवा कम्पनी (भ्क्त्रइ) मोडेलबमोजिम सञ्चालन र मर्मत कार्य गर्न सक्नेछ ।

३८. अनुगमन तथा मूल्याङ्कनःअनुगमन तथा मूल्यांकनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) पालिकाको आफ्नै अनुगमन संयन्त्रका साथै तेस्रो पक्षको रुपमा रहेका परामर्शदातामार्फत् समेत जडित आयोजनाको नियमित अनुगमन गराइनेछ ।

(ख) पालिकाबाट तोकिएका स्वतन्त्र परामर्शदाताद्वारा प्रत्येक दुई बर्षमा आयोजनाको प्रभाव मूल्याङ्कन र उपभोक्ताको सन्तुष्टीसम्बन्धी मूल्यांकन तथा अध्ययन गराइनेछ ।

(ग) यस खण्ड बमोजिम आयोजनाको प्रभाव मूल्यांकन गर्दा अनिवार्य रुपमा तोकिए बमोजिमका सूचकमा आधारित भई वातावरणीय परीक्षणका विभिन्न बिषय तथा पक्षहरु समेटी गर्नुपर्नेछ साथै अनुगमन संयन्त्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका विभिन्न विषय र पक्षहरुलाई समेत समेट्नु पर्नेछ ।

(घ) आयोजना निर्माणकर्ताले आयोजनाको निर्माण कार्य सुरु गर्नुअघि अनिवार्य रुपमा सार्वजनिक सुनुवाई सम्पन्न गर्नुपर्नेछ ।

(ङ) आयोजना सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी हुनु अगावै सार्वजनिक र आर्थिक लेखा परीक्षण गरी सोको अन्तिम प्रतिवेदन पालिकामा पठाउनु पर्नेछ ।

३९दण्ड र जरिवाना : (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीयस खण्ड बमोजिमका बिषयमा दण्ड जरिवाना र सजायसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरणको क्रममा ऊर्जा उत्पादन कबुल गरेको सीमाभन्दा कम भएमा २० किलोवाट क्षमतासम्मका लागि १० प्रतिशत घटबढ, २० किलोवाटदेखि १०० किलोवाट क्षमतासम्मका लागि पाँच प्रतिशतले घटबढ र १००किलोवाट क्षमताभन्दा माथिका लागि तीन प्रतिशतसम्म घटबढ) पालिकाले स्वीकृत गरेको अन्तिम अनुदानअनुसार घटेको किलोवाट उत्पादनका आधारमा अनुदान रकममा कटौती गरी बाँकी रहेको दोस्रो र तेस्रो किस्तामा मिलान गरी निमार्णकर्ता वा आपूर्तिकर्ता कम्पनीलाई स्वीकृत प्रति किलोवाट अन्तिम एकाई दरमा अनुदानको रकम उपलब्ध गराइनेछ ।

(ख) सम्बन्धित जडानकर्ता वा आपूर्तिकर्ताले घटेको रकमको क्षतिपूर्ति तिर्नुपर्ने भएमा अनुदानबाट चालु वा अन्य आयोजनाहरूबाट मिलाइनेछ ।

(ग) प्रत्याभूति अवधिको समाप्तभएपछि समस्या देखिएमा सम्बन्धित उपकरण निर्माणकर्ता र जडानकर्ताले निर्माणकर्तासँगको सहकार्यमा सस्तो मूल्यमा मर्मत तथा उपकरणको प्रतिस्थापन गर्न सक्नेछ ।

(घ) प्रत्याभूति अवधिमा निर्माणमा कुनै समस्या देखिएमा वा जडान गरिएको प्रणाली (इलेक्ट्रीकल तथा मेकानिकल) मा सुधार गर्नुपर्ने भएमा सम्बन्धित उपकरण निर्माणकर्ता र जडानकर्तालाई सूचना दिनु पर्नेछ ।

(ङ) निर्माणकर्ता र जडानकर्ताले निर्माणकर्तालाई असर नपर्ने गरी सम्बन्धित उपकरणको मर्मत वा प्रतिस्थापन गर्नु पर्नेछ । उपकरण निर्माणकर्ता र जडानकर्ता कम्पनीले २१ दिनभित्र प्रत्याभूतिसेवा नदिएमा निर्माणकर्तालाई रिटेन्सन रकमबाट क्षतिपूर्ति रकम उपलब्ध गराइनेछ । रिटेन्सन रकम अपुग हुन गएमा जडानकर्तालाई तिर्नुपर्ने अन्य आयोजनाको अनुदान रकमबाट उपलब्ध गराइनेछ ।

(च) उक्त उपकरण निर्माणकर्ता र जडानकर्ताले बिक्रीपछिको सेवा वा विद्युत् उत्पादनमा प्रति किलोवाट उत्पादन र वा प्रयोगकर्ता घरधुरी घटेअनुसारको अनुदान घटाउन नमानेमा २०० प्रतिशतको हिसाबले रिटेन्सन अनुदान रकमबाट जरिवाना रकम काटिनेछ ।

(छ) दण्ड जरिवाना नतिरेमा वा तिर्न मञ्जुर नगरेमा सम्बन्धित उपकरण निर्माणकर्तावा जडानकर्तारआपूर्तिकर्तालाई एक बर्षको लागि काम गर्न नपाउने गरी प्रतिबन्ध लगाइनेछ। तीन पटकसम्म ताकेता गर्दा समेत नतिरेमा, सम्बन्धित उत्पादकरजडानकर्ता वा आपूर्तिकर्तालाई कालो सूचीमा राखिनेछ ।

(२) दण्ड जरिवानासम्बन्धी अन्य व्यवस्थाहरु खरीदऐन तथा नियमावली र विकास साझेदारको कार्यविधि तथा निर्देशिकाबमोजिम हुनेछ ।

(३) यस दफा बमोजिमको व्यवस्था यो कार्यविधि लागू हुँदाको बखत फरफारक गर्न बाँकी रहेका आयोजनाहरुको हकमा समेत लागू हुनेछ ।

ख. कृषिजन्य प्रशोधनको लागि सुधारिएको पानी घट्ट प्रविधि सम्बन्धमाः

४०. अनुदानका लागि योग्य हुनेः (१) कृषिजन्य प्रशोधनको लागि सुधारिएको पानी घट्ट प्रविधि सम्बन्धी अनुदान प्राप्त गर्नका लागि व्यवसायी/सुधारिएको पानीघट्ट धनी भएको हुनुपर्नेछ ।
(२) यस खण्ड बमोजिमको अनुदान प्राप्त गर्नका लागि इच्छुक पानीघट्ट धनीले पालिकाले तोकेबमोजिमको ढाँचामा वा वेबसाइटमा उपलब्ध फाराम बमोजिमको निवेदन भरी बुझाउनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम निवेदनदिँदा वा आवेदन फाराम पेश गर्दा देहाय बमोजिमका विवरण खुलाई पेश गर्नुपर्नेछ :
(क) साधारण विवरण :
(अ) नाम, ठेगाना र सम्पर्क फोन नम्बर
(आ) नागरिकता प्रमाणपत्रको नम्बर र जारी गर्ने जिल्ला
(इ) लिङ्ग
(ई) विधवा र एकल महिला र अपाङ्ग र जनजाति र दलित
(ख) प्राविधिक विवरण :
(अ) प्रणालीको नाम र साइज र क्षमता
(आ) प्रणाली कोड नं.
(इ) भौगोलिक अवस्थिति (जिपिएसको अर्डिनेट्स), उपलब्ध भएमा
(ग) जडान गर्ने कम्पनीको विवरण
(अ) कम्पनीको नाम, ठेगाना
(आ) कम्पनीको कोड नम्बर
(इ)सम्पर्क व्यक्तिको नाम र टेलिफोन नम्बर
(ई) जडान गर्ने प्राविधिकको नाम
(उ) प्राविधिकको कोड

(घ) अन्य कागजातहरू :

(अ) व्यवसायी/सुधारिएको पानीघट्ट धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(आ) उद्यमी र कम्पनीबीच भएको सम्झौतापत्र ।

४१. प्रविधिको आपूर्तिको लागि योग्य हुनेः(१)यस खण्ड बमोजिमका प्रविधिहरुको आपूर्ति तथा अनुदानका लागि योग्यता सम्बन्धमा सुधारिएको पानीघट्टसम्बन्धी औजार उपकरण निर्माणकर्तारजडानकर्ता कम्पनीको योग्यताका आधार र सोको प्रमाणका लागि आवश्यक कागजपत्रहरू देहाय बमोजिम हुनेछः

आधारहरू	प्रमाणको लागि आवश्यक कागजात
नेपाल सरकारमा दर्ता भएको औजार निर्माण र आपूर्ति कम्पनी हुनुपर्ने	क. कम्पनी दर्ता प्रमाणपत्र, ख. प्यान वा भ्याटमा दर्ता भएको प्रमाणपत्र, ग. निवेदन दिनुभन्दा अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन, घ. निवेदन दिनुभन्दा अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र, ङ. आर्थिक स्थिति देखिने किसिमको बैंकको विवरण, च. संयुक्त सम्झौता तथा प्यान/भ्याट दर्ता प्रमाणपत्र, (उपलब्ध भएमा) छ. कर्मचारीको विवरण र हस्ताक्षर गरिएको वैयक्तिक विवरण, ज. कम्पनीको विवरण तथासञ्चालकको जानकारी ।

(२) उपदफा (१) बमोजिम योग्यता तथा मापदण्ड पूरा भएका औजार-उपकरणहरु निर्माणकर्ता वा जडानकर्ता कम्पनीले व्यवसायी र सुधारिएको पानीघट्ट धनीको घरधुरीमा प्रविधि आपूर्ति र जडान सम्पन्न गरी धनीको तर्फबाट अनुदान रकमको दाबी गर्नु पर्नेछ ।

४२.अनुदान निकासा र भुक्तानी :यस खण्ड बमोजिम अनुदानको निकासा र भुक्तानीसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :
(क) उपभोक्ताको तर्फबाट औजार-उपकरण निर्माणकर्तारजडानकर्ता कम्पनीले पालिकाले तोकेको ढाँचामा अनुदान निवेदन फाराम भरी आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी फाराम बुझाउनु पर्नेछ ।
(ख) सम्पूर्ण कागजात तथा फोटोहरु अनुदान निवेदन फाराममा टाँसी गरी बुझाउनु पर्नेछ ।
(ग) अनुदान निवेदन फाराम भरी बुझाइसकेपछि मात्र अनुदान रकम भुक्तानी गरिनेछ ।

४३. अनुगमन तथा मूल्याङ्कन :(१) यस खण्ड बमोजिम पालिका आफैँले वा स्वतन्त्र परामर्शदाताद्वारा जडित प्रणालीमा शत प्रतिशत नियमित स्थलगत अनुगमन गर्नेछ ।
(२) उपदफा (१) बमोजिम गरिएको अनुगमनमा सुधारिएको पानीघट्टले सन्तोषजनक रुपमा काम गरेको पाइएमा पालिकाले निर्माणकर्तालाई अनुदान भुक्तानी गर्नेछ ।
(३) कम्पनीको कार्य सम्पादनको मूल्याङ्कन स्थलगत अनुगमन गरेर प्राप्त हुन आएका तथ्याङ्क तथा विवरणको आधारमा गरिनेछ ।
(४)पालिकाले नियमित अनुगमन तथा निरीक्षण गर्ने कार्य उपभोक्ताको असन्तुष्टि वा प्रतिवेदनको आधारमा गर्न सक्नेछ ।

४४.. दण्ड र जरिवाना:(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीयस खण्ड बमोजिम अनुगमनको क्रममा जडित सुधारिएको पानीघट्टको सम्वन्धमा कुनै किसिमको खराबी देखिएमा वा सुधार गर्नुपर्ने अवस्था देखिएमा व्यवसायीरसुधारिएको पानीघट्टधनी र जडानकर्तालाई सुधारको लागि जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा सम्झौता बमोजिम आयोजना निर्माण नभएको प्रमाणित भएमा देहाय बमोजिमको अवस्थामा देहाय बमोजिम अनुदानको प्रतिशतका आधारमा जडानकर्ता कम्पनीलाई दण्ड जरिवाना गरिनेछ :

अवस्था	**दण्ड जरिवाना (अनुदानको प्रतिशतका आधारमा)**
क. साधारण	
जडानबिना अनुदानको दाबी गरिएको पाइएमा (व्यवशायी र सुधारिएको पानीघट्ट धनी पहिचान भएको (भेटिएको) तर सुधारिएको पानीघट्ट जडान नभएको),	३०० प्रतिशत
व्यवसायी र सुधारिएको पानीघट्ट धनी पहिचान नभएको (नभेटिएको) वा पत्ता नलागेको वा दिइएको ठेगानामा नभेटिएको,	१०० प्रतिशत
एकै व्यवसायी र सुधारिएको पानीघट्ट धनीको लागि दुई पटक अनुदान दाबी गरिएको,	३०० प्रतिशत
अन्य संस्थाको पूर्ण आर्थिक सहयोगमा निर्माण भएको सुधारिएको पानी घट्टको लागि अनुदान दाबी गरिएको,	२०० प्रतिशत
सुधारिएको पानीघट्ट फरक व्यवसायी वा सुधारिएको पानी घट्ट धनीकोमा जडान भएको	१०० प्रतिशत
सुधारिएको पानी घट्टको अनुदान निवेदन फाराममा उल्लेखित कोड मानीमा खोपिदिएको पहिचान नम्बरसँग नमिलेको	५० प्रतिशत
जडानकर्ता कम्पनीले जडानमा तथा मेकानिकल भागमा भएको खराबी कारण भएको बिक्री पछिको सेवा उपलब्ध नगराएको	५० प्रतिशत

अवस्था	दण्ड जरिवाना (अनुदानको प्रतिशतका आधारमा)
ख. स्पेसिफिकेशनमा हेरफेर	
सुधारिएको पानी घट्टको डिजाइनमा पालिकाद्वारा निर्धारित मापदण्डरनिर्देशिकाभन्दा फरक परी सुधारिएको पानीघट्टको कार्य सम्पादन र कार्यक्षमतामा कमी आएमा (पालिकाबाट स्वीकृती नलिई हेरफेर गरेमा)	१०० प्रतिशत
कार्य सम्पादन र कार्यक्षमतामा महत्वपूर्ण परिवर्तन नदेखिई केही फरक आएमा (पालिकाबाट स्वीकृती नलिई हेरफेर गरेमा)	५ प्रतिशत

४५. अन्य व्यवस्था तोकिए बमोजिम हुने: यस खण्ड सम्बन्धी अन्य व्यवस्था पालिकाले समय समयमा तोके बमोजिम हुनेछ ।

ग.सौर्य ऊर्जा सम्बन्धमाः

४६. विद्युतीकरण नभएको ठाउँको लागि सौर्य ऊर्जामा अनुदान उपलब्ध हुनसक्नेः (१) यस कार्यविधिको प्रयोजनका लागि सौय ऊर्जाअन्तर्गत साना घरेलु सौर्य विद्युत् प्रणाली र सौर्य घरेलु विद्युत् प्रणाली भन्नाले देहायका प्रणालीलाई सम्झनुपर्छ ।

(क) "साना घरेलु सौर्य विद्युत् प्रणाली"भन्नाले ब्याट्री, सोलार चार्ज कन्ट्रोलर र उपयुक्त संख्यामा बल्बहरू समेतको १०देखि २० वाट पिक क्षमता भएको सौर्य फोटोभोल्टिक पातासहितको साना घरेलु सौर्य विद्युत प्रणाली सम्झनु पर्छ ।

(ख) "सौर्य घरेलु विद्युत् प्रणाली"भन्नाले ब्याट्री, सोलार चार्ज, कन्ट्रोलर र उपयुक्त संख्यामा बल्बहरू समेतको ५० वाट वा सो

भन्दा बढी क्षमता भएको सौर्य फोटोभोल्टिक पातासहितको सौर्य घरेलु विद्युत प्रणाली सम्झनु पर्छ ।

(२) यस कार्यविधिको प्रयोजनका लागि अन्तर्गत अनुदान प्राप्त गर्नको लागि विद्युतीकरण नभएको ठाउँ भन्नाले देहाय बमोजिमका स्थानहरुलाई जनाउनेछ :

(क) घरधुरी वा संस्थामा कुनै पनि किसिमको विद्युत् प्रसारण सेवा नपुगेको,

(ख) कुनै वडामा आंशिक विद्युत् प्रसारण सेवा पुगेको तर सम्बन्धित घरधुरी वा संस्थामा विद्युत् जडान नभएको स्थान,

स्पष्टीकरणः उपखण्ड (ख) बमोजिम भएकोमा सम्बन्धित वडाको सिफारिस आवश्यक पर्नेछ ।

(ग) पानीको श्रोत कुनै पनि किसिमको विद्युत् वितरण सेवाबाट ३०० मिटरभन्दा टाढा रहेका स्थान भएको हुनु पर्नेछ ।

(३) उपदफा (२) को उपखण्ड (ग) बमोजिमको बिषय विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनमा समावेश भई प्रमाणीकरण वा पुष्टी भएको हुनु पर्नेछ ।

४७. साना घरेलु तथा घरेलु सौर्य ऊर्जा प्रणाली सम्बन्धी अनुदान परिचालन प्रक्रिया :(१) साना घरेलु तथा घरेलु सौर्य ऊर्जा प्रणालीअन्तर्गतको अनुदान परिचालन तथा आवेदन प्रक्रिया र मापदण्ड देहाय बमोजिम हुनेछ :

(क) कम्पनीहरूले पालिकाको मापदण्डअनुसार मागको सिर्जना गरी घरेलु सौर्य ऊर्जाको जडान गर्न आवेदन पेश गर्नुपर्नेछ ।

(ख) कम्पनीहरूले घरेलु सौर्य विद्युत प्रणाली अन्तर्गतको अनुदानको लागि निर्धारित अनुदान आवेदन फाराम भरी आवश्यक कागजातहरु समेत संलग्न गरी पालिकामा पेश गर्नु पर्नेछ ।

(ग) कम्पनीहरुले आवेदन फारामसाथ सौर्य विद्युत् प्रणाली धनीको नागरिकताको फोटोकपी, प्राविधिक तथा प्रणालीसहित घर र घरधनीको एकल वा संयुक्त फोटो (घरको साथमा), प्रणाली धनी स्वयं उपस्थित हुन नसक्ने अवस्थामा परिवारको अन्य सदस्यको

फोटो तथा यस्तो अवस्थामा मुचुल्का उठाई नाता प्रमाणित गराई सोको कागजातहरु संलग्न गरी पेश गर्नु पर्नेछ ।

(घ) अनुदान आवेदन फाराम प्राप्त भएपछि पालिकाले त्यसको मूल्याङ्कन गर्नेछ र अनुदान प्रशोधन प्रक्रिया अनुरूप भएमा पालिकाले ९५ प्रतिशत अनुदान रकम स्वीकृत गर्नेछ । आवेदन फाराम प्राप्त भएको ३० दिनभित्रपालिकाले अनुदान स्वीकृती सम्बन्धी सम्पूर्ण प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(ङ) पालिकाबाट थप परीक्षण तथा मूल्याङ्कन गर्दा अनुदान परिचालन कार्यविधि अनुसार भएको पाइएमा सो पाइएको प्रमाणीकरण भएको १५ दिनभित्रसम्बन्धित कम्पनीलाई ९५ प्रतिशत अनुदान रकमभुक्तानीगर्नु पर्नेछ ।

(च) उत्पादित सौर्य ऊर्जा उत्पादन भई सोकोबिक्रीपछिको एक बर्षे निःशुल्क सेवाको जिम्मेवारी जडान गर्ने कम्पनीमा रहनेछ । पालिकामा उपभोक्ताले बिक्रीपछिको सेवाको बारेमा गुनासो लेखाउन सक्नेछन् । पालिकाले गुनासो सम्बन्धमा जानकारी गराएको १० दिनभित्र सम्बन्धित कम्पनीले उपभोक्ताहरुलाई आवश्यक सेवा प्रदान गर्नु पर्नेछ । सम्बन्धित कम्पनीले आफूले प्राप्त गरेको जानकारीअनुसार सेवा प्रदान नगरेमा वा ढिला सेवा प्रदान गरेकोमा अनुगमन मापदण्ड बमोजिम पालिकाले कारबाही गर्न सक्नेछ । बिक्रीपछिको एक बर्षको अवधिमा कुनै पनि गुनासो नआएमा धरौटीबापतको रकम स्वतः फुकुवा गरिनेछ ।

(छ) कार्यविधि बमोजिम प्रणालीमा प्रयोग हुने उपकरण तथा सामग्रीहरुको वारेण्टी तथा ग्यारेण्टी नेपाल सौर्य विद्युत् गुणस्तर (ल्भ्एत्तब) अनुसार हुनेछ ।

(ज) सौर्य ऊर्जामा प्रयोग हुने ब्याट्री व्यवस्थापनको लागि ब्याट्री भौचरमा उल्लेख गरिएको रकम अनुदान रकमबाट कट्टा गरी कोषको छुट्टै खातामा जम्मा गरी ब्याट्री व्यवस्थापनको लागि प्रयोग गरिनेछ ।

(झ) उपभोक्ताहरुले आफ्नो आवश्यकताअनुसार कम्तीमा पाँचबर्षे अगाडि साना घरेलु सौर्य प्रणाली वा घरेलु सौर्य प्रणालीको प्रयोग

गरिरहेको र हाल आवश्यकता वृद्धि भई ठूला किसिमका घरेलु सौर्य प्रणाली (८० वाटपिक वा सोभन्दा ठूला) प्रणाली राख्न चाहेमा अनुदान नीतिको अधिनमा रही अनुदान रकम उपलब्ध हुनेछ ।

(ञ) एकमुष्ट रुपमा कुनै निश्चित स्थान वा क्षेत्रमा धेरै संख्याहरुमा साना घरेलु सौर्य प्रणाली वा घरेलु सौर्य प्रणालीहरूको प्रबर्द्धन गर्दा खरीदऐन तथा नियमावाली वा घटाघटबाट खरीदविधिमार्फत् प्रतिस्पर्धी कम्पनी छनौट गरिनेछ ।

(ट) प्रतिस्पर्धी कम्पनीहरूको योग्यता सूचकहरू बोलपत्र कागजातमा उल्लेख भएबमोजिम हुनेछ ।

४८. संस्थागत सौर्य विद्युत् तथा सौर्य खानेपानी प्रणाली अन्तर्गत समावेश भएको मानिनेः (१) संस्थागत सौर्य विद्युत् प्रणाली अन्तरगत सौर्य विद्युत् प्रणाली सेट, ल्यापटप, कम्प्युटर तथा शैक्षिक सफ्टवेयर, प्रिन्टर, फोटोकपी मेसिन, स्क्यानर, फ्याक्स, इन्टरनेटको लागि प्रयोग हुने उपकरणहरु, प्रोजेक्टर, भ्याक्सिन राख्ने फ्रिज आदि समावेश हुनेछन् ।

(२) समुदाय वा निजी क्षेत्रले व्यवस्थापन गर्ने सौर्य खानेपानी प्रणालीअन्तर्गत इलेक्ट्रो–मेकानिकल उपकरणहरु जस्तैः सौर्य प्रणाली, पानी तान्ने मोटर, मुहानसँगको पानीट्याङ्की, मुहानसँगैको फिल्टर, पानी जम्मा गर्ने ट्याङ्की, पाइपको लाइन, वितरण ट्याङ्की एवं धाराका साथै न्यूनतम सिभिल संरचना आदि समावेश हुनेछन् ।

४९. अनुदान परिचालन प्रक्रिया : (१) संस्थागत सौर्य विद्युत् तथा सौर्य खानेपानी प्रणालीअन्तर्गतको अनुदान परिचालन प्रक्रिया तथा मापदण्डदेहाय बमोजिम हुनेछ :

(क) पालिकाले संस्थागत सौर्य विद्युत् प्रणाली तथा सौर्य खानेपानी प्रणालीको लागि आयोजना छनौटका आधारहरू तय गर्नेछ ।

(ख) पालिकाले सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रत्येक बर्ष राष्ट्रिय तथा क्षेत्रीय दैनिक समाचारपत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै माध्यमबाट निवेदन माग गर्नेछ ।

(ग) पालिकाले आफैँ वा सम्बन्धित निकायहरुमार्फत आवेदन फाराम जम्मा गर्नेछ ।

(घ) समुदायद्वारा व्यवस्थित आयोजनाको लागि उपभोक्ताहरूले उपभोक्ता समिति गठन गरी प्रचलित नियमअनुसार दर्ता समेत गर्नु पर्नेछ ।

(ङ) पालिकाबाट स्वीकृत मापदण्डको आधारमा आवश्यकताअनुसार वा चौमासिक रुपमा सम्भाव्य आयोजनाहरुको सूची प्रकाशन गरिनेछ ।

(च) पालिकाले छनौट गरेका आवेदनहरूबाट समूह तयार गरी स्वतन्त्र परामर्शदातामार्फत अथवा पालिका आफैँले उपभोक्ता समिति र संस्थाहरुसँगको परामर्श समेतका आधारमा सम्भाव्यता अध्ययन अगाडि बढाउनेछ । विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि खरीदऐन र खरीदनियमावली अनुरूप परामर्शदाताको चयन गरिनेछ । पालिकाले विस्तृत सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था गर्नु पर्नेछ ।

(छ) विस्तृत सम्भाव्यता अध्ययनको आधारमा उपभोक्ता समितिरसंस्थाले आयोजनाको लागि आवश्यक पर्ने अनुदानबाहेकको रकमको व्यवस्था गरी आवश्यक कागजात संलग्न गरी पालिकामा पेश गर्नु पर्नेछ । विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएपछि नवीकरणीय ऊर्जा सम्बन्धी शाखावा एकाइ' ले सो प्रतिवेदन मुल्याङ्कन गरिी स्वीकृतीको लागि सिफारीस गर्नु पर्नेछ । नवीकरणीय ऊर्जा शाखार एकाई'ले सिफीरस गरेका आयोजनालाई मात्र स्वीकृत गरिनेछ ।

(ज) स्वीकृत आयोजनाको खरीदप्रक्रिया खरीदऐन तथा खरीदनियमावली वा विकास साझेदारको खरीदनिर्देशिकाबमोजिम हुनेछ । खरीदप्रक्रिया उपभोक्ता समितिरसंस्था आफैँ वा पालिकाबाट गर्न सकिनेछ ।

(झ) प्रतिस्पर्धी बोलपत्रदातालाई खरीदऐन तथा नियमावली वा विकास साझेदारको खरीदनिर्देशिकाबमोजिम भुक्तानी गरिनेछ ।

(ञ) आयोजनाको निर्माण सम्पन्न भएपछि बिक्रीरजडानकर्ताले जडान सम्पन्न प्रतिवेदन पालिकामा बुझाउनु पर्नेछ ।

(ट) जडान सम्पन्न प्रतिवेदनको आधारमा पालिकाको दक्ष प्राविधिकबाट वा स्वतन्त्र परामर्शदाताबाट प्रणालीको परीक्षण तथा हस्तान्तरण गरिनेछ ।

(ठ) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा पालिकाले सम्झौताअनुसारको रकम बिक्रेतालाई उपलब्ध गराउनेछ ।

(ड) प्रणाली जडान गरेको दुई बर्षपछि पालिकाले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा वारेन्टी बापत धितो राखेको रकम फुकुवा गर्नेछ । उक्त अनुगमन गर्ने कार्य दुई बर्षपछिको छ महिनाभित्र गरिसक्नुपर्नेछ ।

५०. व्यक्तिगत/निजी तबरबाट सञ्चालित सौर्य सिँचाइ प्रणाली सम्बन्धमाः (१)व्यक्तिगत/निजी तबरबाट सञ्चालित प्रणाली सौर्य सिँचाइ प्रणाली अन्तर्गत अनुदान परिचालन गर्न देहायको योग्यता भएको हुनुपर्नेछः

(क) व्यक्तिगत तबरबाट सञ्चालित प्रणाली अन्तर्गत कृषकले आफ्नो कृषियोग्य जमिनको लालपूर्जाको छायाँकपी बुझाउनु पर्नेछ ।

(ख) निजी कम्पनीको तबरबाट सञ्चालित प्रणालीको हकमा प्रचलित कानूनबमोजिम दर्ता भई कम्पनीको नाममा रहेको वा भाडामा लिइएका कृषियोग्य जमिन भएको हुनुपर्नेछ ।

(२) व्यक्तिगतरनिजी तबरबाट सञ्चालित प्रणाली अन्तर्गतको अनुदान परिचालन प्रक्रिया र मापदण्ड देहाय बमोजिम हुनेछः

(क) पालिकाले सौर्य सिँचाइ प्रणालीका लागि छनौटको आधार बनाउनेछ ।

(ख) पालिकाले स्वयं वा सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रत्येक बर्षे राष्ट्रिय तथा क्षेत्रीय दैनिक समचारपत्रिका, टेलिभिजन, रेडियो वा कुनै माध्यमबाट निवेदन मागको लागि आह्वान गर्नेछ ।

(ग) आवेदन फाराम पालिकाले आफैँ वा वा सम्बन्धित निकायहरुबाट जम्मा गर्नेछ । इच्छुक निवेदकले पालिकामाआई वा

वेवसाइटमा उपलब्ध भएबमोजिमको सम्भाव्यता फाराम भरी बुझाउनु पर्नेछ ।

(घ) पालिकाले स्वीकृत मापदण्डको आधारमा सम्भाव्य आयोजनाहरुको सूची आवश्यकताअनुसार वा चौमासिक रुपमा प्रकाशन गर्नेछ ।

(ङ) पालिकाले आधार मूल्य सूची बनाउनेछ ।

(च) पालिकाले सूचीकृत निवेदकलाई स्वीकृती पत्र जारी गर्नुपर्नेछ ।

(छ) प्रकाशित सूचनामा उल्लेख भएका आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन आवेदक स्वयंले गर्नु पर्नेछ र पालिकाले आफैं वा परामर्शदातामार्फत सोको प्रमाणीकरण गर्नेछ । पालिकाबाट मूल्याङ्कन गरी आयोजना स्वीकृत गरिनेछ ।

(ज) स्वीकृत आयोजनाको जडान प्रक्रिया व्यक्तिगत वा निजी फर्म स्वयंले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(झ) निवेदकले पालिकाबाट मान्यताप्राप्त सूचीकृत कम्पनीहरूबाट खरीदप्रक्रिया तथा प्रणाली जडान गर्नु पर्नेछ ।

(ञ) प्रतिस्पर्धी कम्पनीले पालिकाले निर्देशन गरेको खाकाबमोजिमको कार्य सम्पादन प्रतिवेदन बुझाउनु पर्नेछ । अनुदान बाहेकको रकम निवेदकले सम्बन्धित कम्पनीलाई भुक्तानी गर्नु पर्नेछ ।

(ट) पालिकाले कार्य सम्पादन प्रतिवेदनको आधारमा ३० दिनभित्र अनुगमन समूह पठाई हस्तान्तरण र परीक्षण गर्नुपर्नेछ ।

(ठ) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा अनुगमन समूहको सिफारिसमा ९० प्रतिशत अनुदान रकम प्रतिस्पर्धी कम्पनीलाई उपलब्ध गराइनेछ ।

(ड) प्रणाली जडान गरेको दुई बर्षपछि पालिकाले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा बाँकी १० प्रतिशत रकम फुकुवा गर्नु पर्नेछ ।

५१. कृषक उपभोक्ता समितिद्वारा सञ्चालित प्रणालीः(१) यस प्रणाली अन्तर्गत कृषकद्वारा व्यवस्थित सौर्य सिँचाइ आयोजना, सौर्य विद्युत प्रणाली, इलेक्ट्रो–मेकानिकल उपकरण जस्तैः पानी तान्ने मोटररपम्प, सिभिल संरचना तथा कुलो आदि पर्दछन् ।

(२) कृषक उपभोक्ता समितिद्वारा सञ्चालित प्रणाली अन्तर्गत अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता रहेको हुनुपर्नेछ :

(क) कृषक उपभोक्ता समितिका सम्पूर्ण सदस्यको कृषियोग्य जमिन हुनुपर्नेछ ।

(ख) कृषक उपभोक्ता समिति प्रचलित नियम बमोजिम दर्ता हुनुपर्नेछ ।

(ग) सिँचाइ गर्ने जमिनको लालपूर्जाको फोटोकपी बुझाउनु पर्नेछ ।

(३) कृषक उपभोक्ता समितिद्वारा सञ्चालित प्रणाली अन्तर्गतको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) पालिकाबाट सौर्य सिँचाइ प्रणाली छनौटको आधार बनाइनेछ ।

(ख) पालिकाले स्वयं वा सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रत्येक बर्षे राष्ट्रिय तथा क्षेत्रीय दैनिक समाचारपत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट निवदेन माग गर्नेछ ।

(ग) माग आवेदन फाराम पालिकाले आफैँ वा सम्बन्धित निकायहरुमार्फत जम्मा गर्नेछ ।

(घ) इच्छुक निवेदकलेपालिकामाआई वा वेवसाइटमा उपलव्ध भएवमोजिमको सम्भाव्यता फाराम भरी बुझाउनु पर्नेछ ।

(ङ) पालिकाले स्वीकृत मापदण्डको आधारमा संभाव्य आयोजनाहरुको सूची आवश्यकताअनुसार वा चौमासिक प्रकाशन गर्नेछ

(च) पालिकाले छनौट गरेका आवेदकको सूची बनाई स्वतन्त्र परामर्शदाताको सहयोगमा जडान स्थलको विस्तृत सम्भाव्यता अध्ययन गर्नेछ ।

(छ) विस्तृत सम्भाव्यता अध्ययन गर्ने स्वतन्त्र परामर्शदाताको छनौट खरीद ऐन तथा खरीदनियमावली अनुसार गरिनेछ ।

(ज) विस्तृत सम्भाव्यता अध्ययनको आधारमा उपभोक्ता समितिरसंस्थाले आयोजनाको लागि आवश्यक पर्ने अनुदान बाहेकको रकमको व्यवस्था गरी पालिकामा पेश गर्नु पर्नेछ ।

(झ) विस्तृत सम्भाव्यता अध्ययनको क्रममा पालिकाबाट उपभोक्ता समितिरसंस्थालाई सहजीकरण गरिनेछ ।

(ञ) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरेपछि सो प्रतिवेदन मूल्याङ्कन गरी स्वीकृतीको लागि सिफारीस गरिनेछ ।

(ट) जलविद्युत, ऊर्जा र सडक बत्ती शाखार एकाईबाट सिफारीस गरिएको आयोजनालाई स्वीकृत गरिनेछ ।

(ठ) स्वीकृत आयोजनाको खरीदर भुक्तानी प्रक्रिया खरीद ऐन तथा खरीदनियमावली वा विकास साझेदारको खरीदनिर्देशिकाबमोजिम हुनेछ । खरीदप्रक्रिया उपभोक्ता समितिरसंस्था आफैँ वा पालिकाले गर्न सक्नेछन् ।

(ड) आयोजनाको निर्माणपश्चात बिक्रीरजडानकर्ताले जडान सम्पन्न प्रतिवेदन पालिकामा बुझाउनु पर्नेछ ।

(ढ) जडान सम्पन्न प्रतिवेदनको आधारमा पालिकाले वा स्वतन्त्र परामर्शदाताबाट प्रणालीको परीक्षण तथा हस्तान्तरण गर्नेछ ।

(ण) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा पालिकाले रकमको भुक्तानी गर्नेछ र सम्झौताअनुसारको रकम बिक्रेतालाई दिइनेछ ।

(त) प्रणाली जडान गरेको दुई बर्षेपछि पालिकाले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा वारेन्टीवापत धितो राखेको रकम फुकुवा गर्नेछ । सो अनुगमन गर्ने कार्य जडान सम्पन्न भएको दुई बर्षे पछिको छ महिनाभित्र गरिनेछ ।

५२. विशेष उद्देश्यले स्थापना भएको कम्पनीमार्फत् कार्यान्वयन हुने प्रणाली (क्उभअष्र्बा एगचउयकभ ख्भजष्अभि क्थकतभ्कक०: (१) विशेष उद्देश्यले स्थापना भएको कम्पनीमार्फत् कार्यान्वयन हुने प्रणाली अर्न्तगत अनुदान प्राप्त गर्नको लागि देहायका योग्यता पुरा भएको हुनु पर्नेछ :

(क) लक्षित सिँचाइ आयोजनाका कृषकको समूह प्रचलित नियमानुसार कृषि शाखामा दर्ता भएको हुनुपर्नेछ ।

(ख) विशिष्ट उद्देश्यको प्रणाली संयुक्त रुपमा दर्ता भएका कृषक समूह तथा कृषि व्यापार सेवा प्रदायक वा निजी कम्पनीबाट बनाइनेछ ।

(ग) प्रणालीको सञ्चालन तथा मर्मतको लागि पालिका तथा विशिष्ट उद्देश्यले स्थापित संस्थाबीच सम्झौता गरिनेछ ।

(२) विशेष उद्देश्यले स्थापना भएको कम्पनीमार्फत् कार्यान्वयन हुने प्रणाली अन्तर्गतको अनुदान परिचालन प्रक्रिया र मापदण्ड देहाय बमोजिम हुनेछ :

(क) पालिकाबाट सौर्य सिँचाइ प्रणालीको लागि छनौटको आधार बनाइनेछ ।

(ख) पालिकाले सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रत्येक बर्षे राष्ट्रिय तथा क्षेत्रीय दैनिक समाचारपत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट निवेदन माग गर्नेछ ।

(ग) माग आवेदन फाराम पालिकाले आफैँ वा सम्बन्धित निकायहरुमार्फत जम्मा गर्नेछ ।

(घ) निवेदन मागबमोजिम इच्छुक विशिष्ट उद्देश्यले स्थापित संस्थालेपालिकामाआई वा वेवसाइटमा उपलब्ध भए बमोजिमको सम्भाव्यता फाराम भरी बुझाउनु पर्नेछ ।

(ङ) पालिकाले स्वीकृत मापदण्डको आधारमा संभाव्य आयोजनाहरुको सूची आवश्यकताअनुसार वा चौमासिक रुपमा प्रकाशन गर्नेछ ।

(च) छनौट भएका आवेदनहरूलाई जलविद्युत, ऊर्जा र सडक बत्ती शाखार एकाई'बाट परीक्षण गरी स्वीकृत गरिनेछ ।

(छ) पालिकाबाट आधार मूल्य सूची बनाइनेछ ।

(ज) पालिकाले सूचीकृत विशिष्ट उद्देश्य प्रणालीहरुलाई स्वीकृत पत्र प्रदान गर्नेछ ।

(झ) विशिष्ट उद्देश्य स्थापित संस्थाले प्रणालीको खरीद, जडान, सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

(ञ) यस्ता प्रणालीहरु निर्माणकर्ता वा विशेष उद्देश्यले स्थापना भएको कम्पनीले निर्माण गरीनियमित शुल्क लिई भाडामा समेत प्रयोग गर्नसक्नेछन् ।

(ट) पालिकाको लागत मूल्यको आधारमा विशिष्ट उद्देश्यले स्थापित संस्थाले आयोजनाको प्राविधिक, वित्तीय तथा आर्थिक अध्ययन गर्नेछ ।

(ठ) कृषक समूहले आफ्नो साँवाको रकम विशिष्ट उद्देश्यले स्थापित संस्थाको खातामा राख्न सक्नेछ ।

(ड) बाँकी हुने रकम विशिष्ट उद्देश्यले स्थापित संस्थाबाट उठाइनेछ र सो रकम आयोजनाको लागत मूल्यको कम्तीमा ४० प्रतिशत हुनुपर्नेछ ।

(ढ) आयोजनाको निर्माणपश्चात् विशिष्ट उद्देश्यले स्थापित संस्थाले कार्य सम्पादन प्रतिवेदन पालिकामा बुझाउनु पर्नेछ ।

(ण) कार्य सम्पन्न प्रतिवेदनको आधारमा पालिकाले वा स्वतन्त्र परामर्शदातामार्फत प्रणालीको परीक्षण तथा हस्तान्तरण गर्नेछ र पालिकाले बिक्रेतालाई रकमको भुक्तानी गर्नेछ ।

(त) प्रणाली जडान गरेको दुई बर्षेपछि पालिकाले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा वारेन्टी बापत धितो राखेको रकम फुकुवा गर्नेछ ।

(थ) आवश्यकताअनुसार विशिष्ट उद्देश्यले स्थापित संस्थाले आयोजना संचालनमार्फत् उठेको रकमलाई सञ्चालन, मर्मत तथा ऋण तिर्न उपयोग गर्न सक्नेछ ।

५३. सौर्य मिनी ग्रीड प्रणाली अन्तर्गत अनुदान परिचालन प्रक्रियाः(१) सौर्य मिनी ग्रीड अन्तर्गत अनुदान प्राप्त गर्नको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः

(क) समुदायमा कुनै पनि माध्यमबाट विद्युतीकरण नभएको (राष्ट्रिय प्रसारण लाइन, साना लघु जलविद्युत् प्रणाली) हुनुपर्नेछ ।

(ख) आयोजनामा उपयोग हुने उपकरणहरू नेपाल फोटोभोल्टेक गुणस्तर (ल्भ्एत्तब) अनुरुप हुनुपर्नेछ र त्यस्ता उपकरण र वस्तुहरू नवीकरणीय ऊर्जा परीक्षण केन्द्रद्वारा प्रमाणीकरण भएको हुनुपर्नेछ ।

(ग) परियोजना निर्माणकर्ता (निजी संस्था, वा उपभोक्ता समिति) प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ ।

(घ) पालिकाबाट उपलब्ध हुने अनुदान बाहेकको रकम व्यवस्था गर्नुपर्नेछ । यदि ऋण आवश्यक परेमा सो को स्वीकृत गरी बोलपत्रको सूचना आउनु अघि पालिकालाई ऋण स्वीकृती पत्र बुझाउनु पर्नेछ ।

(ङ) अन्य निकायले गर्ने आर्थिक सहयोगको प्रत्याभूति पत्र पनि पालिकामा बुझाउनु पर्नेछ ।

(च) निर्माणकर्तासँग सम्झौता गर्नु अघि अनुदानसहित शत प्रतिशत परियोजनाको वित्तीय व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

(छ) टिभी.,कम्प्युटर, प्रिन्टर, फ्रिज, मोटर, पम्पलगायतका उपकरणहरूमा अनुदान प्राप्त हुने छैन ।

(२) परियोजना पहिचान तथा पूर्व सम्भाव्यता अध्ययनसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) पालिकाले सौर्य मिनिग्रीडको लागि परियोजना छनौटको आधार तय गर्नेछ ।

(ख) पालिकाले स्वयं वा सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रत्येक बर्षे राष्ट्रिय तथा क्षेत्रीय दैनिक समाचारपत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट अनुदानका लागि आवेदन माग गर्नेछ ।

(ग) पालिकाले आफैँ वा सम्बन्धित निकायहरुमार्फत आवेदन फाराम जम्मा गर्नेछ ।

(घ) इच्छुक समुदाय वा संस्थालेपालिकामा आई वा वेवसाइटमा उपलब्ध भएबमोजिमको सम्भाव्यता फाराम भरी बुझाउनु पर्नेछ ।

(ङ) पालिकाले स्वीकृत मापदण्डको आधारमा आवश्यकता अनुसार चौमासिक रुपमा सम्भाव्य आयोजनाहरुको सूची प्रकाशन गर्नेछ ।

(च) आवश्यकताअनुसार यस अन्तर्गतका परियोजनाको लागि पालिकाबाट आधार मूल्य सूची बनाइनेछ ।

(छ) पालिकाले छनौट गरेका आवेदनहरूबाट समूह तयार गरी स्वतन्त्र परामर्शदाता अथवा पालिका आफैँले सम्भाव्यता अध्ययन अगाडि बढाउनेछ ।

(ज) विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि खरीद ऐन र खरीदनियमावली अनुरूप परामर्शदाताको चयन गरिनेछ ।

(झ) विस्तृत सम्भाव्यता अध्ययनको आधारमा उपभोक्ता समितिरसंस्थाले आयोजनाको लागि आवश्यक पर्ने अनुदान बाहेकको रकमको व्यवस्था गरी पेश गर्नु पर्नेछ ।

(ञ) विस्तृत सम्भाव्यता अध्ययनको क्रममा पालिकाबाट उपभोक्ता समितिरसंस्थालाई सहजीकरण गरिनेछ ।

(ट) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरेपछि ॅजलविद्युत, ऊर्जा र सडक बत्ती शाखार एकाई'बाट स्वयं वा सौर्य ऊर्जासम्बन्धीबिषयगत प्राविधिक कार्य समूहरसमितिबाटमूल्याङ्कन गरी पालिकाले स्वीकृत गर्नेछ ।

(ठ) स्वीकृत आयोजनाको खरीदतथा भुक्तानी प्रक्रिया खरीद ऐन तथा खरीदनियमावली वा विकास साझेदारको खरीदनिर्देशिकाबमोजिम हुनेछ । खरीदप्रक्रिया उपभोक्ता समितिरसंस्था आफैँ वा पालिकाले बोलपत्र आह्वान गरी गर्न सक्नेछन् ।

(ड) आयोजनाको निर्माणपश्चात बिक्रीरजडानकर्ताले जडान सम्पन्न प्रतिवेदन पालिकामा बुझाउनु पर्नेछ ।

(ढ) जडान सम्पन्न प्रतिवेदनको आधारमा पालिकाले वा स्वतन्त्र परामर्शदातामार्फत प्रणालीको परीक्षण तथा हस्तान्तरण गर्नेछ ।

(ण) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा पालिकाले सम्झौता अनुसारको रकम बिक्रेतालाई उपलब्ध गराउनेछ ।

५४. ऊर्जा खपत (किलोवाट घण्टा) को आधारमा अनुदानको परिचालन :(१) ऊर्जा खपत (किलोवाट घण्टा) को आधारमा

अनुदानको परिचालन सम्बन्धी प्रक्रिया र मापदण्ड देहाय बमोजिम हुनेछः

(क) ऊर्जा खपतको आधारमा अनुदानको व्यवस्था कूल लागतको आधारमा ६० प्रतिशत हुनेछ ।

(ख) अनुदान प्राप्त गर्नको लागि आयोजना विकासकर्ताले आयोजनाको प्रति किलोवाट प्रति घण्टा ऊर्जा बिक्रीसम्बन्धी पाँच बर्षे व्यावसायिक योजना, विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तथा अन्य आवश्यक कागजातहरु प्राविधिक मूल्याङ्कन समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

(ग) अनुदान भुक्तानी खपत भएको विद्युत् युनिटको आधारमा पाँच बर्षेसम्म अर्धवार्षिक रुपमा दिइनेछ ।

(घ) अनुदानको लागि योग्य किलोवाट प्रति घण्टा पालिकाले तोकेको मापदण्ड अनुसार प्रमाणित गर्नु पर्नेछ ।

(ङ) पालिका वा स्वतन्त्र परामर्शदाताबाट आयोजना विकासकर्ताले अनुदानको लागि पेश गरेको योग्य किलोवाट प्रति घण्टा ऊर्जा प्रमाणित गर्नु पर्दछ ।

(च) आयोजनाको परीक्षण तथा हस्तान्तरण पालिकाले निर्धारण गरेको निर्देशिका बमोजिम हुनेछ ।

(छ) विद्युत् युनिट (किलोवाट प्रति घण्टा) को आधार पालिकाले निर्धारण गर्नेछ ।

(ज) किलोवाट प्रति घण्टा अनुदान आयोजनाले उत्पादन गर्न सक्ने जम्मा क्षमता (शक्ति खपत सूचक) को ५० प्रतिशतसम्म उपलब्ध गराइनेछ ।

(झ) आयोजनाको निर्माणसँग सम्बन्धित सम्पूर्ण कार्यहरु जस्तैः ठेकेदार छनौट, निर्माणमा प्रयोग हुने सामाग्रीहरुको गुणस्तरीयता आदिको पूर्ण जिम्मेवारी आयोजना विकासकर्ता स्वयंले नै लिनेछ । आयोजना विकासकर्ताको अनुरोधमा आवश्यकता अनुसार पालिकाले आयोजनाको निर्माण अवधिभर प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्न सक्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी, सहकारी तथा निजी स्वामित्वमा सञ्चालित सौर्य मिनिग्रीडआयोजनाहरुको लागत साझेदारी, निर्माण, सञ्चालन र मर्मतसम्भारको व्यवस्था पालिका र सम्बन्धित संस्थाहरुबीच हुने सम्झौता बमोजिम हुनेछ ।

५५. सौर्य मिनी ग्रीड प्रणाली अन्तर्गत थप अनुदानःउपभोक्ता समितिबाट लक्षित समूहले थप अनुदान आवश्यक भएमा तोकिए बमोजिम थप अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ ।

५६. सौर्य मिनी ग्रीड प्रणाली अन्तर्गत अनुगमन तथा मूल्याङ्कन(१) अनुदानका लागि आवेदन गरिएका परियोजना र वितरण गरेको सौर्य ऊर्जामा आधारित भई समुदायमा रहेको सौर्य मिनी ग्रीड सेवाहरू मूल्याङ्कन गरिनेछ ।

(२) पालिकाले सौर्य मिनी ग्रीड अनुगमन तथा निरीक्षण आफ्नो अनुगमन संयन्त्रमार्फत गर्नेछ ।

(३) पालिकाले प्रक्रिया अनुगमनका क्रममापूर्व सम्झौता र खरीदप्रकरणको प्रमाणीकरण गर्नेछ साथै गुणस्तर सुनिश्चित गर्न प्राविधिक गुणस्तरको प्रमाणीकरण गरिनेछ ।

(४) परियोजनाको आन्तरिक तथा बाह्य प्रगति अनुगमन देहाय बमोजिम हुनेछ :

(क) पालिकाले बिक्रीपश्चातको सेवा आफैँ वा स्वतन्त्र परामर्शदाताद्वारा अनुगमन गर्नेछ ।

(ख) परियोजना सम्पन्न भएपछि भुक्तानी हुनुभन्दा अघि आन्तरिक अनुगमन गरिनेछ ।

(ग) प्रत्याभूतिको अवधि समाप्तिपश्चात जडान गरिएको प्रणालीको लागि नमूनाको आधारमा स्वतन्त्र रामर्शदाता वा तेस्रो पक्षद्वारा स्थलगत अनुगमन गरिनेछ ।

(घ) कुनै पनि माध्यमबाट प्राप्त विशिष्ट उजुरी सम्बोधन गरिनेछ ।

(५)आयोजना तथा परियोजनाको प्रभाव अनुगमन परियोजना कार्यान्वयन भएको दुई बर्षपछि स्वतन्त्र परामर्शदाता अध्ययन वा उपभोक्ता सर्वेक्षणद्वारा गरिनेछ ।

(६) सौर्य मिनी ग्रीड प्रणाली अन्तर्गत दण्ड तथा जरिवानागर्दा पालिका र ठेकेदाररआपूर्तिकर्ता रपरामर्शदाताबीच भएको करार सम्झौता अनुसार ठेकेदारलाई दण्ड तथा जरिवाना हुनेछ ।

५७.घरेलु सौर्य ड्रायर र कुकर सम्बन्धी अनुदान वितरण प्रक्रियाः

घरेलु सौर्य ड्रायर र कुकर कार्यक्रम अन्तर्गत अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) कम्पनीहरूले घरेलु सोलार ड्रायर र कुकर अनुदानको लागि निर्धारित अनुदान आवेदन फाराम र आवश्यक कागजातहरु संलग्न गरी पालिकामा पेश गर्नु पर्नेछ ।

(ख) अनुदान आवेदन फाराम प्राप्त भएपछि पालिकाले त्यसको मूल्याङ्कन गर्नेछ र अनुदान प्रशोधन प्रक्रिया अनुरूप भएमा पालिकाले ९५ प्रतिशत अनुदान भुक्तानीको लागी सिफारीस गर्नेछ ।

(ग) आवेदन फाराम प्राप्त भएको ३० दिनभित्र पालिकाले सम्पूर्ण प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(घ) बिक्रीपछिको एक बर्षे निःशुल्क सेवा पुऱ्याउने जिम्मेवारी जडान गर्ने सम्बन्धित कम्पनीको हुनेछ ।

(ङ) पालिकामा उपभोक्ताले बिक्रीपछिको सेवाको गुनासो टिपाउन सक्नेछन् । यस्तो गुनासोको जानकारी पालिकाले सम्बन्धित कम्पनीलाई दिएको १० दिनभित्र सेवा प्रदान गर्नुपर्नेछ । सो बमोजिम सेवा नगरेमा अनुगमन मापदण्डबमोजिम पालिकाले कारबाही गर्नेछ ।

(च) एक बर्षको अवधिमा कुनै पनि गुनासो नआएमा धरौटीबापतको रकम स्वतः फुकुवा गरिनेछ ।

५८. संस्थागत सौर्य ड्रायर र कुकर अन्तर्गत निजी संस्थाहरुको लागि सौर्य ड्रायर र कुकर सम्बन्धी अनुदान परिचालन प्रक्रियाः (१)संस्थागत सौर्य ड्रायर र कुकर जडानको लागि निजी कम्पनी नेपाल सरकारको नियमअनुसार दर्ता भएको हुनुपर्नेछ ।

(२)संस्थागत सौर्य ड्रायर र कुकर अन्तरगतको अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) पालिकाबाट संस्थागत सौर्य ड्रायर र कुकरको लागि परियोजना छनौट मापदण्ड बनाइनेछ ।

(ख) पालिकाले स्वयं वा सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रत्येक बर्षे राष्ट्रिय तथा क्षेत्रीय दैनिक समाचार पत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट निवेदन माग गर्नेछ ।

(ग) पालिकाले आफैँ वा सम्बन्धित निकायहरुमार्फत आवेदन फाराम जम्मा गर्नेछ ।

(घ) माग आवेदनअनुसार इच्छुक संस्थालेपालिकामा आई वा वेवसाइटमा उपलब्ध भएबमोजिमको फाराम भरी बुझाउनु पर्नेछ ।

(ङ) पालिकाले स्वीकृत मापदण्डको आधारमा सम्भाव्य आयोजनाहरुको सूची आवश्यकताअनुसार वा चौमासिक रुपमा प्रकाशन गर्नेछ ।

(च) छनौट गरिएका आवेदनहरू 'जलविद्युत्, ऊर्जा र सडक बत्ती शाखार एकाई'बाट मूल्याङ्कन गरिनेछ र सो पश्चात् पालिकाले परियोजना स्वीकृत गर्नेछ ।

(छ) पालिकाबाट आधार मूल्यसूची तयार गरिनेछ ।

(ज) पालिकाबाट छनोट गरेका व्यक्तिहरू र संस्थाहरूलाई स्वीकृत पत्र जारी गरिनेछ ।

(झ) छनौट भएका संस्थाले प्रतिस्पर्धी कम्पनीबाट प्रणाली खरीदतथा जडान गर्नु पर्नेछ ।

(ञ) प्रतिस्पर्धी कम्पनीले पालिकाले निर्धारण गरेअनुसारको निर्धारित ढाँचामा अन्तिम पूर्ण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ट) पालिकाले अन्तिम प्रतिवेदन मूल्याङ्कन गर्नेछ र हस्तान्तरण तथा परीक्षणको लागि अनुगमन टोलीलाई पठाउनेछ ।

(ठ) टोलीले दिएको हस्तान्तरण तथा परीक्षण प्रतिवेदनको आधारमा अनुदान रकमको ९० प्रतिशत योग्य कम्पनीलाई प्रदान गरिनेछ ।

(ठ) बिक्रीपछिको प्रत्याभूतिको एक बर्षको अवधि पूरा भएपश्चात् पालिकाले अनुगमन गर्नेछ र अनुगमन प्रतिवेदन अनुसार पालिकाले बाँकी १० प्रतिशत रकम प्रदान गर्नेछ ।

५९. सामुदायिक संस्थाहरूमा सौर्य ड्रायर र कुकरसम्बन्धी अनुदान वितरण प्रक्रियाः (१) संस्थागत सौर्य ड्रायर र कुकर अन्तर्गत सामुदायिक स्वामित्वको व्यापाररसार्वजनिक संस्थाहरुको अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) पालिकाबाट सौर्य ड्रायर कुकरको लागि परियोजना छनौट मापदण्ड तयार गरिनेछ ।

(ख) पालिकाले सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रत्येक बर्षे राष्ट्रिय तथा क्षेत्रीय दैनिक समाचार पत्रिका, टेलिभिजन, रेडियो वा अन्य कुनै सञ्चारका माध्यमबाट अनुदानको लागि आवेदन माग गर्नेछ ।

(ग) पालिकाले आफैँ वा सम्बन्धित निकायहरुमार्फत आवेदन फाराम जम्मा गर्नेछ ।

(घ) माग सूचनाबमोजिम इच्छुक संस्थालेपालिकामा आई वा वेवसाइटमा उपलब्ध भएबमोजिमको फाराम भरी बुझाउनु पर्नेछ ।

(ङ) समुदायद्वारा व्यवस्थित आयोजनाको लागि उपभोक्ताहरूले उपभोक्ता समिति गठन गरी नियमअनुसार दर्ता गर्नुपर्नेछ ।

(च) पालिकाले स्वीकृत मापदण्डको आधारमा सम्भाव्य आयोजनाहरुको सूची आवश्यकताअनुसार वा चौमासिक रुपमा प्रकाशन गर्नेछ ।

(छ) पालिकाले छनौट गरेका आवेदनहरूबाट समूह तयार गरी स्वतन्त्र परामर्शदाता अथवा पालिका आफैँले सम्भाव्यता अध्ययन अगाडि बढाउनेछ ।

(ज) विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि खरीद ऐन र खरीदनियमावली अनुरूप परामर्शदाताको चयन गरिनेछ । विस्तृत सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था जलविद्युत, ऊर्जा र सडक बत्ती शाखावा एकाई'बाट गरिनेछ ।

(झ) विस्तृत सम्भाव्यता अध्ययनको आधारमा उपभोक्ता समितिरसंस्थाले आयोजनाको लागि आवश्यक पर्ने अनुदान बाहेकको रकमको व्यवस्था गरी आवश्यक कागजात संलग्न गरी पेश गर्नु पर्नेछ ।

(ञ) विस्तृत सम्भाव्यता अध्ययनको पालिकाबाट उपभोक्ता समितिरसंस्थालाई सहजीकरण गरिनेछ ।

(ट) विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरेपछि 'जलविद्युत्, ऊर्जा र सडक बत्ती शाखार एकाई' ले सो प्रतिवेदन मूल्याङ्कन गरीस्वीकृती गर्नेछ ।

(ठ) स्वीकृत आयोजनाको खरीदर भुक्तानी प्रक्रिया खरीद ऐन तथा खरीदनियमावली वा विकास साझेदारको खरीदनिर्देशिकाबमोजिम हुनेछ । खरीदप्रक्रिया उपभोक्ता समितिरसंस्था आफैँ वा पालिकाले बोलपत्र आह्वान गरी गर्न सक्नेछन् ।

(ड) आयोजनाको निर्माण पश्चात बिक्रीरजडानकर्ताले जडान सम्पन्न प्रतिवेदन पालिकामा बुझाउनु पर्नेछ ।

(ढ) जडान सम्पन्न प्रतिवेदनको आधारमा पालिकाले प्रणालीको परीक्षण तथा हस्तान्तरण गर्नेछ ।

(ण) परीक्षण तथा हस्तान्तरण प्रतिवेदनको आधारमा पालिकाले सम्झौताअनुसारको रकम बिक्रेतालाई दिनेछ ।

(थ) प्रणाली जडान गरेको एक बर्षपछि पालिकाले अनुगमन गरी प्रणालीको अवस्था र अनुगमन प्रतिवेदनको आधारमा वारेन्टी बापत धितो राखेको रकम फुकुवा गर्नेछ । सो अनुगमन जडान भएको एक बर्षव्यतित भएपछिको छ महिनाभित्र गर्नु पर्नेछ ।

६०.सौर्य ऊर्जा प्रणाली अन्तर्गत घरेलु सौर्य विद्युत् प्रणालीको अनुगमनः(१) सौर्य ऊर्जा प्रविधिअन्तर्गत घरेलु सौर्य ऊर्जा प्रविधिको अनुगमन देहाय बमोजिम हुनेछ :

(क) अनुदान भुक्तानी भएको एक बर्षेपछि जडान गरिएको सौर्य प्रणाली स्वतन्त्र परामर्शदाताको माध्यमबाट त्यस्ता प्रणालीको स्थलगत अनुगमन गरिनेछ ।

(ख) बिक्रीपश्चातको सेवा प्रदान नगरेमा, खराब वा न्यून गुणस्तरीय सामग्री तथा उपकरण प्रयोग गरेमा, अनुदानको दाबी दुई पटक गरेमा र अन्य कुनै अनियमितता गरेमा उल्लेखित तथ्याङ्कको आधारमा दण्ड जरिवाना गरिनेछ ।

यसरी दण्ड सजायको शर्त तोक्दा कम्पनीको मान्यता खारेजी समेत गर्न सकिनेछ ।

(ग) योग्य परामर्शदाताले गर्नुपर्ने स्थलगत निरीक्षण बाहेक पालिकाले उजुरीको आधारमा नियमित रुपमा वा आवश्यकताअनुसार स्थलगत अनुगमन र परीक्षण गरिनेछ ।

(घ) नवीकरणीय ऊर्जा परिक्षण केन्द्रले सौर्य प्रणालीको प्राविधिक पक्षहरूको स्थलगत अध्ययन गर्नेछ र आवश्यक सुधारको लागि प्रतिक्रियाको रुपमा कम्पनीलाई प्रतिवेदन उपलब्ध गराउन सक्नेछ ।

(ङ) पालिकाबाट नियमित उजुरीको आधारमा आवश्यकताअनुसार स्थलगत अनुमन तथा निरीक्षण गरिनेछ ।

(२) सम्बन्धित सोलार कम्पनीको मूल्याङ्कन गर्दा स्थलगत मूल्याङ्कनबाट प्राप्त तथ्याङ्क जानकारीको आधारमा गरिनेछ । सोको लागि देहायको घटनाको विवरण तथा सो अनुसारको क्षतिपूर्ति (अनुदान प्रतिशत) को आधारमा गरिनेछ :

क.सं	**घटनाको विवरण**	**क्षतिपूर्ति (अनुदान प्रतिशतको आधारमा)**
१	जडानबिना अनुदान दाबी गरेमा (उपभोक्ता हुनु तर प्रणाली नभेटिनु)	

क्र.सं	घटनाको विवरण	क्षतिपूर्ति (अनुदान प्रतिशतको आधारमा)
२	दिएको ठेगानामा उपभोक्ता नभेटिनु	
३	सौर्य विद्युत् प्रणालीका जडान पहिलो अनुगमन पश्चात गर्नु	
४	एउटै प्रणालीको लागि दोहोरो अनुदान दाबी गर्नु	
५	अर्कैले आर्थिक सहयोग गरेको प्रणालीको लागि अनुदान दाबी गर्नु	
६	खराब उपकरण सामग्रीको प्रयोग गर्नु	
७	विद्युतीकरण भएको क्षेत्रमा अनुदान दाबी गर्नु	
८	अनुदान निवेदन फाराममा भएअनुसारको उत्पादक सिरियल नम्बर सौर्य प्यानलमा नभेटिनु र ती सिरियल नम्बर नवीकरणीय ऊर्जा परीक्षण केन्द्रले प्रमाणीकरण तथा परीक्षण नगरेका भई अनुदान दाबी गर्नु	
९	सौर्य प्यानलमा खोपेको सिरियल नम्बर नहुनु	
१०	उत्पादकको सिरियल नम्बर र उत्पादकको प्राविधिक विवरणको स्टिकर प्यानलमा नहुनु	
११	अर्कै व्यक्तिको नाममा प्रणाली हुनु	
१२	एकै परिवारको नाममा दुईवटा अनुदान दावी गर्नु (अनुदान नीति र परिचालन	

क्र.सं	घटनाको विवरण	क्षतिपूर्ति (अनुदान प्रतिशतको आधारमा)
	कार्यविधिले व्यवस्था गरेबमोजिम बाहेकका प्रणालीहरुमा)	
१३	अर्कै जिल्ला वा स्थानीय तहमा प्रणाली जडान हुनु	
१४	अनुदान आवेदन फारामको जानकारी अनुसार प्यानल र ब्याट्रीमा खोपेको नम्बर नहुनु । त्यो नम्बर अरु कुनै नाममा दर्ता छैन भने पाँच प्रतिशत जरिवाना लाग्नेछ । तर यदि त्यो नम्बर अरुकुनै नाममा दर्ता भएको खण्डमा जडान नभएको अनुदान दाबीमा पर्नेछ	५ प्रतिशत
१५	अन्य निकायबाट आंशिक आर्थिक सहयोग भएको सौर्य विद्युत् प्रणाली प्रणालीमा पालिकाबाट प्राप्त हुने सहयोगको लागि कम्पनीले सो कुरा नखुलाएको हुनु	
१६	कम्पनीले पेस गरेको चित्रमा देखाइएको घर वास्तविक घरसँग नमिल्नु	
१७	अर्कै कम्पनीको नाममा प्यानल नम्बर खोपिएको	
१८	प्रणाली बिक्रीपश्चात फिर्ता हुनु, फेर्नु, हटाउनु	शून्य प्रतिशत
१९	अन्य घटनाक्रम स्थानान्तरण	

क्र.सं	घटनाको विवरण	क्षतिपूर्ति (अनुदान प्रतिशतको आधारमा)
२०	प्रणाली रहनुको प्रमाणीकरण (फरक स्थानीय तह, वडा,गलत तथ्याङ्क, पालिका परिवर्तन)	
२१	प्रणालीले राम्रोसँग काम नगरेको खण्डमा वा प्रत्याभूति नदिएको खण्डमा, लिखित निवेदनमा पनि जडानपछिको सेवा नदिएमा	१०० प्रतिशत
२२	अरु केही	
स्पष्टीकरणः अनुदान निवेदन फाराममा केही विचलन, गलत जानकारी पाइएमा त्यस्ता विचलन स्थितिलाई पालिकाले विचलनको प्रक्रिया तथा गम्भीरता हेरी जरिवाना लगाउनेछ ।		

(३) स्वतन्त्र अनुगमनमा फेला परेका मुख्य मुद्धाहरूको स्पष्टीकरणको लागि कम्पनीहरूलाई एक पटक मौका प्रदान गरिनेछ ।

(४) पालिकाको प्रतिनिधि र कम्पनीको प्रतिनिधिले संयुक्त रुपमा विवादको सवाल प्रमाणित गरी निष्कर्षमा पुग्नु पर्नेछ । संयुक्त प्रमाणीकरणपश्चात कम्पनीलाई दोस्रो मौका प्रदान गरिनेछैन ।

६१. क्षतिपूर्ति भराउने तथा फिर्ता लिने सम्बन्धमाः (१) कार्यविधि तथा सम्झौताका शर्त बमोजिम कार्य नगरेमा देहायको आधारमा क्षतिपूर्ति भराइनेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निर्धारण गर्दा देहायका आधारमा गरिनेछः

(क) क्षतिपूर्ति,ने.रु.मा (भारित औषत अनुदान भुक्तानी ने.रु.मा) × (अनुदानको क्षतिपूर्ति प्रतिशतमा) × (अपराध, हेरफेर फेला

परेका सौर्य विद्युत प्रणालीसँग सौर्य विद्युत प्रणाली नमुनाको अनुपात) × (समय अवधिमा स्वीकृत गरिएका र अनुदान जडान गरिएका सौर्य विद्युत प्रणालीको संख्याहरू)

(ख) अनुगमन गर्ने परामर्श कम्पनीहरूबाट नतिजा तथा क्षतिपूर्ति :योग्य परामर्श कम्पनीले प्रदान गरेको प्रतिवेदनलाई पालिकाले वा प्रमाणीकरण टोलीले गलत सावित गरेमा परामर्श कम्पनीले क्षतिपूर्ति भर्नु पर्नेछ । योग्य कम्पनीलाई क्षतिपूर्ति माग गर्न देहाय बमोजिम हिसाब गरिनेछ

(अ) अनुगमन प्राविधिकहरुले नमूना अनुगमन भ्रमण गर्दाअनुगमन स्थल नगएको अवस्थामा औसत अनुगमन लागतको १०० प्रतिशत अनुगमन लागतको रकम क्षतिपूर्ति तिर्नु पर्नेछ ।

हिसावः क्षतिपूर्ति ने रु =२× अनुगमन लागत=

(आ) नमुना अनुगमनमा प्राविधिकहरु पुगेको तर जानी जानी गलत जानकारी प्रदान गरेको अवस्थामा औसत अनुगमन लागतको १०० प्रतिशत क्षतिपूर्ति तिर्नु पर्नेछ ।

हिसावः क्षतिपूर्ति ने रु =२× अनुगमन लागत=

(इ) बसाई सराई, दस्तुर, उपहार लिएको र मालसमान बेचिएको मामलामा सम्बन्धी गलत जानकारी जानी जानी प्रदान गरेको प्रमाणीत भएमा अनुगमन टोलीले औसत अनुगमन लागतको १०० प्रतिशत रकम क्षतिपूर्ति तिर्नु पर्नेछ ।

हिसावः क्षतिपूर्ति ने रु =२× अनुगमन लागत=

६२. संस्थागत सौर्य विद्युत् प्रणाली, सौर्य खानेपानी तथा सिँचाइ प्रणाली र साना प्रसारण लाइनको अनुगमन :(१) पालिकाले संस्थागत सौर्य विद्युत् प्रणाली, सौर्य खानेपानी तथा सिँचाइ प्रणाली र साना प्रसारण लाइनको अनुगमन स्वयं वा स्वतन्त्र परामर्शदाताको माध्यमबाट गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन देहायका तीन किसिमबाटगरिनेछः

(क) *पूर्व अनुगमनः* दोस्रो किस्ता भुक्तान गर्नुअघि र परियोजना समाप्तिको प्रतिवेदन पाएपछि गरिनेछ ।

(ख) *सवाल अनुरुप अनुगमनः*कुनै पनि माध्यमबाट प्राप्त विशिष्ट उजुरी सम्बोधन गर्न गरिनेछ ।

(ग) *पछिको अनुगमनः* अनुदान प्रदान गरेको दुई बर्षपछि सबै जडान गरिएको प्रणालीको अनुगमनयोग्य स्वतन्त्र परामर्शदाताद्वारा गरिनेछ।

६३. सौर्य तापकीय प्रणालीको अनुगमन :(१) पालिकाले सौर्य तापकीय प्रणालीको अनुगमन तथा निरीक्षण स्वयं अथवा स्वतन्त्र परामर्शदाताद्वारा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन देहायका तीन किसिमबाट गरिनेछः

(क) *पूर्व अनुगमन :* सामुदायिक संस्थाहरूमा परियोजना समाप्तिको प्रतिवेदन प्राप्त भएपछि दोस्रो किस्ताको भुक्तानी अघि गरिनेछ ।

(ख) *सवाल अनुरुपको अनुगमन :* कुनै पनि माध्यमबाट प्राप्त उजुरीलाई विशिष्ट सम्बोधन गरिनेछ ।

(ग) *पछिको अनुगमनः* अनुदानको वितरणको प्रदर्शन र प्रत्याभूतिको अवधि सकिएपछि जडान गरिएको घरेलु र संस्थागत प्रणालीको शत् प्रतिशत प्रणालीको स्वयं वा स्वतन्त्र परामर्श संस्थाद्वारा अनुगमन गरिनेछ ।

६४. दण्ड तथा जरिवानाःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीघरेलु सौर्य प्रणाली तथा संस्थागत सौर्य तापकीय प्रणाली सम्बन्धी दण्ड सजाय सम्बन्धी आधारभूत मान्यताहरु देहाय बमोजिम हुनेछ :

(क) स्थलगत अनुगमन तथ्याङ्कलाई व्यबस्थापन सूचना प्रणाली तथ्याङ्कमा राखी मूल्याङ्कन गरिनेछ र त्यस्तो मूल्यांकनलाई दण्ड जरिवानाको आधारमा लिइनेछ ।

(ख) कम्पनीले बिक्रीपश्चातको सेवा प्रदान नगरेमा वा अन्य किसिमले अनियमितता गरेको फेला परेमा तथ्याङ्कको आधारमा दण्ड र जरिवाना गरिनेछ ।

(ग) दण्ड र सजाय गर्दा पालिकाले मान्यता प्राप्त कम्पनीको सूचीबाट हटाउन समेत सक्नेछ ।

(घ) विचलनस्तरको आधारमा दण्ड जरिवाना गरिनेछ ।

६५. घरेलु प्रणालीको अनुगमन तथा दण्ड जरिवाना :(१) घरेलु प्रणालीको सवाल अनुरुपको अनुगमन तथा पछिको अनुगमन मात्र गरिनेछ ।

(२) देहायका सवाल अनुरुपको अनुगमन तथा पछिको अनुगमनको विचलनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीदण्ड, जरिवाना निम्न तालिका बमोजिम हुनेछ ।

क्र.सं.	**सवाल**	**दण्ड जरिवाना (क्षतिपूर्ति अनुदानको प्रतिशत अनुरुप)**
१	जडानबिना अनुदान दाबी गरेमा (उपभोक्ता हुनु तर प्रणाली नभेटिनु),	
२	दिएको ठेगानामा उपभोक्ता नभेटिनु,	
३	सौर्य तापीय ऊर्जा प्रणाली पहिलो अनुगमनपश्चात गर्नु,	
४	एउटै प्रणालीको लागि दोहोरो अनुदान दाबी गर्नु,	

५	अर्कैले आर्थिक सहयोग गरेको सौर्य तापीय प्रणालीको अनुदान दाबी गर्नु,	
६	खराब उपकरण वा सामग्रीको प्रयोग गर्नु,	
७	अर्कै व्यक्तिको नाममा प्रणाली हुनु ,	५० प्रतिशत
८	एकै परिवारको नाममा दुईवटा अनुदान दाबी गर्नु,	
९	अर्कै जिल्ला वा स्थानीय तहमा प्रणाली जडान हुनु ।	

(३) अनुदान निवेदन फाराममा केही विचलन वा गलत वा कपोकल्पित भएको पाइएमा त्यस्ता विचलन स्थितिलाई कम्पनीले विचलनको प्रक्रिया तथा गम्भीरता हेरी क्षतिपूर्ति दिइनेछ ।

६६. संस्थागत सौर्य तापकीय प्रणालीको अनुगमन र दण्ड जरिवाना : (१) संस्थागत सौर्य तापकीय प्रणालीको पुर्व अनुगमन र सवाल अनुरुपको अनुगमन अर्थात पछिको अनुगमन गरी दुई प्रकारको अनुगमन गरिनेछ ।

(२)संस्थागत सौर्य तापीय प्रणालीको पूर्व अनुगमनसम्बन्धी सवाल तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीआर्थिक दण्ड जरिवाना र आर्थिक कारोवारबिनाको दण्ड जरिवाना देहाय बमोजिम हुनेछ :

सवाल	आर्थिक दण्ड जरिवाना	आर्थिक कारोवार बिनाको दण्ड जरिवाना
जडान बिनाको अनुदान दाबी गरेमा, उपभोक्ता वा संस्था दिएको ठेगानामा फेला नपर्नु	१०० प्रतिशत पूरा रकमको	कम्पनीले प्रणाली जडान गर्नु पर्नेछ । पालिकाले सूचीबाट प्रतिस्पर्धी कम्पनीलाई हटाउनेछ

खराब वा अस्वीकृत, परीक्षणबिना, कम गुणस्तर तथा न्यून मापनको उपकरण सामग्री हुनु	१०० प्रतिशत अनुदान रकमको	उपकरण समाग्री परिवर्तन गर्न लिखित चेतावनी दिनु । एकभन्दा बढीमा यस्तो पाइएमा प्रतिस्पर्धी कम्पनीलाई पालिकाको सूचीबाट हटाइनेछ ।
एउटै प्रणालीको लागि दोहोरो अनुदान दाबी हुनु	१०० प्रतिशत अनुदान रकमको	एउटै प्रणालीको लागि दोहोरो अनुदान दाबी गरेमा प्रतिस्पर्धी कम्पनीलाई पालिकाको सूचीबाट हटाइनेछ ।

(३) अनुदान निवेदन फाराममा केही विचलन, गलत वा कपोलकल्पित भएको पाइएमा त्यस्ता विचलन स्थितिलाई कम्पनीले विचलनको प्रक्रिया तथा गम्भीरता हेरी क्षतिपूर्ति दिइनेछ ।

(४) संस्थागत सौर्य तापीय प्रणालीको सवाल अनुरुपको अनुगमन अर्थात पछिको अनुगमन सम्बन्धी सवाल र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रही आर्थिक दण्ड जरिवाना र आर्थिक कारोवारबिनाको दण्ड जरिवाना देहाय बमोजिम हुनेछ :

सवाल	**आर्थिक दण्ड जरिवाना**	**आर्थिक कारोवार बिनाको दण्ड जरिवाना**
प्रणालीले राम्रोसँग काम नगरेमा, लिखित रुपमा जडानपछिको सेवा प्रदान नगरेमा	१० प्रतिशत अनुदान रकमको	उपकरण समाग्रीको परिवर्तनको लागि लिखित जवाफ
पूर्व अनुगमनमा स्वीकृत भएको प्रणालीलाई परिवर्तन गरेमा, हटाएमा	१० प्रतिशत अनुदान रकमको	पालिकाको प्रतिस्पर्धी सूचीबाट नाम हटाइने

वा कुनै उपकरणलाई परिवर्तन गरेमा		

(५) अनुदान निवेदन फाराममा केही विचलन, गलत वा कपोलकल्पित भएको पाइएमा त्यस्ता विचलन स्थितिलाई कम्पनीले विचलनको प्रक्रिया तथा गम्भीरता हेरी क्षतिपूर्ति दिइनेछ ।

(६) स्वतन्त्र अनुगमनमा प्राप्त भएका सवालहरूलाई जवाफ दिन कम्पनीलाई सुनुवाइको एक मौका दिइनेछ ।

(७) कम्पनी तथा पालिकाका प्रतिनिधिहरू संयुक्त रुपमा बसेर सवालको प्रमाणीकरण तथा छिनोफानो गर्ने छन् ।

(८) संयुक्त प्रमाणीकरण बमोजिमको छिनोफानो अन्तिम हुनेछ । सवालको संयुक्त प्रमाणीकरण पछि कम्पनीलाई जवाफको मौका दिइने छैन ।

घ. बायोग्यास सम्बन्धमा

६७. बायोग्यास आयोजनाको सम्भाव्यता अध्ययन गराउनुपर्ने : (१) एक सय घन मिटरसम्मको प्लान्टको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ

(२) एक सय घन मिटरभन्दा ठूला प्लान्टको हकमा विस्तृत सम्भाव्यता अध्ययन गर्नु अनिवार्य हुनेछ ।

(३) सम्भाव्यता अध्ययन र विस्तृत सम्भाव्यता अध्ययन कार्य गर्न परामर्शदाताको छनौट निर्माणकर्ता संस्था र समुदाय स्वयंले वा पालिकामार्फत खरीद ऐन तथा नियमावली अनुसार गरिनेछ ।

(४) सम्भाव्यता अध्ययन र विस्तृत सम्भाव्यता अध्ययन गर्ने सिलसिलामा पालिकाले परामर्शदातालाई भुक्तानी गर्दा खरीद ऐन तथा नियमावली वा नेपाल सरकार र सम्बन्धित विकास साझेदारसँगको सम्झौता बमोजिम गरिनेछ ।

६८. ठूला बायोग्यास आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययनका लागि सहयोगउपलब्ध गराउनेः(१)संस्थागत र सामुदायिक बायोग्यास प्लान्टको सम्भाव्यता अध्ययन र विस्तृत सम्भाव्यता अध्ययनका लागि पालिकाले एक आयोजनाका लागि एक पटक आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

(२) पालिकाले सम्भाव्यता अध्ययनरविस्तृत सम्भाव्यता अध्ययन कार्यको लागि आवश्यक लागत रकम परामर्शदातालाई प्रतिस्पर्धाको आधारमा उपलब्ध गराउनेछ ।

(३) यस कार्यविधिको प्रयोजनका लागि विभिन्न प्रकारका वायोग्यास प्रणालीहरुलाई देहाय बमोजिम सम्झनुपर्छस

(क) "घरायसी बायोग्यास प्लान्ट" भन्नाले दुईदेखि १२ घन मिटर सम्मका गाई भैंसी वा अन्य पशुपंक्षीहरुको मलमा आधारित घरायसी बायोग्यास प्लान्ट सम्झनु पर्छ ।

(ख) "साना बायोग्यास प्लान्ट" भन्नाले १२ घन मिटरदेखि ३५ घनमिटर सम्मका साना बायोग्यास प्लान्ट सम्झनु पर्छ ।

(ग) "मध्यम बायोग्यास प्लान्ट" भन्नाले ३५ घनमिटरदेखि १०० घनमिटरसम्मका मध्यम बायोग्यास प्लान्ट सम्झनु पर्छ ।

(घ) "ठूला बायोग्यास प्लान्ट" भन्नाले १०० घनमिटरभन्दा माथिका ठूला बायोग्यास प्लान्ट सम्झनु पर्छ ।

(ङ) "व्यवसायिक बायोग्यास प्लान्ट"भन्नाले निजी क्षेत्रहरूको रुपमा स्थापित पशुपंक्षी फर्म, पोल्ट्रीफर्म, दुग्ध प्रशोधन केन्द्र, विद्यालय, अस्पताल, मासु उत्पादन गर्ने वधशाला तथा उद्योग लगायतका निर्मित निजी तथा व्यावसायिक संस्था समेतको स्वामित्व भएका व्यवशायिक बायोग्यास प्लान्ट सम्झनु पर्छ ।

(च) "फोहोरमा आधारित बायोग्यास प्लान्ट" भन्नाले पालिकामा उत्पादित ठोस फोहोरलाई प्रयोग गर्ने गरी पालिका क्षेत्रभित्र निर्माण भएका फोहोरमा आधारित बायोग्यास प्लान्ट सम्झनु पर्छ ।

६९. घरेलु बायोग्यास प्लान्ट सम्बन्धी अनुदान परिचालनमापदण्ड तथा अनुदान वितरण प्रक्रियाः (१)घरेलु वायोग्यास प्लान्ट सम्बन्धी अनुदान परिचालन मापदण्ड तथा अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) दुईदेखि १२ घनमिटर क्षमताको बायोग्यास प्लान्ट पालिकाले निर्धारण गरेअनुसार कम्तीमा एक पशु भएको घरमा राष्ट्रिय

मान्यता प्राप्त प्रविधिरमोडेल र मान्यता प्राप्त कम्पनीले जडान वा निर्माण गरेको बायोग्यास प्लान्टलाई मात्र अनुदान प्रदान गरिनेछ

(ख) जडान गरिएको प्लान्टको उपकरणमा सम्बन्धित निर्माणकर्ता कम्पनीले एक बर्षे समय अवधिको प्रत्याभूति र सिभिल संरचनामा तीन बर्षे समय अवधिको प्रत्याभूति प्रदान गर्नु पर्नेछ ।

(ग) निर्माणकर्ता कम्पनीले प्लान्ट जडानपश्चात् प्लान्ट निर्माण सम्पन्न प्रतिवेदनका साथमा अनुदान आवेदन फाराम पालिकालाई बुझाउनु पर्नेछ । पेश हुन आएका कागजातमा आवश्यक जाँचवुझ गर्दा शर्तहरू पूरा भएको खण्डमा पालिकाले अनुदान स्वीकृतीगर्नेछ ।

(घ) निर्माणकर्ता कम्पनीले उपभोक्तालाई प्लान्ट निर्माण गरी हस्तान्तरण गर्दा कुनै पनि क्षमताको बायोग्यास प्रणालीको मूल्य पालिकाले तोकेको आधार मूल्यभन्दा बढी हुनेछैन ।

(ङ) प्राप्त भएका अनुदान आवेदन फारामहरु उपर आवश्यक मूल्याङ्कन गर्दा अनुदानका सबै आधारहरु पूरा गरेको पाएमा त्यस्ता अनुदान आवेदन फारामहरूको शत प्रतिशत अनुदान रकम उपभोक्तालाई जडानकर्ता कम्पनी मार्फत् भुक्तानी दिइनेछ ।

(च) प्लान्ट निर्माण सम्पन्नपश्चात जडानकर्ता कम्पनीले पालिकाद्वारा तयार गरिएको प्राविधिक मापदण्ड तथा निर्देशिकाअनुसार कम्तीमा दुई बर्षेसम्म बिक्रीपश्चातको सेवा (ब्क्क) उपलब्ध गराउनु पर्नेछ । पालिकाले बिक्रीपश्चात् सेवाप्रदान गरेको प्रत्याभूतिको समयावधिभर अग्रिम बैंक ग्यारेण्टी वा सुरक्षण रकम निकासा गर्ने छैन ।

(छ) पालिकाले ताकेको संस्था वा पालिकाद्वारा छानिएका स्वतन्त्र परामर्शदाता कम्पनीले बिक्रीपश्चातका सेवाको अनुगमन गर्दा उपलव्ध नमूना संख्या लिइएको आधारमा गर्नेछ ।

(ज) अग्रिम बैंक प्रत्याभूति वा सुरक्षण रकम फुकुवाको लागि पालिकाले तेस्रो पक्षीय अनुगमन प्रतिवेदनलाई आधार मानी गर्नेछ ।

(झ) बिक्रीपश्चातको सेवा सन्तोषजनक भएको पाइएमा अग्रिम सुरक्षा रकम वा अग्रिम बैंक ग्यारेण्टी फुकुवा गरिनेछ ।

(ञ) जडान तथा बिक्रीपश्चातको सेवा प्रदान गर्ने क्रममा जडानकर्ता कम्पनीहरूले पालिकाले तोकेको मापदण्ड बमोजिम जडान कार्य वा सेवा प्रवाहमा अन्तर आएको खण्डमा त्यस्ता कम्पनीहरूलाई क्षतिपूर्तिरजरिवाना लगाइनेछ ।

७०. संस्थागत बायोग्यास प्लान्टः(१) सम्भाव्यता अध्ययन वा विस्तृत सम्भाव्यता अध्ययन पूरा गरेका तर प्राविधिक मुल्याङ्कन समितिले अन्तिम स्वीकृती प्रदान नगरेका आयोजनाहरू अनुदान नीति बमोजिम अनुदानको लागि योग्य हुनेछन् ।

(२) १२ घन मी. भन्दा ठूला क्षमताका जैविक फोहोरबाट बायोग्यास उत्पादन गर्ने प्लान्टले अनुदान प्राप्त गर्न निम्नअनुसारको अनुदान परिचालन कार्यविधि र प्रक्रिया अपनाउनु पर्नेछ ।

स्पष्टीकरणः "संस्थागत बायोग्यास प्लान्ट"भन्नाले विद्यालय, क्याम्पस, अस्पताल, प्रहरी र सैनिक ब्यारेक, बृद्धाश्रम, अनाथाश्रम र ट्रष्टसहितको पुरातात्विक क्षेत्रमा निर्माण गरिएका बायोग्यास प्लान्टहरू सम्झनु पर्छ र सो शव्दले सरकारी, अर्ध सरकारी वा सार्वजनिक गुठी सहितको सार्वजनिक संस्थानहरूको स्वामित्वसमेतमा रहेका संस्थागत वायोग्यास प्लान्टलाई जनाउँछ ।

(क) खरीदऐन र नियमावलीअनुसार छनौट भएको र पालिकाद्वारा मान्यता प्राप्त प्रतिस्पर्धी कम्पनीहरूले निर्माण गरेको तथा पालिकाले तोकेको ढाँचा र मान्यता प्राप्त डिजाइन र साइजका बायोग्यास प्लान्टले अनुदान प्राप्त गर्नेछन् ।

(ख) बायोग्यास प्लान्ट निर्माण गर्न इच्छुक संस्थाले पालिकाले तोकेको ढाँचामा आवेदन फाराम पेश गर्नुपर्नेछ । आवेदन पालिकाको कार्यालयमा वा पालिकाको वेबसाइटमा उपलब्ध हुनेछ ।

(ग) पालिकाले प्राप्त आवेदनको मूल्याङ्कन गरी तोकेको निर्देशिकाबमोजिम सम्भाव्यता अध्ययन गराउन परामर्शदाता छनौट गर्न सम्बन्धित संस्थालाई पत्राचार गर्नेछ ।

(घ) ठूला बायोग्यास प्लान्टको विस्तृत सम्भाव्यता अध्ययन छनौट गरिएको परामर्शदाताबाट विस्तृत सम्भाव्यता अध्ययन निर्देशिकाबमोजिम अनिवार्य रुपमा गराउनु पर्नेछ ।

(ङ) संस्थाले सम्भाव्यता अध्ययनरविस्तृत सम्भाव्यता अध्ययन गराउन खरीदऐन र नियमावली अनुसार पालिकाद्वारा मान्यता प्राप्त प्रतिस्पर्धी परामर्शदाता चयन गर्नु पर्नेछ ।

(च) सम्भाव्यता अध्ययन वा बिवतृत सम्भाव्यता अध्ययन गर्नुपूर्व संस्था, परामर्शदाता र पालिकाबीच त्रिपक्षीय सम्झौता गर्नु पर्नेछ ।

(छ) सम्भाब्यता अध्ययनरविस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त गरेपश्चात् बायोग्यास सम्बन्धिबिषयगत प्राविधिक कार्य समूहरसमितिबाट त्यस्ता प्रतिवेदनको जाँच तथा महिला तथा पछाडी पारिएका वर्गसमुदायलाई प्रत्यक्ष लाभ पुग्ने आधारमा प्राथमिकीकरण गरी मूल्याङ्कन गर्नेछ र प्राबिधिक सिफारिसपश्चात् बायोग्यास प्लान्ट निर्माणको चरणमा प्रवेश गर्नुपर्नेछ ।

(ज) बिषयगत प्राविधिक कार्य समूहरसमितिबाट बायो ग्यास सम्बन्धी सम्भाव्यता अध्ययनरविस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत गरेपछि सम्बन्धित संस्थालाई निर्माण कार्यको सुरुवात गर्न पत्र जारी गर्नेछ ।

(झ) निर्माण कम्पनीको छनौट खरीदऐन तथा नियमावली अनुसार हुनेछ । संस्था, निर्माण कम्पनी र पालिकाबीच निर्माण पूर्व निर्माण कार्यको लागि त्रिपक्षीय सम्झौता हुनेछ ।

(ञ) निर्माणरजडानकर्ता कम्पनीलाई कार्य पूँजीको आवश्यक परेमा कुल अनुमानित अनुदान रकमको ४० प्रतिशत अग्रिम बैंक ग्यारेन्टी पेश गरी पेश्कीका लागि अनुरोध गर्न सक्नेछ । सोको लागि बैंक प्रत्याभूतिसँगै अनुदान आवेदन फाराम पेश गर्नु पर्नेछ ।

(ट) पालिकाले कम्पनीद्वारा पेश गरिएको बैक प्रत्याभूति र अनुदान आवेदन फाराम उचित देखेमा ४० प्रतिशत अग्रिम अनुदान उपलब्ध गराउनेछ ।

७१. सामुदायिक बायोग्यास प्लान्ट :(१) सम्भाव्यता अध्ययन वा विस्तृत सम्भाव्यता अध्ययन पूरा गरेका तर बायोग्याससम्बन्धी बिषयगत प्राविधिक कार्य समूहरसमिति अन्तिम स्वीकृती प्रदान गरेका आयोजनाहरू अनुदानको लागि योग्य हुनेछन् ।

(२) सामुदायिक प्लान्टका लागि अनुदान प्राप्त गर्नका लागि निर्माणकर्ताले देहाय बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ :

(क) प्लान्ट निर्माण गर्न इच्छुक समुदायले पालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

(ख) खरीद ऐन तथा नियमावलीअनुसार छानिएको र पालिकाद्वारा मान्यता प्राप्त प्रतिस्पर्धी कम्पनीहरूले पालिकाद्वारा स्वीकृत तथा मान्यता प्राप्त डिजाइन वा मोडेल र साइजमा निर्माण गरेको बायोग्यास प्लान्टले अनुदान प्राप्त गर्न योग्य हुनेछन् ।

(ग) प्लान्ट निर्माण गर्न इच्छुक समुदायले प्लान्ट निर्माणको लागि आवश्यक जग्गाको व्यवस्था गर्नु पर्नेछ । सो अनुसारको जग्गा सरकारी वा सार्वजनिक स्वामित्वमा छ भने सम्बन्धित निकायको सहमति भएको पत्र आवेदनसँगै पेश गर्नु पर्नेछ ।

(घ) प्लान्ट निर्माण गर्न इच्छुक समुदायले पालिकामा प्लान्ट निर्माण गर्न समुदाय सम्बन्धित सरकारी निकायमा नयाँ दर्ता वा नवीकरणको दर्ता प्रमाण पत्र, समुदायका सदस्यको प्लान्ट निर्माण गर्ने इच्छासहितको हस्ताक्षरित बैठकको निर्णयसहित निवेदन पेश गर्नु पर्नेछ । आवेदनको साथमा सम्बन्धित वडाको सिफारीस समेत पेश गर्नुपर्नेछ ।

(ङ) एक सय घन मी. भन्दा ठूलो आकारको प्लान्टलाई पालिकाद्वारा स्वीकृत निर्देशिकाअनुरुप अनिवार्यरुपमा विस्तृत सम्भाब्यता अध्ययन गर्नुपर्नेछ । सम्बन्धित समुदायले वा समुदायको तर्फबाट पालिकाले परामर्शदाता छनौट गर्दा नेपाल सरकारको खरीदऐन तथा नियमावलीअनुसार गर्नु पर्नेछ । सम्भाव्यता अध्ययनरविस्तृत सम्भाव्यता अध्ययन सामुदायिक संथा, परामर्शदाता र पालिकाबीच त्रिपक्षीय सम्झौता गरिनेछ ।

(च) पालिकामा पेश गरिएका सम्भाव्यता अध्ययनरविस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन बायोग्याससम्बन्धीबिषयगत प्राविधिक कार्य समूहरसमितिले मूल्याङ्कन गर्नेछ र सम्भाव्य देखेमा बायोग्यास प्लान्ट निर्माणको लागि सिफारीस गर्नेछ ।

(छ) सम्बन्धित संस्थाले वा संस्थाको तर्फबाट ..पालिकाले बायोग्यास निर्माण कम्पनी चयन गर्दा खरीद ऐन तथा नियमावलीअनुसार गर्नु पर्नेछ । समुदाय, निर्माणरजडानकर्ता कम्पनी र पालिकाबीच निर्माण पूर्व त्रिपक्षीय सम्झौता गरिनेछ ।

(ज) छनौट गरिएको निर्माणरजडानकर्ता कम्पनीलाई कार्यपूँजीको आवश्यक परेमा कूल अनुमानित अनुदान रकमको ४०प्रतिशत रकम अग्रिम बैंक ग्यारेन्टी पेश गरी पेश्कीका लागि भुक्तानी गर्न माग गर्न सक्नेछन् । सोको लागि कम्पनीले बैंक प्रत्याभूतिसँगै अनुदान आवेदन फाराम पेश गर्नु पर्नेछ ।

(झ) पालिकाले कम्पनीद्वारा पेश गरिएको बैंक प्रत्याभूति र अनुदान आवेदन फारामउपर आवश्यक मूल्याङ्कन गरी कम्पनीलाई ४० प्रतिशत अनुदानको रकम अग्रिमरुपमा भुक्तानी गर्नेछ ।

स्पष्टीकरणः यस कार्यविधिको प्रयोजनका लागि"सामुदायिक बायोग्यास प्लान्ट" भन्नाले चार वा सोभन्दा बढी घरधुरीलारई ऊर्जा प्रदान गर्ने गरी स्थापना भएका बायोग्यास प्लान्ट सम्झनु पर्छ र सो शब्दले स्थानीय समुदायमा आधारित संस्था, सामुदायिक उपभोक्ता समूह, आमा समूह, टोल विकास संस्था, स्थानीय समुदायको फोहोर व्यवस्थापनमा कार्य गर्ने गैरसरकारी संस्था वा कृषक समूह समेतद्वारा स्थापित सामुदायिक बायोग्यास प्लान्ट लाई जनाउँछ ।

७२. बायोग्यास प्लान्टको परीक्षण, हस्तान्तरण, अनुदान प्रवाह, अनुगमन तथा दण्ड जरिवाना संयन्त्र :(१) बायोग्यास प्लान्टको परीक्षण, हस्तान्तरण, अनुदान प्रवाह, अनुगमन देहाय बमोजिम हुनेछ :

(क) ठूला बायोग्यास प्लान्टको सप्पूर्ण निर्माण कार्य तथा भरण र ग्यास उत्पादन भएपछि निर्माणकर्ता कम्पनीले वा परियोजना सञ्चालकले पालिकालाई प्लान्टको परीक्षण तथा हस्तान्तरणको लागि अनुरोध गर्नेछ ।

(ख) पालिकाले अनुरोध प्राप्त गरेको १५दिनभित्र पालिका आफैँ वा स्वतन्त्र निरीक्षक (फर्म वा व्यक्तिगत) मार्फत् प्लान्टको परीक्षण तथा हस्तान्तरण गराउनु पर्नेछ ।

(ग) जुनसुकै क्षमताका ठूला बायोग्यास प्लान्ट अनुदानका लागि योग्य ठहरिन पालिकाले जारी गरेको निर्देशिका मा उल्लेख गरिएअनुसारको प्रत्याभूत सञ्चालन क्षमता (न्गचबलतभभ एभचायक्बलअभ च्भत्रगष्चभ्कभलत) अनुसार ग्यास वा ग्यासबाट उत्पादित विद्युत् शक्ति दुवै स्वीकृत विस्तृत सम्भाव्यता अध्ययनमा उल्लेख भए अनुसार वा पालिकाद्वारा प्लान्ट निर्माणभन्दा अघि अन्तिमपटक उक्त क्षमतामा कुनै संशोधन स्वीकृत भएको छ भने सो क्षमताअनुसार चलेको हुनु पर्दछ ।

(घ) ग्यास वा विद्युतीय शक्तिको लागि तोकिएको प्रत्याभूत सञ्चालन क्षमताको परीक्षण गर्दा कूल क्षमताको कम्तीमा ८० प्रतिशत क्षमतामा ग्यास उत्पादन भएको अथवा विद्युत् शक्ति उत्पादन भएको प्लान्ट मात्र अनुदान प्रक्रियाको लागि योग्य हुनेछ ।

(ङ) १०० प्रतिशत भन्दा कम तर न्यूनतम् प्रत्याभूत क्षमतामा चलेका प्लान्टका लागि उत्पादित ग्यास अथवा विद्युत् शक्तिको आधारमा उत्पादन दरलाई उपलब्ध प्रति एकाई अनुदानका दर (एचय(चबतब दबकष्क) मा हिसाव गरी दिइनेछ ।

तर यदि प्लान्टको उत्पादन क्षमता १०० प्रतिशतभन्दा माथि भएको खण्डमा पनि १०० प्रतिशतभन्दा बढी उत्पादन अनुदानका लागि योग्य हुनेछैन ।

(च) ८० प्रतिशतभन्दा कम उत्पादन क्षमता हुने प्लान्टलाई प्रत्याभूत उत्पादन क्षमता भेट्नका लागि परीक्षण गराउन दोस्रो मौका प्रदान गरिनेछ ।

(छ) पहिलो परीक्षणपश्चात यदि प्लान्ट ३५ घन मिटरसम्मको छ भने चार महिनाभित्र दोस्रो परीक्षण तथा हस्तान्तरणका लागि पालिकालाई सम्बन्धित निर्माण कम्पनीले अनुरोध गर्नुपर्नेछ र ३५ घन मिटरभन्दा माथिको लागि छ महिनाभित्र गर्नु पर्नेछ ।

(ज) परीक्षण तथा हस्तान्तरणका अन्य प्रावधान पालिकाद्वारा स्वीकृत परीक्षण तथा हस्तान्तरण निर्देशिकाअनुसार हुनेछ ।

(झ) दोस्रो पटक परीक्षण गराउँदा समेत न्यूनतम प्रत्याभूत उत्पादन क्षमता नभएको प्लान्टको हकमा प्रत्येक घट्दो उत्पादन दरमा कूल परियोजना लागतको एक प्रतिशतका दरले तरलता क्षतिपूर्ति सम्बन्धित प्लान्ट धनी वा उपभोक्ताले तिर्नु पर्नेछ ।

ञ) परीक्षण तथा हस्तान्तरण कार्य सम्पन्न गर्ने परामर्शदाता कम्पनी वा अधिकारीले परीक्षण सम्पन्न गरेको सात दिनभित्र पालिकामा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदनमा आधारित भएर पालिकाले प्राप्त अनुदान फाराम अनुसार ९०प्रतिशत वा सम्झौताबमोजिम धरौटी बाहेकको सम्पूर्ण अनुदान रकम भुक्तानी दिइनेछ ।

(ट) बैंक प्रत्याभूति पेश गरी पहिलो किस्ताबापत अग्रिम ४० प्रतिशत भुक्तानी गरिएको खण्डमा दोस्रो किस्ताबापत ५० प्रतिशत वा सम्झौताबमोजिम धरौटी बाहेकको सम्पूर्ण अनुदान रकम भुक्तानी दिइनेछ ।

(ठ) सबै किसिमका बायोग्यास प्लान्टको अनुगमन, मूल्याङ्कन तथा जरिवाना पालिकाद्वारा निर्धारित निर्देशिका बमोजिम गरिनेछ । निर्माणकर्ता कम्पनीले प्लान्ट हस्तान्तरण गरेको मितिबाट एक बर्षभित्र बिक्री पछिको सेवा प्रदान गर्नेछ ।

(ड) बायोग्यास जडानको संख्याको सतप्रतिशत अनुगमन गरिनेछ । बिक्रीपछिको सेवा प्रतिवेदन वा तेस्रो पक्षीय अनुगमन प्रतिवेदनमा बिक्रीपछिको सेवा प्राप्त गरेको प्रत्याभति भएमा बाँकी अनुदान रकम सम्बन्धित कम्पनीलाईपालिकाले भूक्तानी गर्न बाँकी धरौटी रकम सम्बन्धित कम्पनीलाई भुक्तानी गर्नेछ ।

(ढ) घरयासी बायोग्यास प्लान्टको हकमा जडानकर्ता कम्पनीले बिक्रीपश्चात् दिएको सेवाको अनुगमन पालिका वा तोकिएको संस्था वा चयन भएको स्वतन्त्र परामर्शदाताले गर्नेछ ।

(ण) पालिकाले अनुगमन प्रतिवेदनको आधारमा सन्तोषजनक प्रतिवेदन प्राप्त भएको खण्डमा अग्रिम बैंक ग्यारेन्टी वा सुरक्षण रकमलाई फुकुवा गर्नेछ ।

(त) जडान तथा सेवा प्रवाहमा जडानकर्ता कम्पनीले मापदण्ड वा सेवाका शर्तहरुमा विचलन गरेको पाइएमा पालिकाले तोकेअनुसारको क्षतिपूर्ति तथा जरिवाना जडानकर्ता कम्पनीमार्फत् असुल उपर गरिनेछ ।

७३.दण्ड जरिवाना तथा पुरस्कार :(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीघरयासी बायोग्यास प्लान्टसँग सम्बन्धित विचलनको प्रकार क्षतिपूर्ति तथा दण्ड जरिवाना सम्बन्धी व्यवस्था देहाय तालिकामा उल्लेख भए बमोजिम हुनेछ ।

घरयासी बायोग्यास पलान्ट :

क्र.सं.	विचलनको प्रकार	दण्ड र जरिवाना
१	प्लान्ट नभेटिएमा वा दोहोरो अनुदान दाबी गरेमा	अनुदान रकमको २०० प्रतिशत जरिवाना गर्नुका साथै सम्बन्धित कम्पनीलाई तीन महिनासम्म बायोग्यास प्लान्ट निर्माणमा बन्देज गर्न सकिने छ । एक बर्षेभित्र दुई पटकभन्दा बढी यस्ता मुद्दा प्रमाणित भएमा सम्बन्धित कम्पनीलाई सो आर्थिक बर्षे बायोग्यास निर्माण गर्नबाट बन्देज लगाउन सकिने छ भने सो रकम सम्बन्धित प्लान्टको निर्माण गर्न प्रयोग गरिनेछ ।

क्र.सं.	विचलनको प्रकार	दण्ड र जरिवाना
२	निर्माणधीन वा अपूरो प्लान्ट अनुदानको लागि पेश गरेमा	अनुदान रकमको १०० प्रतिशत जरिवाना गर्नुका साथै अपूरो प्लान्ट पुरा गर्नु पर्नेछ। जरिवाना रकम कोषमा राखी गुनासोका आधारमा पुराना प्लन्टको मर्मत सम्भारको लाग खर्च गरिनेछ। साथै सम्बन्धित कम्पनीलाइ दुई महिनासम्म बायोग्यास प्लान्ट निर्माणमा बन्देज गर्न सकिनेछ, एक बर्षेभित्र दुई पटकभन्दा बढी यस्ता सवाल प्रमाणित भएमा सम्बन्धित कम्पनीलाई सो आर्थिक बर्ष बायोग्यास निर्माण गर्नबाट बन्देज लगाउन सकिनेछ।
३	कम गुणस्तरको प्लान्ट निर्माण गरेमा	प्राप्त अनुदान रकमको १०० प्रतिशत रकम पालिकामा फिर्ता गर्नु पर्नेछ तथा सम्बन्धित कम्पनीलाई एक महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माणमा बन्देज गरिनेछ सो रकम सम्बन्धित प्लान्टको गुणस्तर वृद्धि गर्न प्रयोग गरिनेछ। सो रकम संचित कोषमा राखी गुनासोका आधारमा पुराना प्लन्टको मर्मतसम्भारमा खर्च गरिनेछ।
४	गलत कागजात पेश गरेमा	अनुदान रकमको ५० प्रतिशत साथै लिखित स्पस्टीकरण दिनुपर्ने छ, तत्पश्चात पालिकाले सम्बन्धित

क्र.सं.	विचलनको प्रकार	दण्ड र जरिवाना
		कम्पनीलाई चेतावनी पत्र जारी गर्नेछ । यदि एक बर्षेमा तीन पटकसम्म यस्तो चेतावनी पत्र जारी गर्नुपर्ने अवस्था आएमा सम्बन्धित कम्पनीलाई बढीमा छ महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माणमा बन्देज गर्न सकिने छ ।
५	गलत बिवरण पेश गरेमा	सम्बन्धित कम्पनीलाई चेतावनीपत्र जारी गरिनेछ । तीन पटकभन्दा बढी यस्तो चेतवनी पत्र जारी भएमा बढीमा तीन महिनाको लागि सम्बन्धित कम्पनीलाई प्लान्ट निर्माण गर्नमा बन्देज गर्न सकिनेछ ।
६	स्लरी खाडल निर्माण नगरेमा	रु. १००० प्रति प्लान्ट जरिवानाका साथै चेतावनी पत्र जारी गरिनेछ । यदि एक बर्षेभित्र तीन पटकसम्म यस्तो चेतावनी पत्र जारी भएमा त्यस्तो कम्पनीलाई बढीमा तीन महिनासम्म प्लान्ट निर्माणमा बन्देज गर्न सकिने छ ।
७	बिक्रीपश्चात्को सेवा प्रदान नगरेमा	रु. १००० प्रति प्लान्ट जरिवाना रकम बैंक प्रत्याभूति वा धरौटी रकमबाट कट्टा गरी आवश्यक मर्मत तथा सम्भारमा लगाइने छ ।
नोटः स्लरी खाडल खन्ने कार्य उपभोक्ताको दायित्वभित्र रहनेछ तर निर्माणकर्ता कम्पनीले सो निर्माण पूरा गरेको प्रत्याभूति गर्नु पर्नेछ ।		

(२) ठूला बायोग्यास प्लान्टसँग सम्बन्धित विचलनको प्रकार क्षतिपूर्ति तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीदण्ड जरिवाना सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

ठूला बायोग्यास प्लान्ट

क्र.सं.	विचलनको प्रकार	दण्ड र जरिवाना
१	न्यूनतम प्रत्याभूत उत्पादन क्षमताभन्दा कम क्षमतामा ग्यास वा विद्युत् शक्ति उत्पादन भएमा	दोस्रो पटक परीक्षण गराउँदा समेत न्यूनतम प्रत्याभूत उत्पादन क्षमता नभएको प्लान्टको हकमा प्रत्येक घट्दो उत्पादन दरमा कूल परियोजना लागतको एक प्रतिशतका दरले तरलता क्षतिपूर्ति सम्बन्धित लाभान्वित पक्षले तिर्नु पर्नेछ साथै पालिकाले सम्बन्धित कम्पनीलाई चेतावनी पत्र जारी गर्नेछ । एक बर्षमा तीनपटकभन्दा बढी चेतावनी पत्र जारी गर्नुपर्ने अवस्था आएमा सम्बन्धित कम्पनीका साथै विस्तृत सम्भाव्यता अध्ययन गर्ने परामर्शदातालाई छ महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माण गर्न वा परामर्श दिनबाट बञ्चित गरिनेछ ।
२	कम गुणस्तरको प्लान्ट निर्माण गरेमा	प्राप्त अनुदान रकमको १०० प्रतिशत रकम पालिकामा फिर्ता गर्नु पर्नेछ तथा सम्बन्धित कम्पनीलाई छ महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माण

क्र.सं.	विचलनको प्रकार	दण्ड र जरिवाना
		गर्नमा बन्देज गरिनेछ ।
३	गलत कागजात पेश गरेमा	५० प्रतिशत अनुदान रकम पालिकालाई फिर्ता गर्नुका साथै लिखित स्पस्टीकरण दिनु पर्नेछ, तत्पश्चात पालिकाले सम्बन्धित कम्पनीलाई चेतावनीपत्र जारी गर्नेछ । तीनपटकसम्मे चेतावनी पत्र जारी गर्नुपर्ने अवस्था आएमा सम्बन्धित कम्पनीलाई छ महिनासम्म कुनै पनि बायोग्यास प्लान्ट निर्माण गर्नमा बन्देज गरिनेछ ।
४	गलत विवरण पेश गरेमा	चेतावनी पत्र जारी गरिनेछ । तीन पटकभन्दा बढी चेतवनी पत्र जारी भएमा तीन महिनाको लागि सम्बन्धित कम्पनीलाई प्लान्ट निर्माण गर्नमा बन्देज गरिनेछ ।
५	स्लरी खाडल निर्माण नगरेमा वा विस्तृत र सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार सामाजिक तथा वातावरणीय प्रभाव न्यूनीकरण उपयहरु कार्यान्वयन नगरेमा	अनुदान रकमको १० प्रतिशत प्रतिप्लान्ट जरिवानाका साथै चेतावनी पत्र जारी गरिनेछ । तीन पटकसम्म चेतावनीपत्र जारी भएमा त्यस्तो कम्पनीलाई छ महिनासम्म प्लान्ट निर्माण गर्नमा बन्देज गरिनेछ ।
६	बिक्री पश्चात्को सेवा प्रदान नगरेमा	कूल अनुदान रकमको पाँच प्रशित रकम धरौटी (

क्र.सं.	विचलनको प्रकार	दण्ड र जरिवाना
		च्भतभलतष्यल ऋयलभथ) रकमबाट कट्टा गरी आवश्यक मर्मत तथा सम्भारमा लगाइनेछ ।

(३) वायोग्याँस क्षेत्रमा कार्य गर्ने निर्माण र जडानकर्ता कम्पनीहरूलाई पालिकाद्वारा स्लरीको व्यवस्थापन, जडानपश्चातको सेवा, उपभोक्ताले स्लरी प्रयोग गरेको अवस्था, उपभोक्ताबाट प्राप्त गुनासो तथा मापदण्डबाट विचलन भए नभएको, तेस्रो पक्षीय अनुगमन तथा उपकरणको स्तर र गुणस्तरको आधारमा वार्षिक रुपमा मूल्याङ्कन गरिनेछ ।

ङ. जैविक उर्जा सम्बन्धमा

७४. प्रविधिहरूको स्तर निर्धारणः (१) जैविक ऊर्जा प्रविधिहरूको स्तर निर्धारणको लागि सबै खाले सुधारिएका चुलोहरूको मोडल, ग्याँसिफायर प्रणाली आदिको छनौट गरी प्राविधिक मूल्यांकन र पुनरावलोकन समिति र उपसमितिबाट स्वीकृत गराई पालिकाबाट प्रकाशित गरिनेछ ।

घरायसी खाना पकाउने चुलो (सुधारिएको फलामे चुलो, रकेट चुलो, ग्यासिफायर चुलो):

७५. घरायसी खाना पकाउने चुलो (सुधारिएको फलामे चुलो, रकेट चुलो, ग्यासिफायर चुलो)को अनुदान परिचालन प्रक्रियाः (१)घरायसी खाना पकाउने चुलोको लागि अनुदान प्राप्त गर्ने योग्यताको आधार देहाय बमोजिम हुनेछ :

(क) नेपालका सबै घरधुरी अनुदानका लागि योग्य हुनेछन् ।

(ख) सुधारिएको फलामे चुलो १५०० मिटरभन्दा माथि उचाइमा रहेका घरधुरीमा मात्र प्रवर्द्धन गरिनेछ ।

(ग) लक्षित उपभोक्तालाई थप अनुदान प्राप्त गर्नको लागि नेपाल सरकारबाट प्रदान गरिएको सम्बन्धित परिचय पत्र, सिफारीस जस्ता कागजात पेश गर्नु पर्नेछ ।

(घ) सुधारिएको माटोको चुलो जडान गर्नको लागि पालिकाबाट लक्षित घरधुरीहरूका लागि सहयोग गर्न प्रोत्साहन गरिनेछ ।

(ङ) पालिकाबाट स्वीकृत चुलो (घरायसी, व्यावसायिक तथा संस्थागत) को समुचित प्रवर्द्धन र विस्तार गर्न प्रोत्साहन स्वरुप चुलो बनाउने मास्टरलाई प्रतिचुलो रु. १०० उपुक्त संयन्त्रमार्फत प्रदान गरिनेछ ।

स्पष्टीकरण : यस कार्यविधिको प्रयोजनको लागि तापीय ग्यासिफायर प्रणाली, सुधारिएको फलामे चुलो, रकेट चुलो भन्नाले देहाय बमोजिम सम्झनुपर्छ ।

(क) "तापीय ग्यासिफायर प्रणाली" भन्नाले ठोस जैविक वस्तुहरूलारई तापीय रासायनिक प्रतिक्रियाबाट प्रज्वलनशील ग्यासमा परिणत गरी उक्त ग्यासलाई विभिन्न कृषिजन्य वस्तुहरूलाई तताउने वा अन्य प्रयोजन गर्ने उद्देश्यले प्रयोग गर्न ग्याँसफायर प्रविधिमा आधारित ऊर्जा सम्बन्धी तापीय ग्यासीफायर प्रणाली सम्झनु पर्छ ।

(ख) "सुधारिएको फलामे चुलो" भन्नाले खाना पकाउन तथा कोठा तताउने प्रयोजनका लागि फलामका पाताहरुबाट बनाइएका निश्चित मापदण्डका एकमुखे, दुईमुखे र तीनमुखे तथा किफायती सुधारिएको फलामे चुलो सम्झनुपर्छ ।

(ग) "रकेट चुलो" भन्नाले घरायसी क्षेत्रमा खाना पकाउने प्रयोजनको लागि पूर्ण वा आंशिक रुपमा रकेटको सिद्धान्तमा आधारित फलामे पाताबाट बनेको एक वा दुई मुखे तथा किफायती हुने रकेट चुलो सम्झनु पर्छ ।

७६. प्रविधिहरूको परिचालन :(१) योग्य आपूर्तिकर्ताले सम्बन्धित घरधुरीमा प्रविधिको आपूर्ति र जडान गरी उपभोक्ताको तर्फबाट तोकिएको अनुदान रकम दाबी गर्न सक्नेछन् ।

(२) आपूर्ति र जडानकर्ताको योग्यताको आधार देहाय बमोजिम हुनेछ

योग्यताको आधार	प्रमाणका कागजातहरू
नेपाल सरकारबाट तोकिएको निकायमा दर्ता भएको	दर्ता प्रमाणपत्र ।
	क. प्यान तथा भ्याट दर्ता प्रमाणपत्र । ख. नवीकरणीय ऊर्जा प्रविधिमा व्यवसाय गर्ने उद्देश्य सहितको प्रमाणित गर्ने कागजात
कर चुक्ता प्रमाणपत्र	अघिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्र । (एक आर्थिक बर्षे कटेका आपूर्तिकर्ताका लागि मात्र)

(३) दक्ष प्राविधिकद्वारा फलामे चुलो जडानका लागि आपूर्तिकर्ता स्वयम् जिम्मेवार हुनु पर्नेछ ।

(४) आपूर्तिकर्ताले जडानपश्चात् उपभोक्तालाई अनिवार्य रुपमा चुलोको उचित प्रयोगबारे जानकारी दिनु पर्नेछ ।

(५) आपूर्तिकर्ताले कम्तिमा एक बर्षे प्रत्याभूतिसहित बिक्रीपछिको सेवा प्रदान गर्नु पर्नेछ ।

७७. अनुदानको दाबी र भुक्तानी :(१) प्रविधिहरूको जडानपश्चात आपूर्तिकर्ताले पालिकाबाट निर्धारितत अनुदान फाराम भरी उपभोक्ताको तर्फबाट अनुदान दाबी गर्नुपर्नेछ ।

(२) आपूर्तिकर्ता स्वयं अनुदान फाराममा उल्लेखित विवरणहरु तथा यस सम्बन्धी कागजातहरु पालिकाले तोकेको व्यवस्थापन सूचना प्रणाली तथ्याङ्कमा दर्ता गर्नलाई जिम्मेवार हुनु पर्नेछ ।

(३) पालिकामा प्राप्त भएका तोकिएका सम्पूर्ण प्रावधान पूरा गरेका अनुदान फारामहरुको मूल्याङ्कन गरी पालिकाले ९५ प्रतिशत अनुदान रकम स्वीकृती र भुक्तानी गर्नेछ ।

७८. अनुगमनःअनुगमनसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :(

(क) विभिन्न आपूर्तिकर्ताले आपूर्ति गरेको प्रणालीमध्ये पाँच प्रतिशत चूलोको नमूना छनौट (च्बलमफ कबकउष्लिन) गरी अनुगमन तेस्रो पक्षबाट गराइनेछ र सोको प्रतिफललाई पालिकाले तोकेको विधिअनुसार शत प्रतिशत (भ्हतचबउयबितभ) अनुगमन गरेको बुझिनेछ

(ख) तेस्रो पक्षबाट अनुगमनको प्रतिवेदनमा विचलन पाइएमा सोको प्रमाणीकरण पालिका स्वयं वा तेस्रो पक्षले गर्न सक्नेछन् ।

(ग) पालिकाले अनुगमन प्रतिवेदन स्वीकृत गरेपश्चात अग्रिम जमानत रकम वा बैंक प्रत्याभूतिको रुपमा रहेको पाँच प्रतिशत फुकुवा गरिनेछ । बिक्रीपछिको सेवाको प्रमाणीकरण समेत अनुगमनको कार्य क्षेत्रभित्र पर्नेछ ।

७९. दण्डजरिवानाःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीप्रमाणीकरणपश्चात विचलनहरु पुष्टी भएमा आपूर्तिकर्तालाई देहायबमोजिमको दण्ड जरिवाना लगाइने छ ।

क्र. सं.	**विचलनहरुको विवरण (अनुदानको प्रतिशतमा)**	**वित्तीय जरिवाना**	**वित्तीय बाहेकको जरिवाना**
१	जडान नगरी अनुदान दाबी गर्नु (उपभोक्ता भेटिनु तर चुलो नभेटिनु र उपभोक्ता नभेटिनु वा दिइएको ठेगानामा उपभोक्ताको अस्तित्व नरहनु)	२०० प्रतिशत	यस्तो विचलन अनुगमन गरिएका २० प्रतिशतभन्दा बढी प्रणालीमा पाइएमा त्यस्ता आपूर्तिकर्ताको योग्यता प्रमाणपत्र निलम्बन समेत गर्न सकिने छ ।

क्र. सं.	विचलनहरुको विवरण (अनुदानको प्रतिशतमा)	वित्तीय जरिवाना	वित्तीय बाहेकको जरिवाना
२	एउटै चुलोमा दुई चोटी अनुदान दाबी गर्नु (एउटा चुलो तर दुई वटा अनुदान फाराम) ।		
३	अरुले पूर्ण आर्थिक सहयोग गरेको चुलोमा अनुदान दाबी गर्नु,		
४	चुलोमा खोपेको कोड (भ्लनचबखभ लगफदभच)नहुनु,	१०० प्रतिशत	
५.	चुलो अर्कै व्यक्तिको नाममा जडान भएको पाइनु (अनुदान आवेदन फाराममा उल्लेखित उपभोक्ताको जानकारी वा जानकारी बिना),	१०० प्रतिशत	
६.	अनुदान फाराममा भएको कोड चुलोमा खोपेको कोडसँग नमिल्नु	५० प्रतिशत	
	प्राविधिक स्पेसिफिकेशनमा भिन्नता		
७.	सुधारिएको फलामे चुलोको हकमा पालिकाले तोकेको प्राविधिक स्पेसिफिकेशनमा विचलन भएर चुलोको कार्यकुशलता तथा क्षमतामा कमी हुनु वा उचित जडान नहुनु	५० प्रतिशत	
८.	अन्य घरायसी चुलोको हकमा स्वीकृत सूचीकृत चुलोहरुभन्दा भिन्न हुनु	५० प्रतिशत	
९.	प्रत्याभूतिसहित बिक्रीपछिको सेवा उपलब्ध नगराउनु ।	२० प्रतिशत	

संस्थागत सुधारिएको चुलोः

८०. संस्थागत सुधारिएको चुलो सम्बन्धीअनुदानका लागि योग्य हुने :नेपाल सरकारका सम्बन्धित निकायमा दर्ता भएका सम्पूर्ण सार्वजनिक संस्थाहरु, शैक्षिक संस्था अर्न्तगत स्कूल, क्याम्पस, प्राज्ञिक संस्था आदि, धार्मिक संस्था, अनाथालय, वृद्धाश्रम, ब्यारेक, ट्रष्ट आदि अनुदानका लागि योग्य हुनेछन ।

८१. प्रविधिहरूको स्तरीकरण(१)पालिका आफैँले वा तेस्रो पक्षको रुपमा रहको विज्ञमार्फत विभिन्न संस्थाहरूको आवश्यकता अनुरूप सक्षम तथा उपयुक्त चुलोको डिजाइन लगायतको स्तरीकरण गर्न लगाउनेछ ।

(२) पालिकाले वैकल्पिक रुपमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा प्रमाणित भइसकेका (एचयखभल) मोडल समेतलाई आवश्यक कागजात प्राप्त भएका आधारमा स्वीकृत गर्न सक्नेछ ।

(३)प्रविधिको आपूर्ति तथा जडानसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

(क) संस्थाहरुको छनौटका लागि पालिकाद्वारा सार्वजनिक सूचना जारी गरी आवेदन आह्वान गरिनेछ ।

(ख) पालिकाबाट उपयुक्त संस्थाको पहिचान, छनौट र आवश्यकता पहिल्याई सम्बन्धित संस्थाहरुको आवश्यकता (खाना पकाउने तथा कोठा तताउने) लाई मध्यनजर गर्दै चुलोको विस्तृत डिजाइन र प्राविधिक स्फेसिफिकेशनलाई अन्तिम रुप दिइनेछ ।

(ग) पालिकाले एउटा संस्था वा विभिन्न संस्थाहरूको लागि चाहिने प्रविधि तथा सेवाको सामूहिक खरीदगर्न दक्ष तथा उपर्युक्त प्रविधिका आपूर्ति तथा जडान गर्ने कार्यका लागि खुल्ला बोलपत्र आह्वान कार्य खरीदऐन तथा नियमावलीअनुसार गर्नेछ ।

(घ) आपूतिकर्ताको छनौटपश्चात पालिका, आपूर्तिकर्ता तथा संस्थाबीचको त्रिपक्षीय सम्झौता गरी आपसी काम, कर्तव्य र जिम्मेवारी किटान गरिनेछ र आर्थिक उत्तरदायित्व पनि सोही अनुरुप हुनेछ ।

(ङ) छनौट भएका आपूर्तिकर्ताहरूबाट पालिकाले तय गरेको स्पेसिफिकेशनका आधारमा प्रविधिहरूको आपूर्तिरजडान गरिनेछ र निजहरुले कम्तीमा एक बर्षसम्म बिक्रीपछिको सेवा उपलब्ध गराउनु पर्नेछ ।

८२. अनुदानको दाबी र भुक्तानी:संस्थागत सुधारिएको चुलो अन्तर्गतको अनुदानको दाबी र भुक्तानी देहाय बमोजिम हुनेछ :

(क) छनौट भएका आपूर्तिकर्ताले पालिकाले निर्दिष्ट गरेको ढाँचाबमोजिम अनुदान फाराम भरी संस्थाको तर्फबाट अनुदानको दाबी गर्नु पर्नेछ ।

(ख) आपूर्तिकर्ता स्वयं अनुदान फाराम विवरण भर्न तथा सो फाराममा भएका विवरण तथा कागजातहरू पालिकाको व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्क प्रणालीमा दर्ता गर्न जिम्मेवार हुनु पर्नेछ ।

(ग) आवश्यक सबै कागजात सहित अनुदान फाराम पेश गरिसकेपछि पालिकाले मूल्याङ्कन गरी९५ प्रतिशत अनुदान रकम निकासा गर्नेछ । बाँकी पाँच प्रतिशत रकम आपूर्तिकर्ताले दिने बिक्रीपछिको सेवाको प्रत्याभूतिका लागि राखिनेछ र अनुगमन प्रतिवेदन पालिकाबाट स्वीकृत भएपश्चात् उक्त रकम फुकुवा गरिने ।

८३. अनुगमन : जडान भएका शत प्रतिशत प्रविधिहरूको अनुगमन पालिकाबाट जडान सम्पन्न भएपश्चात् एक बर्षभित्र सम्पन्न गरिनेछ ।

८४. दण्ड जरिवाना :(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीआपूर्तिकर्तालाई विचलनको आधारमा दण्ड जरिवाना लगाइनेछ ।

(२) विस्तृत विचलनको विवरण तथा जरिवाना पालिका, आपूर्तिकर्ता तथा संस्थाबीच भएको त्रिपक्षीय सम्झौता बमोजिम हुनेछ ।

तापीय ऊर्जाको प्रयोजनका लागि ग्यासिफायर प्लान्टः

८५. तापीय ऊर्जाको प्रयोजनका लागि ग्यासिफायर प्लान्टको अनुदानका लागि योग्य हुनेः तापीय ऊर्जाको प्रयोजनको लागि ग्याँसिफायर प्लान्ट अर्न्तगतको अनुदान प्राप्त गर्न कानूनी रुपमा दर्ता भएका सबै किसिमका लघु साना तथा मझौला व्यवसायहरू योग्य हुनेछन् ।

८६. अनुदान परिचालन प्रक्रियाःतापीय ऊर्जाको प्रयोजनको लागि ग्यासिफायर प्लान्ट अर्न्तगतको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) पालिकाको स्वीकृत डिजाइन अनुरुप ग्यासिफायर प्रणालीलाई कृषिजन्य वस्तुको प्रशोधन गर्न तापीय प्रयोजनका लागि अनुदान दिइनेछ ।

(ख) पालिकाबाट इच्छुक र योग्य लघु साना तथा मझौला व्यवसायबाट आवेदन आह्वान गरी प्रणाली जडान गर्नका लागि आयोजनाहरूको पहिचान गरिनेछ ।

(ग) पालिकाले खरीद ऐन तथा नियमावलीबमोजिम आवेदन आह्वान गरी सम्भाव्यता अध्ययन गराउनेछ ।

(घ) सम्भाव्यता अध्ययन प्रतिवेदनबमोजिम प्राविधिक समिक्षा समितिले सम्भाव्य आयोजनाको स्वीकृती दिई योग्य निवेदकलाई प्रणाली जडानका लागि सशर्त स्वीकृती प्रदान गर्नेछ ।

(ङ) पालिका आफैँ वा सार्वजनिक संस्थाले वस्तु तथा सेवाको खरीद ऐन तथा नियमावलीअनुसार गर्नु पर्नेछ ।

(च) निजी लघु साना तथा मझौला व्यवसायहरूले स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदन अनुरुप आफैँले खरीद ऐन तथा नियमावली अनुसार ग्याँसिफायर प्लान्ट खरीदतथा जडान गर्न सक्नेछन् ।

(छ) जडान कार्य गर्दा सम्पूर्ण प्राविधिक आवश्यकता र सामान तथा कार्यको गुणस्तर पालिकाद्वारा स्वीकृत प्राविधिक मापदण्ड र निर्देशिकाबमोजिम हुनुपर्नेछ ।

(ज) छनौट भएको जडानकर्ता कम्पनी, संस्था वा व्यवसायी र पालिकाबीच त्रिपक्षीय सम्झौता गर्नु पर्नेछ ।

(झ) जडानकर्ताले ग्यासिफायर प्लान्ट सफलतापूर्वक जडान गरिसकेपछि पालिकाले तोकेको ढाँचामा अनुदान फाराम तथा कार्य सम्पादन प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्नेछ ।

(ञ) पालिका आफैँ वा वा स्वतन्त्र परीक्षण तथा हस्तान्तरण परामर्शदाताबाट परीक्षण तथा हस्तान्तरणको कार्य गरिनेछ ।

(ट) जडित प्लान्टको कार्य सम्पादन स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदन अनुरुपको भएको पाइएमा पालिकाले ९५ प्रतिशत अनुदान रकम भुक्तानी गर्नेछ ।

(ठ) बाँकी पाँच प्रतिशत रकम आपूर्तिकर्ताले दिने बिक्रीपछिको सेवाको प्रत्याभूतिका लागि राखिनेछ र पालिकाबाट अनुगमन प्रतिवेदन स्वीकृत भएपश्चात सो रकम फुकुवा गर्नेछ ।

८७. अनुगमन तथा मूल्याङ्कन:पालिकाले आफैँ वा तेस्रो पक्षमार्फत शत प्रतिशत जडित प्रणालीको अनुगमन गर्नेछ । पालिकाले गुनासो वा प्रतिवेदनको आधारमा आवश्यकताअनुसार अनुगमन तथा सुपरीवेक्षण पनि गर्न सक्नेछ ।

८८. दण्ड जरिवाना:(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीअनुगमनको क्रममा जडान गरिएको प्रणालीमा तोकिएको मापदण्डअनुसार भएको नपाइएमा, अन्य कुनै प्राविधिक त्रुटी वा समस्या देखिएमा वा संरचना सुधार गर्नुपर्ने भएमा जडानकर्ता कम्पनी र संस्थालाई सूचित गरिनेछ ।

(२) जडानकर्ता कम्पनीले उपकरणको मर्मत वा परिवर्तन उपभोक्तालाई आर्थिक भार नपर्ने गरी गर्नु पर्नेछ ।

(३) सम्झौताबमोजिम कार्य नभएमा निर्माणकर्तालेतिर्नुपर्ने क्षतिपूर्ति पालिका, आपूर्तिकर्ता र उपभोक्ताबीच भएको त्रिपक्षीय सहमति बमोजिमेछ ।

पाँच किलोवाटदेखि १००किलोवाटसम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजना सम्बन्धमाः

८९. अनुदानका लागियोग्य हुनेः पाँच किलोवाटदेखि १००किलोवाटसम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजनाको अनुदानको लागि अन्य माध्यमद्वारा विद्युतीकरण नभएका (घरेलु प्रविधिबाहेक) तर प्रचुर मात्रामा जैविक ऊर्जाको स्रोतको सम्भावना रहेका ग्रामीण क्षेत्र, वडा वा वस्तीमा पालिकाले तोकेको प्राविधिक मापदण्ड पूरा गरी जडान गरिएका प्रणालीलाई योग्य मानिनेछ ।

(२) यस खण्ड बमोजिमको सेवा तथा वस्तुको खरीद प्रक्रिया यदि स्थानीय तहको खरिद नियमावली स्वीकृत भएको भए सोहि बमोजिम र स्वीकृत नभएको भए नेपाल सरकारको सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ ।

९०. अनुदान परिचालनप्रक्रियाः(१) पाँच किलोवाटदेखि १०० किलोवाटसम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजनाको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) उपभोक्ता समिति वा ऊर्जा सेवा कम्पनीद्वारा विद्युतीकरण गर्न सकिनेछ ।

(ख) पालिकाले तोकेको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदनसहित आयोजनाले तोकेको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

(ग) आयोजनाले पेश गरेको निवेदन तोकेको आवश्यक मापदण्डबमोजिम भए नभएको मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरण प्राविधिक मूल्यांकनरपुनरावलोकन समितिरउपसमितिले सिफारीसका साथ पालिकामा पठाउनु पर्नेछ ।

(घ) पालिका समक्ष माग भई आएका आयोजनाहरूमध्ये उपलब्ध स्रोतको आधारमा उपयुक्त आयोजनाहरूको छनौट गरी विस्तृत सम्भाव्यता अध्ययन पालिकाबाट खरीद ऐन तथा नियमावलीअनुसार प्रतिस्पर्धाका आधारमा गराइनेछ ।

(ङ) निजी निर्माणकर्ता स्वयंले आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहेमा पालिकाबाट आर्थिक सहयोग प्राप्त हुने छैन र निजीकर्ता स्वयंले सो अध्ययनको खर्च व्यहोर्नु पर्नेछ ।

(च) जैविक ऊर्जा सम्बन्धीबिषयगत प्राविधिक कार्य समूहमितिबाट विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनलाई जाँच गरी सम्भाव्य आयोजनालाई स्वीकृत गर्नेछ ।

(छ) स्वीकृत सम्भाव्य आयोजनाहरूको जानकारी आयोजना निर्माणकर्तालाई गराइनेछ ।

(ज) आयोजना निर्माणकर्ताले खरीद प्रक्रियामा प्रतिस्पर्धा गर्नु अगाडि शतप्रतिशत लगानीको सुनिश्चितता गर्नु पर्नेछ,

(झ लगानीको सुनिश्चित गर्दा समुदायको आर्थिक संलग्नता (नगदरजिन्सी), अन्य सरकारी निकायको आर्थिक सहयोग र गैरसरकारी निकाय तथा व्यक्तिगत सहयोगतथा ऋण आदिबाट समेत हुनसक्नेछ ।

(ञ) निजी निर्माणकर्ताहरुले आफैँले खरीद ऐन तथा नियमावलीअनुसार खरीद तथा जडान गर्न सक्नेछन् । त्यसरी जडान कार्य गर्दा सम्पूर्ण प्राविधिक आवश्यकता र सामान तथा कार्य पालिकाद्वारा स्वीकृत प्राविधिक मापदण्ड र निर्देशिका बमोजिम हुनुपर्नेछ ।

(ट) पालिकाले अनुदानका मापदण्ड पुरा गरिसकेका आयोजनालाई अनुदान प्रदान गर्नेछ । उक्त अनुदानको वितरण भुक्तानी प्रक्रिया कार्यतालिका अनुरुप गरिनेछ ।

(ठ) आयोजना निर्माणकर्ता र जडानकर्ता कम्पनीले कार्य सम्पन्न भएको प्रतिवेदन, ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण भएको मिति तथा समय जानकारी पालिकामा सम्झौता अनुरुप पेश गर्नु पर्नेछ ।

(ड) आयोजना सम्पन्न भई शत प्रतिशत घरहरूसम्म विद्युत् जडानको सुनिश्चितता भएपछि जडानकर्ता कम्पनी, आयोजना निर्माणकर्ता र पालिकाका प्रतिनिधिहरूको उपस्थितिमा विद्युत् उत्पादन परीक्षण तथा हस्तान्तरण कार्य गर्नुपर्नेछ । जडानकर्ताको

दायित्वबाहेक अन्य कारणले गर्दा उक्त कार्य नभएको खण्डमा भने विद्युत् उत्पादन परिक्षण तथा हस्तान्तरण कार्य रोकिनेछैन ।

(ढ) दोस्रो किस्ताको भुक्तानीअघि नै ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण प्रतिवेदन पालिकाबाट स्वीकृत हुनुपर्नेछ ।

(ण) पालिका वा तेस्रो पक्ष परामर्शदाताले ऊर्जा उत्पादन परीक्षण तथा हस्तान्तरण भएको एक बर्षेपछि आयोजना निर्माणकर्ता र जडानकर्ताको रोहवरमा प्रत्याभूति जाँच गरी सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) यस खण्ड बमोजिमको सेवा तथा वस्तुको खरीद प्रक्रियानेपाल सरकारको सार्वजनिक खरिद ऐन र स्थानीय तहको खरिद नियमावली बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम स्थानीय तहको खरीद नियमावलीलागू नभएको भए नेपाल सरकारको सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ ।

९१. भुक्तानीको कार्यसूची :सामान खरिद प्रक्रियामा अनुदानको भुक्तानी कार्यसूची, उपलब्धी विवरण, किस्ता वापतको भुक्तानीको प्रतिशतदेहाय बमोजिम हुनेछ :

क्र.सं.	**उपलब्धी**	**किस्तावापतको भूक्तानी प्रतिशत**	**कैफियत**
१	अग्रिम परिचालन : सम्झौतापत्रमा हस्ताक्षर र बैंक प्रत्याभूति पेश गरेपछि	२० प्रतिशतसम्म	
२.	पहिलो किस्ताको भुक्तानी : निर्माण स्थलसम्म सम्पूर्ण सामान र उपकरण पुऱ्याए पछि: निर्माण स्थलसम्म इलेक्ट्रो मेकानिकल तथा ट्रान्समिसन डिस्ट्रीब्युसन	७५ प्रतिशतसम्म	

	उपकरणहरू पुऱ्याएको प्रतिवेदन प्राप्त भएपछि		
२.	दोश्रो किस्ताको भुक्तानी ऊर्जा उत्पादन परीक्षण तथा सञ्चालन कार्यपश्चात : निर्माण सम्पन्न तथा ऊर्जा उत्पादन परीक्षण तथा संचालन प्रतिवेदन स्वीकृती पश्चात	९५ प्रतिशत सम्म	
३	तेश्रो अर्थात अन्तिम किस्ता भुक्तानी: १ बर्षे प्रत्याभूति जाँच प्रतिवेदनको स्वीकृतीपश्चात्	बाँकी ५ प्रतिशत	

९२. किलोवाट घण्टा (पध्ज) **अनुसारको अनुदान परिचालनः** किलोवाट घण्टा अनुसारको अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) जसको स्वामित्वको आयोजना भएतापनि निर्माणकर्ता स्वयंले आयोजनाको खरीद प्रक्रिया गर्नु पर्नेछ ।

(ख) आयोजनाको किलोवाट घण्टा, ऊर्जा बिक्री गर्ने व्यापार योजना तथा किलोवाट घण्टा मूल्यलाई जैविक ऊर्जा सम्बन्धीबिषयगत प्राविधिक कार्य समूहरसमितिबाट स्वीकृत गर्नु पर्नेछ ।

(ग) अनुदानको भुक्तानी चौमासिक रुपमा उत्पादित ऊर्जाको रिडिङ किलोवाट घण्टाको आधारमा पाँच बर्षेसम्म गरिनेछ ।

(घ) अनुदानको लागि योग्य किलोवाट घण्टा ऊर्जा बिक्रीलाई पालिका वा परामर्शदाताले पालिकाले तोकेको मापदण्ड अनुसार प्रमाणित गर्नु पर्नेछ ।

(ङ) पालिका वा परामर्शदाताबाट प्रमाणित गरेको उत्पादित ऊर्जा बिक्रीको आधारमा अनुदान रकम भुक्तानी गर्नु गर्ने छ ।

९३. अनुगमन तथा मूल्याङ्कन :पाँच किलोवाटदेखि १००किलोवाटसम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजनाको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम गरिनेछः

(क) सञ्चालित सामुदायिक प्रणालीको शत प्रतिशत अनुगमन पालिका आफैँ वा स्वतन्त्र परामर्शदातामार्फत गरिनेछ ।

(ख) पालिकाले बिक्री रजडानपश्चातको सेवाको अनुगमन गर्नेछ ।

(ग) उपकरणहरू छुट्टाछुटै वा सम्पूर्ण प्रणालीको प्रत्याभूति अवधि निर्धारण जडानकर्ता कम्पनी, उपभोक्ता तथा पालिकाबीच भएको सम्झौता बमोजिम हुनेछ ।

९४. दण्ड जरिवानाः(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीपाँच किलोवाटदेखि १००किलोवाटसम्मको जैविक ऊर्जा विद्युतीकरण आयोजनाको सन्दर्भमा गरिने जरिवाना देहाय बमोजिम हुनेछ :

(क) ऊर्जा उत्पादन तथा घरधुरी प्रमाणीकरणको समयमा उत्पादित विद्युत् क्षमता प्रतिबद्धता गरिएको भन्दा कम परिमाणमा भएको पाइएमा अनुदान रकमको बाँकी किस्ताबाट प्रति किलोवाट घटेको आधारमा पालिकासँग सम्झौता गरेको प्रति किलोवाटको दरले बाँकी किस्ताबाट अनुदान घटाइनेछ ।

(ख) प्रत्याभूतिको अवधिमा प्रणालीको संरचनामा (इलेक्ट्रिकल तथा मेकानिकल उपकरण) कुनै खराबी तथा सुधारको आवश्यकता देखिएमा उक्त जानकारी निर्माणकर्ता तथा जडानकर्तालाई गराउनुपर्नेछ ।

(ग) निर्माणकर्ता वा जडानकर्ताले कुनै पनि आर्थिक भार उपभोक्तालाई नपर्ने गरी सो खराबीको मर्मत तथा सुधार गर्नु पर्नेछ ।

(घ) उपखण्ड (ग) बमोजिम खराबीको मर्मत गर्न निर्माणकर्ताबाट जवाफ नआएमा अन्तिम किस्तामा रहेको बाँकी अनुदान रकमबाट घटाइनेछ ।

(ङ) उपखण्ड (घ) बमोजिमको रकम अपर्याप्त भएमा सोही प्रकृतिको अन्य आयोजनाको अनुदान रकमबाट कट्टा गरी उक्त खराबीको मर्मत सम्भार गरिनेछ ।

च. वायु ऊर्जा र सौर्य–वायु ऊर्जा मिश्रित प्रणाली सम्बन्धमा :

९५. अनुदान प्राप्त गर्न योग्यता : (१) वायु ऊर्जा र सौर्य–वायु ऊर्जा मिश्रित प्रणालीको अनुदान प्राप्त गर्न देहाय बमोजिमको योग्यता पूरा भएको हुनुपर्नेछ ।

(क) वायु वा सौर्य वायु मिश्रित प्रणालीको माध्यमबाट सामुदायिक विद्युतीकरणको लागि योग्य हुन समुदायमा राष्ट्रिय प्रसारण लाईन वा अन्य सामुदायिक विद्युत् प्रणालीबाट विद्युतीकरण नभएको,

(ख) मिनी ग्रीडमा आधारित वायु र सौर्य वायु मिश्रित आयोजनामा वित्तीय स्रोतको सुनिश्चितता प्रणाली जडानको लागि कम्पनी छनौट भई सम्झौता हुनुपूर्व नै निश्चित भएको ।

(२) वायु वा सौर्य वायु मिश्रित आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन वायुरसौर्य ऊर्जा तथ्याङ्क विश्लेषण वायुरसौर्य ऊर्जा तथ्याङ्क प्रणाली वा स्याटेलाइटबाट प्राप्त द्वितीय तथ्याङ्क अध्ययनमा आधारित रही गर्नुपर्नेछ ।

(३) अनुदान आवेदन फाराम, विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन, स्रोत तथ्याङ्क आधार पालिकाले तोकिएको ढाँचामा पेश गर्नु पर्नेछ ।

९६. अनुदानपरिचालन प्रक्रियाःवायु ऊर्जा र सौर्य वायु ऊर्जा मिश्रित प्रणालीको अनुदान परिचालन प्रक्रिया तथा मापदण्डहरुदेहाय बमोजिम हुनेछ :

(क) आयोजनाको पहिचान तथा पूर्व सम्भाव्यता अध्ययन पालिकाले स्वयं वा स्वतन्त्र परामर्शदाताबाट गरिनेछ ।

(ख) पूर्व सम्भाव्यता अध्ययनबाट सिफारीस भएका आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणलगायत (आवश्यक भएमा) विस्तृत सम्भाव्यताको अध्ययन पालिका वा स्वतन्त्र परामर्शदाताबाट गरिनेछ ।

(ग) निर्माणकर्ताले आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन स्वतन्त्र रुपमा पालिकाको मापदण्ड बमोजिम गर्न सक्नेछन् ।

(घ) सौर्य(वायु सम्बन्धीबिषयगत प्राविधिक कार्य समूहरसमितिबाट आयोजनाको जाँच गरी प्राविधिकरस-शर्त स्वीकृती दिइनेछ ।

(च) आयोजनालाई ऋण आवश्यक पर्ने भएमा ऋणको पूर्व स्वीकृती आयोजना स्वीकृत हुनुअघि नै हुनुपर्नेछ ।

(छ) वायु रसौर्य वायु प्रणालीको प्राविधिक मापदण्ड आयोजनाको स्वीकृत बोलपत्र कागजातमा उल्लेख भएको गुणस्तरसँग मेल खानु पर्नेछ ।

(ज) आयोजना निर्माणकर्ताले आफ्नो तर्फबाट हुने वित्तीय योगदानको सुनिश्चितता सम्बन्धित कागजातसहित आयोजना स्वीकृत हुनुअघि कार्य विधिको दफा ७.३.३ (ग) अनुसार उपलब्ध गराउनु पर्नेछ ।

(झ) पालिकाले खरीद ऐन तथा नियमावली वा सरकार र विकास साझेदारबीचको सम्झौताबमोजिम सूचना आह्वान गर्नेछ ।

(ञ) आयोजना निर्माणकर्ताले स्वीकृत कागजातको साथमा अनुदान निवेदन फाराम, बोलपत्र कागजात, आयोजनाको लागत मूल्य, मूल्याङ्कन प्रतिवेदन तथा उपभोक्ताको योगदानको सुनिश्चतता देखिने प्रमाणसहितका कागजातहरु पालिकामा बुझाउनु पर्नेछ । प्राप्त सिफारिस अनुसार पालिकाले आयोजनाको स्वीकृत गर्नेछ ।

(ट) अतिरिक्त अनुदानको लागि उपभोक्ता समूहको लक्षित समूहबाट पालिकामा निवेदन दिनुपर्नेछ । सरकारले जारी गरेको परिचयपत्र वा सम्बन्धित वडा कार्यालय, गरिबी निवारण कोष आदिले जारी गरेको सिफारिस पत्र लक्षित समुदायलाई अतिरिक्त अनुदान प्रदान गर्न पहिचान गर्ने आधार हुनेछन् ।

(ठ) लाभान्वित (उपभोक्ता समिति) र छनौट भएका कम्पनी साक्षीको रुपमा रहने गरी उपकरणको आपूर्ति, परिचालन, जडान, परीक्षण तथा हस्तान्तरण, सञ्चालन र मर्मत कार्य सम्पन्न गर्न

सम्झौता गरिनेछ । भ्क्रृइ (ऊर्जा प्रदायक कम्पनी) मोडेलको हकमा पालिका र भ्क्रृइ बीच सम्झौता गरिनेछ ।

(ड) ठेकेदार र पालिकाबीच भएको सम्झौतापत्र बमोजिमको भुक्तानी गरिनेछ ।

(ढ) अनुदान रकम अग्रिम भुक्तानी गरेको खण्डमा भुक्तानी रकम बाँकी दिनुपर्ने किस्ता रकममा घटाई दिइने छ ।

(ण) बैंक प्रत्याभूतिको रकम कार्य सम्पादन सुरक्षा सञ्चालन र मर्मत वा प्रत्याभूति अवधि सफलतापूर्वक समापन गरेपछि मात्र फुकुवा गरिनेछ ।

(त) परामर्श सेवा खरीदको हकमा पालिका र परामर्शदाता बीचमा भएको सम्झौताबमोजिम भुक्तानी दिइनेछ ।

(थ) पावर हाउस र प्रणाली जडान गर्नका लागि आवश्यक जग्गा निवेदकले कानुनी रुपमा मिलाउनु पर्नेछ ।

(द) वायु ऊर्जा र सौर्य वायु मिश्रित प्रणालीको परीक्षण तथा हस्तान्तरणको कार्य पालिका, सम्बन्धित कम्पनी र समुदायको उपस्थितिमा गरिनेछ ।

(ध) आयोजनाको कार्य सम्पन्न भइसकेपछि जडान गर्ने कम्पनीले कार्य सम्पादन प्रतिवेदन बुझाउनु पर्नेछ ।

(न) पालिकाले आफू समक्ष प्राप्त भएको प्रतिवेदनको सौर्य(वायु सम्बन्धीबिषयगत प्राविधिक कार्य समूहरसमितिबाट मूल्याङ्कन तथा अध्ययन गर्नु पर्नेछ र स्थलगत सुपरीवेक्षण गरी उपयुक्त देखिएमा सम्बन्धित कम्पनीलाई भुक्तानी दिइनेछ ।

(प) जगेडा रकम (सम्झौता रकमको पाँच प्रतिशत) कोष कम्तीमा एक बर्षको लागि धरौटीको रुपमा बिक्रीपछिको सेवाको लागि राखिनेछ ।

(फ) पालिकाबाट स्थलगत अनुगमन गर्दा उपभोक्ताले आयोजनाको सञ्चालनसन्तोषजनक रुपमा बिनाकुनै झन्झट गरेको प्रमाणित गरेपछि मात्र सम्बन्धित कम्पनीलाई उपखण्ड (प) बमोजिमको कोषको रकम उपलब्ध गराइनेछ ।

९७. अनुगमन सम्बन्धी व्यवस्थाः (१) वायु ऊर्जा र सौर्य वायु ऊर्जा मिश्रित प्रणालीको अनुगमन प्रक्रिया, प्रणाली तथा संयन्त्र देहाय बमोजिमहुनेछ :

(क) पालिकाले जडान भएका प्रणालीहरुको अनुगमन आफैँ वा स्वतन्त्र परामर्शदाताबाट गराउनेछ ।

(ख) जडान गरिएका प्रणालीहरूको शतप्रतिशत रुपमा प्रणालीको अनुगमन गरिनेछ ।

(ग) नवीकरणीय ऊर्जा परीक्षण केन्द्रले पालिकाको आग्रहमा समय समयमा जाँच र परीक्षण गर्न सक्नेछ ।

(घ) लाभान्वित (उपभोक्ता समिति) वा पालिकाले (उपभोक्ता समितिको तर्फबाट) गुणस्तरीय कार्य र स्वीकृत कार्य सुनिश्चितताका लागि पूर्व सम्झौता, खरीदप्रक्रिया, प्राविधिक विशिष्टीकरण र मापदण्डको प्रमाणीकरण गर्नेछ ।

(ङ) पालिकाले जडानपछिको सेवाको अनुगमन गर्नेछ । छुट्टाछुटै उपकरणहरू र सम्पूर्ण प्रणालीको प्रत्याभूति अवधि निर्धारण निर्माणकर्ता तथा पालिकाबीचको सम्झौता बमोजिम हुनेछ ।

(च) प्रत्याभूतिको अवधि समाप्त भएपछि जडित प्रणालीको स्थलगत अनुगमन स्वतन्त्र परामर्श सेवाप्रदायक वा तेस्रो पक्षबाट नमूनाको आधारमा गराइनेछ ।

(छ) गुनासोमा आधारित अनुगमन कार्य जुनसुकै माध्यमबाट प्राप्त भएको गुनासोको सम्बोधन गर्नको लागि गरिनेछ ।

(ज) आयोजना कार्यान्वयन भएको तीन बर्षेपश्चात प्रभाव अध्ययन वा उपभोक्ता सर्वेक्षणको आधारमा आयोजना प्रभाव मूल्याङ्कन गरिनेछ ।

९८. दण्ड तथा जरिवानाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (घ) को अधिनमा रहीयस खण्ड बमोजिम दण्ड जरिवाना गर्दा देहाय बमोजिम हुनेछः

(क) ठेकेदार वा परामर्शदातालाई दण्ड तथा जरिवाना पालिका र ठेकेदार वा परामर्शदाताबीच भएको सम्झौताबमोजिम गरिनेछ ।

(ख) अनुगमनको क्रममा पाइएका सामान्य त्रुटी समाधान गर्न ठेकेदार वा परामर्शदाता दुबैका लागि एकपटक मात्र अवसर दिइनेछ ।

(ग) परामर्शदाता, ठेकेदार र पालिकाका प्रतिनिधिहरुले संयुक्त रुपमा विवादको प्रमाणीकरण र समाधान गर्न सक्नेछन् ।

(घ) त्रुटी सच्याउन नसक्ने र पालिकाको मापदण्ड बमोजिमको कार्य नगर्ने ठेकेदार वा परामर्शदातालाई प्रचलित नियमानुसार कारबाही हुनेछ ।

छ..उत्पादनमूलक ऊर्जा प्रयोग सम्बन्धमा

९९. अनुदानका लागि योग्य हुने : (१)उत्पादनमूलक ऊर्जा प्रयोगअन्तर्गत अनुदान प्राप्त गर्नको लागि प्रचलित कानूनबमोजिम दर्ता भएका लघु, साना र मझौला उद्योगहरुले तापीय, विद्युत् र यान्त्रिक प्रयोगको लागि केन्द्रीय विद्युतीय प्रसारण लाइनमा नजोडिएका नवीकरणीय ऊर्जाका प्रविधिहरु प्रयोग गरिरहेको हुनुपर्नेछ ।

(२) आफ्नो दक्षता बढाउन तथा सेवा विस्तार गरी अतिरिक्त महशुल र रोजगारीमा वृद्धि गर्न सहयोग पुऱ्याएका लघुरसाना जलविद्युत् आयोजनाहरु समेत अनुदानको लागि योग्य हुनेछन् ।

१००. संस्थागत व्यवस्था : समुदायमा आधारित ग्रामिण विद्युतीकरण परियोजनाहरुमा उत्पादनमूलक ऊर्जा प्रयोगको संस्थागत व्यवस्था देहायअनुसार हुनेछ :

(क) समुदायमा आधारित लघु तथा साना ग्रामीण विद्युतीकरणपरियोजनारहेको स्थानहरुमा उत्पादनमूलक ऊर्जा प्रयोगका लागि सामुदायिक आर्थिक विकास समिति निर्माण गर्नु पर्नेछ,

(ख) प्रहरी ब्यारेक, स्वास्थ संथा, शैक्षिक संस्थाजस्ता संस्थागत नवीकरणीय ऊर्जा प्रणालीमा आधारित व्यवसायको लागि व्यवस्थापन समिति निर्माण गर्नु पर्नेछ ।

(ग) राष्ट्रिय सेवा प्रदायक वा सेवा केन्द्रबाट प्रवर्द्धन गरिने उद्यम व्यवसाय तथा आयआर्जनका सबै कार्यहरु साविककै लघु जलविद्युत् उपभोक्ता समितिमार्फत सम्पन्न गरिनेछ ।

(घ) व्यवसाय विकास सेवाहरु बजार विश्लेषणमा मात्र सिमित नरही व्यवसायिक योजना तर्जुमा, व्यवसाय स्थापना तथा स्तरोन्नतिजस्ता कार्यहरुको लागि छनौट गरिएका राष्ट्रिय सेवा

प्रदायक, सेवा केन्द्र वा व्यवसाय विकास सेवा प्रदायकमार्फत समेत गरिनेछ ।

१०१. अनुदान परिचालन (लघु, साना, मझौला उद्योगहरु)का लागि अनुदान परिचालनः उत्पादनमूलक ऊर्जा प्रयोग अन्तर्गत अनुदान परिचालन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) ब्यवशायीले पालिकाद्वारा तोकिएको ढाँचामा व्यावसायिक प्रस्ताव तयार गर्नु पर्नेछ ।

(ख) सामुदायिक आर्थिक विकास समिति वा नवीकरणीय ऊर्जा व्यवस्थापन समितिले व्यवसाय प्रस्तावहरूको आर्थिक पुनरावलोकनको लागि पालिकाको आर्थिक बिकास शाखाअन्तर्गत रहेको उद्दोगर व्यवसाय हेर्ने उपशाखामा सिफारिस गर्नेछ ।

(ग) पालिकाअन्तर्गत रहेको आर्थिक विकास शाखाअन्तर्गत रहेको उद्योगर व्यवसाय हेर्ने उपशाखारएकाइले पेश हुन आएका लघु, साना र मझौला उद्योगका व्यावसायिक प्रस्तावको सम्पूर्ण आर्थिक पक्ष पुनरावलोकन गरी उपयुक्त ठहरिएमा अनुदान रकम निकासाका लागि जलविद्युत, ऊर्जा र सडक बत्तीसँग सम्बन्धितशाखावाइकाइमा सिफारिस गर्नु पर्नेछ ।

(घ) पालिकाको जलविद्युत, ऊर्जा र सडक बत्ती शाखावा नवकिरणीय ऊर्जासँग सम्बन्धित इकाइले अनुदान रकम स्वीकृत गरी शतप्रतिशत अनुदान रकम नवीकरणीय ऊर्जा विकाससँग सम्बन्धित सामुदायिक आर्थिक विकास समिति वा कोष वा व्यवस्थापन समिति वा उद्योगको नाममा रहेको बैंक खातामा जम्मा गरिदिनेछ ।

(ङ) नवीकरणीय ऊर्जा आयोजनासँग सम्बन्धित कोष वा व्यवस्थापन समिति वा सम्बन्धित उद्योगले अनुदान रकम निकासाको लागि कुनै वाणिज्य वा विकास बैंकमा खाता खोल्नु पर्नेछ ।

(च) पालिकाले अनुगमन प्रतिवेदनको रुजु गरी बाँकी १० प्रतिशत अनुदान रकम सामुदायिक आर्थिक विकास समिति वा

नवीकरणीय ऊर्जा व्यवस्थापन समितिको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

१०२. लिफ्ट सिँचाइ सञ्चालन लागि अतिरिक्त योग्यता (१)
लिफ्ट सिँचाइ सञ्चालन गरी अनुदान प्राप्त गर्न प्रचलित सरकारी नियमानुसार दर्ता भएका फर्मरकम्पनी, लघु जलविद्युत् उपभोक्ता समिति, सहकारी वा अन्य सामुदायिक संस्थाहरु योग्य हुनेछन् ।

१०३. अनुदान वितरण प्रक्रियाः लिफ्ट सिँचाइ सञ्चालन कार्यक्रमको लागि अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :
(क) सामुदायिक आर्थिक विकास समिति वा दर्तावाल फर्मरकम्पनी वा लघु जलविद्युत् उपभोक्ता समिति वा सहकारी तथा अन्य सामुदायिक संस्थाले संकलित मागहरुलाई तोकिएको ढाँचामा भरी.. पालिकामा पठाउनु पर्नेछ ।
(ख) प्राप्त मागहरुको सम्भाव्यता अध्ययन प्रतिवेदन (प्राविधिक र आर्थिक) सहितको व्यावसायिक योजना तथा वित्तीय लगानीका स्रोतको प्रमाणसमेतको प्रतिवेदनको तयारी व्यवसाय विकास सेवा प्रदायक वा पालिकाबाट तोकिएबमोजिम गरिनेछ ।
(ग) आर्थिक विकास शाखाअन्तर्गत रहेको उद्योगर व्यवसाय हेर्ने उपशाखाबाट आर्थिक पक्ष र नवीकरणीयजल विद्युत् सम्बन्धीबिषयगत प्राविधिक कार्य समूहरसमितिबाट प्राविधिक पक्षको पुन्नारबलोकन गरी अनुदानको लागि सिफारिस गरिनेछ
(घ) जलविद्युत, ऊर्जा र सडक बत्ती शाखारइकाइबाट सिफारिशको आधारमा व्यवसाय प्रस्तावको स्वीकृतीगरिनेछ ।
(ङ) प्रणाली आपूर्ती तथा जडानका लागि खरीदऐन तथा नियमावालीमा तोकिएको प्रक्रियाअनुसार कम्पनीको छनौट गरिनेछ ।
(च) विकासकर्ताले आवश्यक कागजातसहितको अनुदान माग फाराम स्वीकृतीको लागि पालिकामा पेश गर्नु पर्नेछ ।
(छ) विकासकर्ताले मान्यता प्राप्त वाणिज्य वा विकास वैंकमा व्यवसायको नाममा छुट्टै खाता खोल्नु पर्नेछ ।

(ज) प्रणाली आपूर्ति तथा जडानकर्ता कम्पनीले व्यवसाय स्थापना सम्पन्न भएको प्रतिवेदन (परीक्षण प्रतिवेदन, उद्यमीको सन्तुष्टि पत्र, लघु जलविद्युत् आयोजना समितिको सिफारिस पत्र) पालिकामा पेश गर्नु पर्नेछ । पालिकाले स्वयं वा व्यवसाय विकास सेवा प्रदायक वा तेस्रो पक्षबाट सम्बन्धित व्यवसायको स्थलगत अनुगमन गर्नेछ ।

(झ) कार्य सम्पन्न प्रतिवेदनको स्वीकृतीपश्चात् अनुदान रकम निकासा गरिनेछ ।

१०४. लघु जलविद्युत् आयोजना व्यावसायिक सञ्चालनको लागि अतिरिक्त योग्यताः (१) लघु जलविद्युत् आयोजना व्यावसायिक सञ्चालनको लागि आवश्यक अतिरिक्त योग्यता देहाय बमोजिम रहेको छ :

(क) लघु जलविद्युत् आयोजनाका स्वामित्वकर्ताका रुपमा रहेका उपभोक्ता समिति, सहकारी र विकासकर्ताहरु ।

(ख) वित्तीय अभिलेखहरु (आधिकारीक बार्षिक लेखापरीक्षण र हिसाबकिताबको सार्वजनीकीकरण) पारदर्शी ढंगले व्यवस्थापन गरेका लघु जलविद्युत् आयोजनाहरु ।

१०५. लघु जलविद्युत् आयोजना व्यावसायिक सञ्चालनको लागि अनुदान वितरण प्रक्रिया : लघु जलविद्युत् आयोजना व्यावसायिक सञ्चालनको लागि अनुदान वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) लघु जलविद्युत् आयोजना स्वामित्वकर्ताले तोकिएको ढाँचामा मागहरुको संकलन गरी पालिकामा पेश गर्नु पर्नेछ

(ख) प्राप्त मागहरुको सम्भाव्यता अध्ययन प्रतिवेदन (प्राविधिक र आर्थिक) सहितको व्यावसायिक योजना तथा वित्तीय लगानीका स्रोतको प्रमाण समेतको प्रतिवेदन तयारीको कार्य व्यवसाय विकास सेवा प्रदायक वा पालिकाबाट तोकिए बमोजिम गरिनेछ ।

(ग) आर्थिक विकास शाखाअन्तर्गत रहेको उद्योगर व्यवसाय हेर्ने उपशाखाबाट आर्थिक पक्ष र जल विद्युत् सम्बन्धीबिषयगत प्राविधिक

कार्य समूहरसमितिबाट प्राविधिक पक्षको पुनरावलोकन गरी अनुदानको लागि सिफारीस गरिनेछ ।

(घ) जलविद्युत्, ऊर्जा र सडक बत्ती शाखारइकाइबाट सिफारीसको आधारमा व्यवसाय प्रस्तावको स्वीकृती गरिनेछ ।

(घ) लघु जलविद्युत् आयोजना स्वामित्वकर्ताले व्यवसाय स्थापना सम्पन्न भएको प्रतिवेदन साथै राखी अनुदान रकमको दाबी गर्नु पर्नेछ ।

(ङ) अनुदान रकम दाबी गरिएको व्यवसायको पालिकाले आफैँ वा तेस्रो पक्षबाट अनुगमन गरिनेछ ।

(च) अनुगमन प्रतिवेदनको आधारमा पालिकाले व्यवसायको बैंक खातामा शतप्रतिशत अनुदान निकासा गर्नेछ ।

१०६. लघु जलविद्युत् आयोजना व्यावसायिक सञ्चालनको लागि आवेदनको प्रक्रिया : उत्पादनमूलक ऊर्जा प्रयोगअन्तर्गत लघु, साना र मझौला उद्योग र लिफ्ट सिँचाइ र लघु जलविद्युत आयोजना व्यवसायको लागि अनुदानको लागि आवेदनको प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) लघु,साना र मझौला उद्योगको लागिपालिकाले व्यक्तिगत व्यवसाय प्रस्ताव तथा व्यवसाय स्थापना भएको अनुगमन प्रतिवेदन प्राप्त भएको ३० दिनभित्र अनुदान प्रक्रिया सम्पन्न गर्नेछ ।

(ख) लिफ्ट सिँचाइ र लघु जलविद्युत् आयोजना व्यवसायको लागि माग प्राप्त भएको तीन महिनाभित्रमा व्यावसायिक योजनासहितको सम्भाव्यता अध्ययन गरिनेछ । साथै, सोसँग सम्वन्धित अन्य आवश्यक सीमाहरू करार सम्झौताले निर्देशन गरेबमोजिम हुनेछ ।

१०७. लघु जलविद्युत् आयोजना व्यावसायिक सञ्चालनको अनुगमन प्रणाली:उत्पादनमूलक ऊर्जा प्रयोग अन्तर्गतको अनुगमन प्रणाली देहायबमोजिम हुनेछः

(क) पालिकाको जलविद्युत, ऊर्जा र सडक बत्ती शाखावाइकाइबाट वा नियुक्त गरीएको तेस्रो पक्षबाट व्यवसायको

नयाँ स्थापना वा स्तरोन्नतिपश्चात उद्योग व्यवसायको स्थलगत अनुगमन गरी तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरिनेछ र सोहीअनुरुप अनुदानको रकम प्रवाह गरिनेछ,

(ख) लिफ्ट सिँचाइ र लघु जलविद्युत् व्यवसायको हकमा शत प्रतिशत अनुगमन गरिनेछ । उक्त अनुगमन कार्य अनुदान प्रदान गरेको एकबर्षभित्र गरिसक्नु पर्नेछ ।

१०८. लघु जलविद्युत् आयोजना व्यावसायिक सञ्चालनको अस्वीकृत कार्यमा क्षतिपूर्तिःलघु जलविद्युत् आयोजना व्यावसायिक सञ्चालनको अस्वीकृत कार्यमा क्षतिपूर्ति र दण्ड जरिवाना सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) अस्वीकृत कार्यका लागि देहायका अवस्थामा लिखित दण्ड जरिवाना लाग्नेछ :

(अ) जडान नगरी अनुदान दाबी गरिएमा,

(आ) एकै प्रणालीका लागि दोहोरो अनुदान दाबी गरिएमा,

(इ) अन्य स्रोतबाट पूर्णरुपमा लगानी गरिएको प्रणालीको लागि अनुदान दाबी गरिएमा,

(ई) स्वीकृत भएको भन्दा फरक उपकरण जडान गरिएमा ।

(ख) उल्लेखित मुद्दाहरूको सवालमा अनुदान रकम निकासको लागि सिफारीस गर्ने तेस्रो पक्षीय संस्थालाई जरिवाना गरिनेछ । जरिवाना अनुदान रकमको २०० प्रतिशत हुनेछ ।

(ग) व्यवसाय नवीकरणीय ऊर्जा आयोजनाको सेवा क्षेत्रबाट अन्यत्र सारिएमा (अनुदान निकासा गरिएको एक बर्षे भित्रमा) उद्यमीले प्राप्त गरेको अनुदान पालिकामा फिर्ता गर्नुपर्नेछ ।

(घ) अनुगमन गरेपछि पत्ता लागेका कमजोरी सच्याउन लागि मौका प्रदान गरिनेछ ।

१०९.सामुदायिक आर्थिक विकास समितिः(१)सामुदायिक विद्युत् परियोजना सञ्चालनका लागि स्थानीय तहमा ५ देखि ७ जना

सदस्यहरू रहेको एक सामुदायिक आर्थिक विकास समिति गठन गरिनेछ ।

(२) सामुदायिक आर्थिक विकास समितिमा देहाए बमोजिमका सदस्यहरु रहनेछनः

प्रतिनिधि	पद
स्थानीय उद्यमीमध्येबाट पालिकाले तोकेको एक जना	संयोजक
स्थानीय उद्यमी तथा आय आर्जन गर्ने व्यक्ति मध्येबाट २ देखी ४ जना	सदस्य
लघु जलविद्युत् परियोजनाका प्रतिनिधि मध्येबाट एक जना	सदस्य
लघु जलविद्युत् आयोजनाको व्यवस्थापक वा प्राविधिक वा कोषाध्यक्ष	सदस्य-सचिव

परिच्छेद ९
विविध

११०. व्याख्या : यस कार्यविधिको कार्यान्वयनका सम्बन्धमा कुनै अस्पष्टता, वा द्विविधा उत्पन्न भएमा पालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१११. पुनरावलोकन : (१) दुई बषको अन्तरालभन्दा बढी नहुने गरीपालिकाले आवश्यकता अनुसार कुनै पनि समयमा यस कार्यविधिमा आवश्यक हेरफेर गरी लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको संशोधन तथा हेरफेरको व्यहोरा यस कार्यविधिको अभिन्न अंगको रुपमा रहनेछ ।

११२. दिग्दर्शन, निर्देशका र मापदण्डसम्बन्धी व्यवस्था : (१) यस कार्यविधि बमोजिम अनुदान परिचालन सम्बन्धी आवश्यक निर्देशका वा दिग्दर्शन पालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) प्राविधिक मापदण्ड, सम्भाव्यता अध्ययन, अनुदान आवेदन लगायतका फारामहरू कार्यविधिमा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा नेपाल सरकार वा प्रदेश सरकारले स्वीकृत गरे बमोजिम वा संघीय तथा प्रदेश सरकारसँगको परामर्शमा पालिकाले तोके बमोजिम हुनेछ ।

११३. यसै कार्यविधि बमोजिम भएको मानिने : (१) नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३, ग्रामीण उर्जा नीति, २०६३, नवीकरणीय उर्जा अनुदान नीति, २०७३, नवीकरणीय ऊर्जाको अनुदान वितरण प्रणाली, २०७०, जैविक ऊर्जा रणनीति, २०७३, संस्थागत ऊर्जा प्रणालीको वितरण प्रणाली र अनुदान, २०७० लघु जलविद्युत् कार्यक्रमलाई प्रदान गरिने अतिरिक्त आर्थिक सहायताका लागि अनुदान वितरण प्रणाली, २०७०, शहरी सौर्य ऊर्जा प्रणालीमा अनुदान र ऋण वितरण निर्देशिका, २०७२ र सौर्य सडक उज्यालो कार्यक्रम कार्यान्वयन कार्यविधि, (२०१५) बमोजिम यस अघि पालिकाक्षेत्रभित्र भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) यो कार्यविधि लागू हुनु अगावै निर्माण तथा जडान सम्पन्न भएका नवीकरणीय ऊर्जा प्रणालीहरु यसै कार्यविधि अनुसार निर्माण तथा जडान भए गरेको मानी यसै कार्यविधि बमोजिम निरन्तरता दिइनेछ ।

प्रमाणिकरण मितिः २०७८/०३/२४

आज्ञाले
नेत्र प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत